- **सम्पादकीय**

  सङ्क्रमणकालको व्यवस्थापन २
- **आवरण**

  अन्तरिम संविधानमा हाम्रो संशोधन किन ? - **रघु पन्त** ३
- **राष्ट्रिय राजनीति**

  माओवादीभित्र रहेका गलत विचारहरुका विरुद्ध सङ्घर्ष- **झलनाथ खनाल** ६

  अबको गन्तव्य लोकतान्त्रिक गणतन्त्र - **बेदुराम भुसाल** ९

  बदलिएन माओवादीको व्यवहार - **सूर्य थापा** १०
- **स्मृति**

  जसको वलिदानले जनआन्दोलनको ज्वार ल्यायो १२
- **सरोकार**

  वर्गीय र जातीय आन्दोलनबीचको अन्तर्सम्बन्ध - **पृथ्वीसुब्बा गुरुङ** १३

  समावेशीकरणको सवाल : पिछडिएका वर्ग र जाति - **गोपाल ठाकुर** ३३
- **दृष्टिकोण**

  मधेसी जनआन्दोलनको समीक्षा - **सुरेश कार्की** १६
- **अर्थ**

  नेपालको अर्थतन्त्रमा रेमिट्यान्स आयको भूमिका - **डा. गोविन्दबहादुर थापा** १९
- **बहस**

  मार्क्सवाद र व्यक्तिगत स्वतन्त्रता - **खगेन्द्र प्रसाई** २२
- **विगत**

  नेपालमा कम्युनिस्ट आन्दोलन, संविधानसभा र गणतन्त्र- **लक्ष्मीभक्त उपाध्याय** २४
- **अवधारणा**

  राज्यको पुनःसंरचना र संविधानवादका केही आधुनिक अवधारणा- **युवराज सङ्ग्रौला** २८
- **विश्व**

  आणविक विवादसम्बन्धी सहमति र यसको असर- **राजन भट्टराई** ३१
- **सम्मेलन**

  'खाद्यसम्प्रभुता'का लागि अन्तर्राष्ट्रिय सम्मेलन -**खेम सुवेदी** ३५
- **चिन्तन/मनन**

  संसारलाई केही दिन पहिला आफैं जल्न सक्नुपर्छ- **लक्ष्मण पौडेल** ३६
- **श्रद्धाञ्जली**

  साहित्यकार जनकप्रसाद हुमागाईं - **अमर गिरी** ३८
- **कृति**

  राज्यको पुनःसंरचनासम्बन्धी अत्यन्त उपयोगी पुस्तक ३९

# संक्रमणकालको व्यवस्थापन

जनआन्दोलन विजयको वर्ष दिन पूरा हुने समय नजिकिँदै छ, तर हाम्रो देशको राजनीति अझै पनि सङ्क्रमणकालकै सेरोफेरोमा घुमिरहेछ । ठूला आन्दोलनको सफलतापश्चात एउटा खास कालसम्म अराजकता र सङ्क्रमणको काल रहनु स्वभाविकै हुन्छ । भिन्न-भिन्न मुलुकमा यस्तो भएको पनि छ । तर आन्दोलन समाप्त भएको र राज्य सञ्चालनमा सबै राजनीतिक दलहरुको पूर्ण सहयोग पाएको सरकारले मुलुकमा दश-दश महिनासम्म अराजकता र अन्यौल जीवित राखिरहनु भनेको शासन सञ्चालनको जिम्मेवारी लिएका व्यक्ति र ती व्यक्तिहरुसँगै जोडिएर आउने राजनीतिक दलहरुको अयोग्यताको पनि सूचक हो । सरकारले आफ्नो कार्यकुशलता प्रदर्शन गर्न नसक्नु अन्तिम निष्कर्षमा सरकार असफल हुनु नै हो ।

दुःखका साथ स्वीकार गर्नुपर्छ, बितेका यी दश महिनामा नेपाल सरकारले गरेका कामहरुले जनतालाई सन्तुष्टी दिन सकेनन् । अराजकता, अशान्तिजस्ता विकृतिहरुलाई लोकतान्त्रिक सरकारले समाप्त गर्न सकेन । राज्य सञ्चालनको जिम्मेवारी लिएपछि सरकारले सबैभन्दा पहिले समस्या सङ्कलन गर्नुपर्थ्यो । तिनको समाधानका लागि त्यसले आवधिक योजना बनाउनुपर्थ्यो । तयार पारिएको योजना पूरा गर्न सम्पूर्ण शक्ति खन्याएर काममा आफूलाई समाहित गर्नुपर्थ्यो । तर दुःखको कुरा, लोकतान्त्रिक आचरण अवलम्बन गर्नेगरी राज्य–सञ्चालनको सामग्रिक योजना यो सरकारले बनाउनै सकेन । सरकारी काम कारवाहीहरुमा जताततै हचुवापन देखा परिरह्यो । नाक अगाडि जे आइपर्छ त्यसैलाई सबैभन्दा ठूलो समस्या देख्ने बिमारीबाट सरकार ग्रस्त रह्यो । सरकारको यस्तो कार्यशैलीले हिजो नेपाल सरकारलाई नयाँ लोकतान्त्रिक आचरणमा लैजान सहयोग गर्ने नागरिक समाज, पेशागत एवम् जनवर्गीय सङ्गठनहरु सरकारबाट टाढिँदै जाने अवस्था पैदा भयो । हिजो सात दलको आन्दोलनलाई निःशर्त सहयोग-समर्थन गर्ने जनसमूह पनि क्रमशः दलहरुको कृयाकलापप्रति असन्तुष्टी जनाउन थाल्यो । गएका दश महिना नेपाल सरकारका सफलताका दिन रहेनन् । लोकतान्त्रिक शासन प्रणालीका सन्दर्भमा बितेको समय सकारात्मक सन्देश दिने पनि हुन सकेन ।

आठ राजनीतिक दलहरुको रुपान्तरण पनि जनताले चाहे जसरी हुन सकेन । जनताको भावना बुझेर आफूलाई जनताको मागअनुरुप ढाल्दै लैजानु सबै राजनीतिक दलको प्राथमिक दायित्व भएको थियो । तर तिनले आफूलाई सुधार्ने कामलाई कहिल्यै पनि पहिलो प्राथमिकतामा राखेनन् । संयुक्त सरकारको संरचना फेरि पनि बन्न सकेन । सात दलको भनिएको संयुक्त सरकार, प्रकारान्तरले नेपाली कांग्रेसको नेतृत्वमा चल्ने सरकार बन्न पुग्यो । सात दलका बीचमा सरकार सञ्चालनको कुनै कार्यक्रम बनेन । सरकार सञ्चालन गर्ने पार्टीहरुका बीचमा औपचारिक आचारसंहिता पनि बन्न सकेन । त्यसैले दलहरु बीचको अविश्वासको समाधान खोज्न सकिएन ।

हठ, नेपाली काङ्ग्रेस र नेकपा माओवादीको चारित्रिक विशेषता रहिरह्यो । आफू बाहेकका अरु दलहरुको मर्यादा भङ्ग हुने काम आफूबाट हुनु हुँदैन भनेर ती दुइटै पार्टीले एक दिन पनि सोचेको थाहा पाइएन । लोकतान्त्रिक राजनीति भनेको पारस्परिक विश्वास, आपसी सम्मान र पारदर्शिताको राजनीति हो भन्ने तत्ववोध ती दुई पार्टीमा पलाउनै सकेन ।

# cGtl/d ;+ljwfgdf xfd|f] ;+zf]wg lsg <

' **रघु पन्त**

### १. अन्तरिम संविधानको निर्माण

नेकपा (एमाले), नेपाली काङ्ग्रेस, नेकपा (माओवादी), नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी), नेपाल मजदुर किसान पार्टी र संयुक्त वाममोर्चासहित आठ दलका शीर्ष नेताहरूले २०६३ पुस १ गते हस्ताक्षर गरेर जारी गरेको 'नेपालको अन्तरिम संविधान-०६३' लाई ०६३ माघ १ गते पुनःस्थापित प्रतिनिधिसभाले पारित गऱ्यो र सोही दिन गठित अन्तरिम संसद्ले अनुमोदन गऱ्यो ।

अन्तरिम संविधान मस्यौदा समिति गठन भएदेखि नै त्यो समिति निरन्तर विवादमा पर्दै आयो भने त्यसले बुझाएको मस्यौदाको पनि निकै आलोचना भयो । मस्यौदा समितिले कतिपय कुराहरू खाली राखेर अपूर्ण मस्यौदा सरकारलाई बुझाएको थियो । त्यो अपूर्ण मस्यौदालाई जसरी र जस्तो रूपमा पूर्ण बनाइयो, त्यसको पनि व्यापक आलोचना भयो । आलोचनै-आलोचनाबीच प्रतिनिधिसभामा प्रस्तुत अन्तरिम संविधानमा नेकपा (एमाले) लगायत अन्य दलहरूले समेत संशोधन प्रस्तुत गरेका थिए । प्रधानमन्त्रीले पछि संशोधन गर्ने आश्वासनसहित संशोधन फिर्ता लिन अनुरोध गरेपछि नेकपा (एमाले) लगायत सबै दलहरूले संशोधन फिर्ता लिएका थिए ।

अन्तरिम संसद्बाट पारित भइसकेपछि पनि अन्तरिम संविधानको आलोचना बौद्धिक, राजनीतिक र सञ्चार क्षेत्रबाट निरन्तर भइरह्यो । स्वयम् अन्तरिम संसद्भित्र पनि औपचारिक र अनौपचारिक रूपमा दुवै ढङ्गले संविधानका कमी-कमजोरी औंल्याउने काम निरन्तर जारी रह्यो । अन्तरिम संविधानमा रहेका केही आधारभूत कमी-कमजोरीहरूलाई सच्याउनुपर्ने दबाब सांसदहरूबाट पनि आ-आफ्ना दलहरूमा दिने काम भइरह्यो । फलस्वरूप अन्तरिम संविधान पारित भएको एक महिना नबित्दै नेकपा (माओवादी) सहित व्यवस्थापिका-संसद्मा रहेका सबै दलहरूको प्रतिनिधित्व रहेको 'व्यवस्थापिका-संसद् नियमावली-०६३, मस्यौदा समिति' ले माघ २४ गतेको मितिमा दिएको सर्वसम्मत राय-सुझावमा उल्लेख गरियो :

'नेपालको अन्तरिम संविधान-०६३ को प्रस्तावनामा प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानुनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य र मान्यताप्रति पूर्ण प्रतिबद्धता व्यक्त गरिएकाले व्यवस्थापिका-संसद्प्रति पूर्णरूपमा उत्तरदायी र जवाफदेही सरकारको गठन संविधानको मूल उद्देश्य रहेको स्पष्ट हुन्छ ।

तर व्यवस्थापिका-संसद् नियमावली-०६३ तर्जुमा गर्ने क्रममा संविधानका उल्लेखित मूल्य र आदर्शलाई व्यवहारमा साकार पार्न अत्यावश्यक प्रावधानहरू- सरकारको जवाफदेहिता सुनिश्चित गर्ने विश्वासको मत र अविश्वासको प्रस्तावसम्बन्धी व्यवस्था, राष्ट्रिय आवश्यकतानुरूप सदस्यहरूबाट समावेदन भएमा व्यवस्थापिका-संसद्को अधिवेशन वा बैठक आह्वान गर्ने व्यवस्था, बहुदलीय प्रतिस्पर्धामा विपक्षी दलको भूमिका, समावेशी र सहभागितामूलक लोकतन्त्रको मर्म र भावना अनुरूप शासकीय गतिविधिहरूमा लैङ्गिक मैत्री शब्दावलीहरूको प्रयोग र व्यवस्थापिका-संसद्को महासचिव र सचिवको नियुक्तिलगायतका विषयहरूमा संविधानमा पर्याप्त र प्रभावकारी प्रावधानको अभाव रहेकाले प्रस्तुत विषयलाई के कसरी समेट्न सकिन्छ भन्ने विषयमा समेत बैठकमा विस्तृत छलफल भयो ।

लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित शासन व्यवस्था नियन्त्रण र सन्तुलनको सिद्धान्त अनुसार व्यवस्थापिका-संसद्को भूमिकालाई प्रभावकारी र जनहितकारी बनाउन उल्लेखित प्रावधानहरू संविधानको एक अपरिहार्य कारक विषयवस्तु रहेकामा दुईमत हुन सक्दैन । यसको अभावमा व्यवस्थापिका-संसद्को काम-कारबाही प्रभावकारी, पूर्ण र सार्वभौमसमेत हुन नसक्ने प्रायः निश्चित देखिन्छ । संविधानसँग पनि सम्बन्धित देखिएकाले तत्सम्बन्धी कार्यविधि प्रस्तावित नियमावलीमा समावेश नगरी संविधानमा नै समावेश गर्नु उपयुक्त हुने बैठकको निष्कर्ष रह्यो ।

अतः जनआन्दोलनको भावना र मर्मअनुरूप स्थापित बहुदलीय प्रतिस्पर्धामा लोकतान्त्रिक व्यवस्थालाई जवाफदेही, पारदर्शी र उत्तरदायी बनाई जनहित र राष्ट्रिय हितमा समर्पित गर्न देहायबमोजिमको व्यवस्था यथाशीघ्र उक्त संविधानमा समावेश गर्ने व्यवस्थाका लागि यस सम्मानित सदनको ध्यानाकर्षण गर्ने समितिको निर्णय रहेको छ :

*१. व्यवस्थापिका-संसद्को अधिवेशन नचलेको अवस्थामा विशेष अवस्था परी व्यवस्थापिका-संसद्का कम्तीमा २५ प्रतिशत सदस्यले व्यवस्थापिका-संसद्को विशेष अधिवेशन वा बैठक बोलाउनुपर्ने भनी समावेदन गरेमा सोको एक साताभित्र प्रधानमन्त्रीबाट अधिवेशन आह्वान गर्नुपर्ने व्यवस्थासम्बन्धी विषय ।*

*२. जनप्रतिनिधिमूलक व्यवस्थापिका-संसद्को विश्वास सरकारमाथि कायमै रहेको प्रमाणित गर्नुपर्ने आवश्यकता भएमा प्रधानमन्त्रीबाट व्यवस्थापिका-संसद्को बैठकमा विश्वासको मत प्राप्त गर्नेसम्बन्धी विषय ।*

*३. सरकार जनआन्दोलनको भावना र मर्म प्रतिकूल सञ्चालन भएको लागेमा सरकारलाई व्यवस्थापिका-संसद्को विश्वास छैन भनी निश्चित सङ्ख्याका सदस्यबाट अविश्वासको प्रस्ताव पेस गर्नेसम्बन्धी विषय ।*

*४. व्यवस्थापिका-संसद् र संविधानसभामा गठन हुने समितिहरूमा अध्यक्षता गर्ने पदाधिकारीलाई लैङ्गिक मैत्री शब्दावली अनुरूपकै शब्द अर्थात् सभापति भन्ने शब्दको सट्टा अध्यक्ष भन्ने शब्द प्रयोग गर्ने विषय ।*

*५. व्यवस्थापिका-संसद्को महासचिव र सचिवको नियुक्तिसम्बन्धी विषय ।*

*६. विपक्षी दलसम्बन्धी व्यवस्था प्रस्तुत नियमावलीमा राख्ने वा नराख्ने विषयमा संवैधानिक मर्म र भावनासमेतलाई ध्यानमा राखी बहुदलीय प्रतिस्पर्धाको सिद्धान्तका आधारमा विपक्षी दलसम्बन्धी व्यवस्था नियमावलीमा राख्ने र वर्तमान सङ्क्रमणको अवस्थामा राजनीतिक सहमतिमा मुलुक सञ्चालन गर्नुपर्ने भन्नेलगायतका सन्दर्भमा व्यापक छलफल भयो । अन्तरिम संविधानमा विपक्षी दलसम्बन्धी स्पष्ट व्यवस्था नराखिएको र राजनीतिक सहमतिका आधारमा मुलुक सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरिएको विषयलाई मनन गर्दै अन्तरिम संविधान संशोधनको प्रक्रियाको समयमा उपर्युक्त सम्बन्धमा ध्यानाकर्षण हुनुपर्ने समितिको ठहर रह्यो ।*

*७. सम्वत् २०६३ कात्तिक २२ गते राजनीतिक सहमति कायम गर्ने आठ राजनीतिक दल र व्यवस्थापिका-संसद्मा प्रतिनिधित्व भएका अन्य सबै दलहरूबीच सहमति र सहकार्यको संस्कृति निर्माण गर्दै सोका आधारमा उपरोक्त प्रावधानहरू नेपालको अन्तरिम संविधान-०६३ मा यथाशीघ्र समावेश गरी नेपालको अन्तरिम संविधान-०६३ संशोधन गर्न व्यवस्थापिका-संसद्लाई सहज र सरल वातावरण निर्माणका लागि सम्बन्धित सबैमा व्यवस्थापिका-संसद्, ०६३ मस्यौदा समिति हार्दिक अनुरोध गर्दछ ।'*

माथि उल्लिखित सर्वदलीय 'व्यवस्थापिका-संसद् नियमावली-२०६३ को मस्यौदा समितिले औँल्याएका सुझावहरूमध्येबाटै छानेर र त्यसमा दुईवटा थप गरेर नेकपा (एमाले) ले २०६३ माघ १८ गते सरकारद्वारा प्रस्तुत १. धारा ३८ मा नयाँ दफा ८ राखी क्रम मिलाउने,

८. विश्वास र अविश्वासको प्रस्ताव

क. प्रधानमन्त्रीउपर व्यवस्थापिका-संसद्को विश्वास कायमै छ भन्ने प्रमाणित गर्नुपरेमा प्रधानमन्त्रीबाट व्यवस्थापिका-संसद्का दुईतिहाइ सदस्यहरूको विश्वासको मत प्राप्त गर्नुपर्नेछ ।

(ख) प्रधानमन्त्रीउपर व्यवस्थापिका-संसद्को विश्वास छैन भन्ने लागेमा व्यवस्थापिका-संसद्का एकचौथाइ सदस्यले व्यवस्थापिका-संसद्मा अविश्वासको प्रस्ताव पेस गर्न सक्नेछन् । उक्त प्रस्ताव व्यवस्थापिका-संसद्को दुईतिहाइ बहुमतबाट पारित भएमा प्रधानमन्त्री पदबाट मुक्त हुनेछन् ।

२. धारा ३८ (७) को (ग) लाई (घ) बनाई नयाँ (ग) थप्ने र 'अविश्वासको प्रस्ताव पारित भएमा' भन्ने राख्ने ।

३. धारा ५१ (२) थप गर्ने-

'५१ (२) व्यवस्थापिका-संसद्को अधिवेशन नचलेको अवस्थामा विशेष अवस्था परी व्यवस्थापिका-संसद्का एकचौथाइ सदस्यले व्यवस्थापिका-संसद्को विशेष अधिवेशन बोलाउनुपर्ने भनी समावेदन गरेमा सोको एक साताभित्र प्रधानमन्त्रीबाट विशेष अधिवेशन आह्वान गर्नुपर्नेछ' भनी राख्ने ।

४. धारा ६३ (क) र (ख) लाई पुनःसंयोजन गरी 'संविधानसभाका लागि हुने निर्वाचनमा पूर्ण समानुपातिक निर्वाचन प्रणाली अपनाइनेछ' भनी राख्ने ।

५. धारा १५९ मा (६) थप गर्ने ।

'(छ) राज्यले नेपालको अन्तरिम संविधान-०६३ विपरीतका गतिविधि गरेमा व्यवस्थापिका-संसद्का एकचौथाइ सदस्यले व्यवस्थापिका-संसद्मा महाअभियोगको प्रस्ताव दर्ता गर्न सक्नेछन् । उक्त प्रस्ताव व्यवस्थापिका-संसद्को दुईतिहाइ बहुमतले पारित गरेमा राजा पदबाट मुक्त हुनेछन्' भनी राख्ने ।

६. नयाँ धारा ४६ बनाई क्रम मिलाउने ।

'४६. व्यवस्थापपिका-संसद्मा दल-(१) सरकारमा सामेल भएको र सरकारलाई समर्थन गर्ने दललाई सत्तारुढ दल मानिनेछ ।

(२) सरकारमा सामेल नभएको र सरकारलाई समर्थन पनि नगर्ने दल विपक्षी दल मानिनेछ ।'

माथि उल्लेखित नेकपा (एमाले) द्वारा प्रस्तुत संशोधनका ६ वटा प्रस्तावहरूमध्ये पूर्ण समानुपातिक निर्वाचन प्रणालीसम्बन्धी र राजालाई महाभियोग लगाएर हटाइनेसम्बन्धी संशोधन प्रस्तावबाहेक अन्य संशोधन प्रस्तावहरू 'व्यवस्थापिका-संसद् नियमावली मस्यौदा समिति' द्वारा प्रस्तुत सुझावहरूमा आधारित छ ।

पूर्ण समानुपातिक निर्वाचन प्रणाली नेकपा (एमाले) ले सुरुदेखि लिँदै आएको अडान भएकाले त्यसलाई हामीले छोडेका वा बिर्सेका छैनौँ भनेर पनि हामीले पुनः प्रस्तुत गरेका हौँ ।

जहाँसम्म राजालाई महाभियोग लगाएर हटाइने भन्ने प्रस्ताव छ, त्यो बदलिएको राजनीतिक परिस्थितिमा नयाँ सन्दर्भका साथ देखापरेको विषयवस्तु हो ।

०६१ माघ १९ गते चालेको आफ्नो असंवैधानिक र निरङ्कुश कदमको पक्षपोषण गर्दै ०६३ फागुन ७ गते प्रजातन्त्र दिवसको सन्दर्भमा राजाले दिएको अहङ्कारी, असंवैधानिक र जनआन्दोलनको भावनाविरोधी वक्तव्यले राजा नसुध्रेको मात्र होइन, उनमा आफूले गरेका गल्ती स्वीकार्ने चाहना नरहेको र मौका मिले फेरि सत्ता लिने दाउ रहेको अनुभव देशवासीले गरे । व्यवस्थापिका-संसद्ले पनि राजाको वक्तव्यलाई चुनौतीका रूपमा लिँदै त्यसको कडा आलोचना गऱ्यो । संसद्ले राजाको उक्त वक्तव्यलाई असंवैधानिक र तानाशाही प्रवृत्तिले ग्रस्त रहेको ठहऱ्याउँदै फागुन ९ गते राजालाई कारबाही गर्ने निर्देशनसहितको जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव पारित गऱ्यो । सरकारका मन्त्रीहरूले संसद्को निर्देशन अनुरूप राजालाई कारबाही गर्ने कुरासमेत गरे । तर राजालाई कारबाही गर्नुपर्दा के गर्न सकिन्छ ? कारबाही गर्ने संवैधानिक आधार के छ ? संसद्ले सर्वसम्मत रूपमा राजालाई कारबाही गर्न दिएको निर्देशनलाई सरकारले कसरी र कुन आधारमा कार्यान्वयन गर्छ त ? भनेर संवैधानिक आधार खोज्दा अन्तरिम संविधानमा स्पष्ट केही उल्लेख गरेको देखिँदैन । संविधानमा कारबाही गर्ने आधारहरू स्पष्ट रूपले नभएपछि सरकारका मन्त्रीहरूले राजालाई कारबाही गर्छौं भन्दै हिँड्नुको कुनै अर्थ हुँदैन । संवैधानिक र कानुनी आधारबिना कुनै पनि लोकतान्त्रिक सरकारले कसैमाथि पनि कारबाही गर्न मिल्दैन र सक्दैन । संवैधानिक आधार नभएको हुँदा कारबाही गर्ने संसद्को निर्देशनले पनि व्यावहारिक रूप लिन नसक्ने देखेपछि नै नेकपा (एमाले) ले राजालाई कारबाही गर्न अन्तरिम संविधानमा नै संशोधन गर्नुपर्छ भन्ने विचार बनायो र नेपाली काङ्ग्रेसका वरिष्ठ नेताहरूसँग यस विषयमा छलफल चलायो । यस्ता छलफलहरूमा नेकपा (एमाले) र नेपाली काङ्ग्रेसका वरिष्ठ नेताहरूका साथसाथै वरिष्ठ संविधान र कानुनविद्हरूको समेत उपस्थिति रहेको थियो ।

राजा ज्ञानेन्द्रलाई फेरि-फेरि असंवैधानिक कुराहरू रहेको वक्तव्य दिनबाट रोक्ने, संविधानसभाको चुनावविरुद्ध षड्यन्त्र गर्न नदिने र राजा जनता र लोकतन्त्रविरुद्ध षड्यन्त्रमा लागिरहन्छन् भने उनलाई दण्डित गर्ने आधारहरू अन्तरिम संविधानमा हुनुपर्छ र संविधानमा संशोधन गर्दा यी विषयहरूसमेत सामेल गर्नुपर्छ भन्ने निष्कर्षमा नेकपा (एमाले) र नेपाली काङ्ग्रेसका नेताहरू पुगेका थिए ।

संविधान संशोधन गरेर अन्तरिम संसद्बाटै गणतन्त्र घोषणा गर्न सकिन्छ या सकिन्न ? त्यसले गर्दा त्यसका राजनीतिक प्रतिक्रियाहरू कस्ता हुन सक्छन् ? त्यसको राजनीतिक र संवैधानिक अवस्था र वैधता कस्तो हुन्छ ? संविधानमा संशोधन गरेर राजालाई महाभियोग लगाउने प्रावधान राख्नु कत्तिको उपयोगी हुन्छ ? यस्ता अनेकौँ कोणहरूबाट नेकपा (एमाले), नेपाली काङ्ग्रेस र संविधानविद् राख्नु नै उपयुक्त ठानिएको थियो ।

यस्तो प्रस्तावमा अन्य सबै दलहरूको समेत सहमति जुट्ने सम्भावना थियो । अन्य दलहरूसँग पनि यस विषयमा छलफल गर्ने सहमति भएको थियो । यही सहमति भएका आधारमा संशोधन प्रस्ताव दर्ता गराउने म्याद जाला भनेर नेकपा (एमाले) ले संशोधन प्रस्ताव दर्ता गरायो । प्रस्ताव दर्ता गराएको भोलिपल्टै नेपाली काङ्ग्रेसका वरिष्ठ नेतालाई दर्ता गराएको संशोधन प्रस्तावबारे जानकारी दिइएको थियो । तर, नेपाली काङ्ग्रेसले एकातिर हामीसँग संशोधन प्रस्ताव दर्ता गर्ने अन्तिम दिन सरकारबाट प्रस्तुत भएको संशोधनलाई नै जस्ताको तस्तै पास गर्ने निर्णय गऱ्यो र नेकपा (माओवादी) ले पनि कुनै संशोधन प्रस्ताव प्रस्तुत नगरी सरकारी प्रस्तावलाई नै जस्ताको तस्तै पास गर्ने निर्णय गऱ्यो ।

नेपाली काङ्ग्रेसका नेता र सांसदहरूका साथसाथै संसद्भित्र रहेका अन्य दलका सांसदहरू पनि नेकपा (एमाले) ले प्रस्तुत गरेको संशोधनको पक्षमा थिए । तर, बालुवाटारमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डबीच भेटघाट भएपछि दुवै पार्टी सरकारी विधेयकलाई जस्ताको तस्तै पास गर्ने सहमतिमा पुगे । तर, नेकपा (एमाले) ले आफ्नो संशोधन प्रस्तावमा छलफल गरी मतदान गराउने अडान लिएपछि सभामुखको कक्षमा सरकारका मन्त्री, नेकपा ( एमाले), नेपाली काङ्ग्रेस, नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) र नेकपा (माओवादी) का नेताहरूको बैठक बस्यो । लामो छलफलपछि नेकपा (एमाले) ले अघि सारेका संशोधनहरू महत्त्वपूर्ण भएकाले त्यसलाई समावेश गर्नु उपयुक्त नै हुने विचार बहुसङ्ख्यकले व्यक्त गरे र सरकारका तर्फबाट गृहमन्त्रीले छिट्टै दोस्रो संशोधन विधेयक प्रस्तुत गर्ने र त्यसमा नेकपा (एमाले) लगायत अन्य संशोधनहरूलाई समेत समेट्ने प्रतिबद्धता संसद्को बैठकमा व्यक्त गर्ने विचार प्रकट गरे ।

नेकपा (एमाले) ले हतार-हतारमा संशोधन पारित गर्नुभन्दा पनि जनजाति महासङ्घलगायत तराईका आन्दोलनकारीहरूसँग समेत सहमति गरेर र संविधानमा रहेका अन्य कमजोरीहरूलाई समेत सच्याएर समग्र विषयमा एकैपल्ट संशोधन गर्नु उपयुक्त हुने कुरामा बारम्बार जोड दिएको थियो । अन्तरिम संविधान छिटोछिटो संशोधन गर्दा त्यसले आठ दलको परिपक्वता र दूरदर्शितालाई देखाउँदैन र प्रतिगामीहरूले आलोचना गर्ने मौका पाउँछन् र किस्ताबन्दीमा गरेजस्तो संविधानमा पटकपटक संशोधन गर्ने नीति लिनु उपयुक्त हुँदैन भनेर निकै जोड दिएको थियो तर नेपाली काङ्ग्रेस, नेकपा (माओवादी), नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले भने सरकारी विधेयकलाई जस्ताको तस्तै पारित गर्ने कुरामा जोड दिए । सरकार र अन्य दलहरूले नेकपा (एमाले) द्वारा प्रस्तुत संशोधनहरू उचित र आवश्यक भएको र त्यसलाई दोस्रोपल्टको संशोधनमा सामेल गर्न सरकार तयार भएकाले आठ दलको एकतालाई ध्यानमा राख्दै नेकपा (एमाले) आफ्नो संशोधन प्रस्ताव स्थगित गर्न तयार भयो ।

नेकपा (एमाले) ले 'नेपालको अन्तरिम संविधान-०६३ लाई संशोधन गर्न बनेको विधेयक' माथि प्रस्तुत गरेको संशोधन प्रस्तावको राष्ट्रिय रूपमा चर्चा भयो । जनमत नेकपा (एमाले) ले प्रस्तुत गरेको संशोधनको पक्षमा देखियो ।

सरकारी विधेयकमा कुनै संशोधन प्रस्तुत नगरी त्यसलाई फागुन २२ गते नै पास गर्ने नेकपा (माओवादी) ले दुई दिन पनि नबित्दै २४ गते 'नेपालको अन्तरिम संविधान-०६३ लाई संशोधन गर्न बनेको गैरसरकारी विधेयक' भनेर संसद्मा आफ्नो संशोधन प्रस्ताव दर्ता गरायो। जुन प्रस्तावमा '...तर, यस संविधान अन्तर्गत निलम्बित अवस्थामा रहेको राजसंस्थाले जनआन्दोलनको मर्म र भावनाविपरीत कुनै काम गरेमा वा संविधानसभाको निर्वाचन बिथोल्ने कुनै पनि काम गरेमा वा यस संविधानविपरीत हुने कुनै पनि काम गरेमा व्यवस्थापिका-संसद्मा तत्काल कायम रहेका सदस्य सङ्ख्याको एकचौथाइ सदस्यहरूले राजसंस्था हटाउने प्रस्ताव प्रस्तुत गर्न सक्नेछन् र सो प्रस्ताव दुईतिहाइ बहुमतबाट पारित भएमा व्यवस्थापिका-संसद्ले राजालाई पदमुक्त गरी राजसंस्थाको अन्त्य र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको घोषणा गर्नेछ' भनिएको छ।

नेकपा (माओवादी) र जनमोर्चा (शेरचन) समूहका सांसदहरूले दर्ता गराएको यो संशोधन प्रस्तावमा नेकपा (एमाले) ले प्रस्तुत गरेको संशोधन प्रस्तावको लोकप्रियता र त्यसले प्राप्त गरेको जनसमर्थनबाट तिलमिलाएर उक्त प्रस्ताव प्रस्तुत गरेको यथार्थ प्रस्ट बुझ्न सकिन्छ। जुनबेला सरकारले संविधान संशोधन विधेयक प्रस्तुत गरेको थियो, त्यसबेला चुपचाप बस्ने, कुनै संशोधन प्रस्ताव दर्ता नगराउने, बरु उल्टै सरकारी विधेयकलाई जस्ताको तस्तै पास गराउन जोड दिने तर सो प्रस्ताव पारित हुनासाथ कथित क्रान्तिकारी देखिन संशोधन प्रस्ताव दर्ता गराउने माओवादी र जनमोर्चा कुटिलता, द्वेष र ईर्ष्याले आक्रान्त भएको देखिन्छ। नेकपा (एमाले) हामीभन्दा क्रान्तिकारी देखिन लाग्यो भन्ने चिन्ताले ग्रस्त भएर दर्ता गराएको यो प्रस्तावमा आफूलाई 'गणतन्त्रवादी' देखाउने प्रयत्न माओवादी र जनमोर्चाले गरेका छन्।

यो संशोधन प्रस्ताव संविधानमा सामेल गर्नुभन्दा पनि नेकपा (एमाले) को प्रस्तावलाई निस्तेज पार्ने र संविधानको दोस्रो संशोधन हुन नपाओस् भनेर त्यसलाई रोक्ने दुर्नियत राखेर दर्ता गरिएको प्रस्ताव हो। नेकपा (माओवादी) नेपालको राजनीतिलाई आफ्नो एकदलीय अधिनायकवादी चिन्तनका आधारमा डोऱ्याउन चाहन्छ। अन्तरिम संविधानमा तानाशाह र तानाशाही जन्मनसक्ने थुप्रै कमजोरीहरू रहेका छन् तर माओवादी तिनीहरूलाई सच्याउन चाहँदैन, त्यसैले उसले बहुदलीय व्यवस्था र बहुदलवादी मान्यतालाई आघात पार्ने त्रुटिहरूलाई सच्याउन कुनै संशोधनको प्रस्ताव प्रस्तुत गरेको छैन।

नेकपा (माओवादी) र जनमोर्चाले प्रस्तुत गरेको यो संशोधन प्रस्तावको कुनै औचित्य छैन, किनभने नेपालको अन्तरिम संविधान-०६३ को धारा १५९ को (३) मा प्रस्ट रूपले 'राजसंस्था कायम राख्ने या नराख्ने सम्बन्धमा यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि संविधानसभाको पहिलो बैठकमा साधारण बहुमतबाट निर्णय गरिनेछ' भनेर लेखिएको छ। नेकपा (माओवादी) र जनमोर्चा इमानदार भएको भए यो प्रावधानलाई जस्ताको तस्तै राखेर संशोधन प्रस्ताव प्रस्तुत गर्नुभन्दा यही प्रावधानलाई हटाउने संशोधन प्रस्तुत गर्न सक्थे तर गरेनन्। यसैबाट पनि प्रस्ट देखिन्छ माओवादी र जनमोर्चाजस्ता दलहरू 'गणतन्त्रको चिन्ता' छाडेर नेकपा (एमाले) बलियो भएको चिन्ताले ग्रस्त हुन थालेका छन्। नेकपा (एमाले) लाई तत्काल कमजोर पार्न पाए आफू ठूलो दल बन्न पाउने आशाले लोभिएका यी दलहरू चर्का-चर्का कुरा गर्छन् तर व्यवहारमा राजा र राजतन्त्रलाई कमजोर पार्ने कुरा र कामहरूको विरोध गर्छन्।

नेकपा (एमाले) देखाउनका लागि होइन, व्यवहारमै क्रान्तिकारी हुन चाहन्छ। संविधानसभाको पहिलो बैठकबाट राजतन्त्रका बारेमा निर्णय गर्ने सहमति नेकपा (माओवादी) समेत सामेल भएर आठै दलले गरिसकेको अवस्थामा काङ्ग्रेससँग र संविधानविद्हरूसँग समेत कुराकानी गरेर पास गर्ने उद्देश्यले उसले संशोधन प्रस्ताव दर्ता गराएको थियो। केवल क्रान्तिकारी देखिन मात्रै चाहेको भए एमालेले पनि अहिलेको माओवादी र जनमोर्चाको प्रस्ताव भन्दा अघि बढेर गणतन्त्र घोषणा गरौँ भन्ने प्रस्ताव पनि दर्ता गर्न सक्थ्यो तर त्यस्तो प्रस्तावको कुनै औचित्य हुने थिएन, किनभने कमसेकम नेकपा (एमाले), नेपाली काङ्ग्रेस र नेकपा (माओवादी) सहमत नभई कुनै पनि प्रस्ताव पारित हुँदैन। दुईतिहाइ पुग्दैन। नेकपा (एमाले) ले आफ्नो संशोधन प्रस्ताव 'क्रान्तिकारी' र 'गणतन्त्रवादी' देखिनका लागि नभएर राजालाई दण्डित गर्ने संवैधानिक आधार तयार गर्ने दायित्वबोध गरेर दर्ता गराएको थियो। त्यो दायित्व र गम्भीरताकै पक्षलाई बुझेर जनताले त्यसलाई समर्थन गरेका हुन्। माओवादी र जनमोर्चाले दर्ता गराएको प्रस्तावलाई अहिले सचेत जनताले राजनीतिक चालबाजीका रूपमा बुझेका छन्। चालबाजीले एकछिन झुक्याउन सक्छ, सधैँलाई होइन। यो तथ्यलाई माओवादीले बुझ्नु आवश्यक छ।

■

# माओवादीभित्र रहेका गलत विचारहरूका विरुद्ध सङ्घर्ष

' झलनाथ खनाल

कुनै पनि देशको क्रान्तिकारी परिवर्तन, रूपान्तरण र विकासका निम्ति सही क्रान्तिकारी कार्यदिशाको आवश्यक पर्छ। एउटा सही क्रान्तिकारी कार्यदिशाको विकास नगरी कुनै पनि देशको क्रान्तिकारी सङ्घर्षले प्रगति गर्न र विजयी बन्न सक्दैन। नेपाली क्रान्तिको सवालमा पनि त्यही कुरा सही हो। हामीले नेपाली क्रान्तिलाई उठान गर्ने, विकास गर्ने र विजयी बनाउने सुसङ्गत क्रान्तिकारी कार्यदिशाको विकास गर्नैपर्छ। तर, त्यस्तो सही कार्यदिशा पुस्तक पढेर विकास गर्न सकिन्न र दिमाग तातिञ्जेल सोचेर पनि विकास गर्न सकिन्न। त्यस्तो कार्यदिशा भनेको मार्क्सवाद-लेनिनवादका आधारभूत सिद्धान्तहरूलाई ठीक ढङ्गले समाउने र तिनीहरूलाई देशको क्रान्तिको ठोस वास्तविकतासँग गाँस्ने क्रममा मात्र विकास गर्न सकिन्छ। मार्क्सवाद-लेनिनवाद भनेको विज्ञान हो र हाम्रो देशको क्रान्तिको प्रक्रिया भनेको यहाँको ठोस वस्तुगत परिस्थितिको वास्तविकता हो। त्यो वास्तविकता भनेको देशको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक संरचना, वर्गसङ्घर्षको विकासक्रम, जनआन्दोलनको इतिहास, देशमा कार्यरत विभिन्न राजनीतिक शक्तिहरूको स्थिति र विशेष गरेर सर्वहारा श्रमजीवी जनताको यथार्थ स्थितिजस्ता कुराहरू पर्छन्। ती कुराहरूको सही विश्लेषण गर्ने क्रममा नै हामीहरू सही क्रान्तिकारी कार्यदिशाको विकास गर्न सक्छौं। त्यसो गर्न नसक्दा वा त्यसरी विकास गरिरहेको क्रान्तिकारी कार्यदिशालाई यो वा ऊ विभिन्न कारणले अस्वीकार गर्दै क्रान्तिको सही मार्गबाट देब्रे वा दाहिने लाग्न थाल्ने बित्तिकै कम्युनिस्ट आन्दोलनभित्र उग्र वामपन्थी वा दक्षिणपन्थी प्रवृत्ति देखा पर्दछ। नेपालको कम्युनिस्ट आन्दोलनमा विभिन्न कालमा यस्ता प्रवृत्तिहरू देखा पर्दै आएका छन् र तिनीहरूका विरुद्ध एउटा सही कार्यदिशाका आधारमा सञ्चालित सङ्घर्षका क्रममा नै नेपाली क्रान्ति पनि विकसित हुँदै आएको छ।

यतिबेला नेपालको कम्युनिस्ट आन्दोलन विगत १०-१२ वर्षदेखि उग्रवामपन्थी भड्काउसँग सङ्घर्ष गर्दै आइरहेको छ। त्यो भड्काउको प्रमुख प्रतिनिधित्व नेकपा (माओवादी) ले गर्दै आएको छ। सात दल र माओवादीबीच सम्पन्न १२ बुँदे सहमतिपछि माओवादीहरूले आफूभित्र रहेका गलत चिन्तन र व्यवहारमा निक्कै सुधार गरेका छन्। तर, अझै उनीहरूभित्र उग्रवामपन्थी भड्काउका विभिन्न चिन्तन र व्यवहारहरू विद्यमान रहेको देखिन्छ। ती भड्काउहरू नहटाई त्यो समूह एउटा साँचो कम्युनिस्ट समूहका रूपमा रूपान्तरित हुन सक्दैन र कम्युनिस्ट आन्दोलनमा एकता पनि सम्भव छैन। हाम्रो पार्टी नेकपा (एमाले) विभाजित र विखण्डित कम्युनिस्ट आन्दोलनलाई एकता, पुनःगठन र एकीकरणको मार्गमा अघि बढाउने क्रममा विकसित पार्टी हो। यसले यो आन्दोलनको मूल प्रवाहलाई प्रतिनिधित्व गर्दछ। हाम्रो पार्टीको उद्देश्य विभिन्न कारणले र विभिन्न कालखण्डमा विभाजित भएका कम्युनिस्ट समूहहरूलाई सिद्धान्तनिष्ठताका आधारमा एकताबद्ध गर्नु हो। हाम्रो पार्टी नेकपा (माओवादी) लाई पनि अन्ततः एकताबद्ध पार्न चाहन्छ। सबै कम्युनिस्ट समूहहरूसँग एकता प्राप्ति गर्ने उद्देश्य लिएर नै हाम्रो पार्टी अघि बढिरहेको छ। तर, त्यो एकता ठोस सिद्धान्त र नीतिका आधारमा मात्र प्राप्त गर्न सकिन्छ। अहिलेको स्थिति हेर्दा नेकपा ( माओवादी) भित्र निम्न ढङ्गका गलत चिन्तन र विचारहरू देखा परिरहेका छन् :

१. हाम्रो पार्टी नेकपा (एमाले) नेपाली क्रान्तिलाई अघि बढाउन आफ्नो जन्मकालदेखि नै निरन्तर प्रयत्नशील रहेको छ। त्यो प्रयासका क्रममा हामीले पनि ०२८-०३७ सालको कालखण्डमा सशस्त्र सङ्घर्षको कार्यदिशा लिएर अघि बढ्ने कोसिस गर्‍यौं। तर, नेपाली समाजको बनोट, त्यसको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक विकासक्रम, नेपालको भौगोलिक बनोट, नेपाली समाजमा वर्ग सङ्घर्षको विकासक्रम, जनआन्दोलनको विकासक्रम, यस समाजभित्र विकसित हुँदै आएका आधारभूत राजनीतिक प्रवृत्तिहरू र शक्तिहरू तथा मुलुकको अन्तर्राष्ट्रिय स्थितिलगायतका पक्षहरूका बारेमा गहिरो अध्ययन, विश्लेषण र संश्लेषण गरेपछि ०३७ सालदेखि हाम्रो पार्टीले नेपाली क्रान्तिलाई अघि बढाउने मूल दिशाका रूपमा जनआन्दोलनको कार्यदिशालाई अख्तियार गर्‍यो। सशस्त्र सङ्घर्षको कार्यदिशाबाट क्रान्तिलाई अघि बढाउन मद्दत नमिल्ने निष्कर्ष निकाल्यो। त्यसलाई सन् १९९० को जनआन्दोलनले पुष्टि गर्‍यो र सन् २००६ को अप्रिल क्रान्तिले अझै अघि बढेर पुष्टि गर्‍यो। नेपाली क्रान्तिलाई अघि बढाउने यो सही कार्यदिशालाई माओवादीले पनि गहिरोसाथ आत्मसात गर्नैपर्छ। १२ बुँदे सहमति र ११ वैशाख (२४ अप्रिल २००६) मा भएका परिवर्तनहरूले यही कुरालाई पुष्टि गरेका छन्।

२. नेपाली क्रान्तिको न्यूनतम कार्यक्रमका रूपमा रहेको नयाँ जनवादलाई हाम्रो पार्टीले विगत ०४२ सालदेखि समृद्ध पार्ने प्रयास गर्दै आयो। ०४६ सालमा भएको चौथो महाधिवेशनले बहुदलीय प्रतिस्पर्धासहितको नयाँ जनवादलाई पारित गर्‍यो र ०४९ मा आएर त्यसलाई हाम्रो पार्टीले जनताको बहुदलीय जनवादका रूपमा रूपान्तरण गर्‍यो। त्यसले नेपाली कम्युनिस्ट आन्दोलनलाई वर्तमान ऐतिहासिक अवस्थाको वास्तविक लोकतान्त्रिक क्रान्तिकारी आन्दोलनका रूपमा स्थापित गर्‍यो। त्यसलाई लामो समयसम्म माओवादी साथीहरूले 'दक्षिणपन्थी भड्काउ' र 'पुँजीवादी सुधारवादमा पतन' भन्दै आए। तर,

पछिल्लो अवधिमा आएर उनीहरूले समेत '२१ औं शताब्दीको जनवाद' का नाममा त्यही बहुदलीय प्रतिस्पर्धासहितको नयाँ जनवादलाई नै स्वीकार गर्न पुगेका छन्। यो राम्रो कुरा हो। उनीहरूले अझै प्रस्ट रूपले जबजको पक्षमा उभिनुपर्छ र त्यसलाई आत्मसात गर्नुपर्छ। वास्तवमा क्रान्तिको कार्यक्रमिक अवधारणाका सम्बन्धमा एमाले नै अगुवा शक्ति रहेछ भन्ने कुरा पुष्टि भएको छ र त्यसको कार्यदिशालाई सबैले अनुशरण गर्नुपर्छ भन्ने पनि प्रस्ट छ।

३. ठीक त्यसरी नै नेकपा (एमाले) ले लोकतन्त्र, लोकतान्त्रिक संस्थाहरू र लोकतान्त्रिक प्रक्रियालाई अधिकतम रूपमा उपभोग गरेर मात्र नेपाली क्रान्तिलाई अघि बढाउन सकिन्छ भन्ने कुरा पञ्चायतविरोधी सङ्घर्षको कालदेखि नै अघि सार्दै आयो। त्यसलाई दक्षिणपन्थी कार्यदिशा ठान्नेहरूले विस्तारै आफ्ना धारणाहरू बदल्दै आए। माओवादी साथीहरू केही समयअघिसम्म त्यस्ता संस्थाहरू ध्वस्त पार्ने, त्यस्ता संस्थाहरूलाई सङ्गठित हुन नदिने र लोकतान्त्रिक प्रक्रियालाई सुधारवादी र दक्षिणपन्थीको आरोप लगाउँदै आएका थिए। तर, अहिले उनीहरूले समेत लोकतान्त्रिक मार्गलाई अपनाउन थाले र त्यसमा सहभागी हुन थाले। हामीले माओवादीहरूमा आइरहेको यो परिवर्तनलाई पनि स्वागत गर्नैपर्छ। यस सम्बन्धमा पनि नेपालको कम्युनिस्ट आन्दोलन र लोकतान्त्रिक आन्दोलनमा नेकपा (एमाले) को कार्यदिशा स्थापित भएको छ। तर, अझै माओवादी साथीहरूमा लोकतान्त्रिक संस्कार विकास भइसकेको छैन। त्यो संस्कार पनि विकसित होस् भनेर हामीले उहाँहरूलाई मद्दत गर्नु जरुरी छ।

४. जतिबेला माओवादी साथीहरूले ०५२ सालबाट सशस्त्र सङ्घर्षको सुरुवात गरेका थिए, त्यसबेलादेखि नै हामीले त्यो उग्रवामपन्थी मार्ग हो, त्यसबाट नेपाली क्रान्तिलाई अघि बढाउन मद्दत पुग्दैन, बरु त्यसले देशमा ०४६ को आन्दोलनबाट प्राप्त लोकतान्त्रिक उपलब्धिहरूबाट पनि हात धुने स्थिति आउन सक्छ भनेका थियौं। त्यसैले हिंसात्मक सङ्घर्षलाई छोडेर लोकतान्त्रिक मार्गमा आउन हामीले उनीहरूलाई बारम्बार सल्लाह दियौं। तर, उनीहरूले त्यो कुरा मानेनन्। आखिर उनीहरूको गलत लाइनले सिर्जना गरेको विषम परिस्थितिबाट फाइदा उठाएर नै राजाले १८ असोज र १९ माघजस्ता घोर प्रतिगमनकारी कदमसमेत चाले र नेपाललाई हिटलरको ग्यासच्याम्बरजस्तो बनाउन खोजे। त्यसपछि मात्र माओवादीहरूमा लोकतान्त्रिक साथीहरूसँग मिलेर अघि बढ्ने चेत खुल्यो। आखिर नेकपा (एमाले) ले हिंसाको बाटोबाट अघि बढ्दा जे परिणाम आउँछ भन्ने कुरा देखाएको थियो, त्यो भएर नै छोड्यो र माओवादी साथीहरूको कार्यदिशा पनि गलत सिद्ध भइछाड्यो। यो कार्यलाई बुझ्न पनि हामीले उनीहरूलाई सघाउनुपर्ने आवश्यकता छ।

५. मुलुकमा क्रान्ति गर्नुछ भने हतियार नउठाई हुँदैन भन्ने जुन निष्कर्षमा माओवादीहरू पुगे, त्यसबेला उनीहरूले बन्दुकको नालबाट मात्र क्रान्तिकारी सत्ता प्राप्त हुनसक्छ भन्ने कुरालाई अघि सारेका थिए। कैयौं देशमा त्यस्तो नभएको पनि होइन तर नेपालजस्तो देशमा बन्दुकको नालबाट सत्ता प्राप्त हुँदैन भन्ने कुरालाई बुझेर हाम्रो पार्टीले माओवादीहरूबाट सशस्त्र सङ्घर्ष थालनी भएपछि पनि वार्ता र संवादबाट यो समस्याको समाधान गर्नुपर्छ भनेर निरन्तर जोड दिँदै आयो। हाम्रो पार्टीले उक्त समस्या समाधान गर्नका निम्ति एउटा आयोगसमेत गठन गऱ्यो। त्यसले पनि संवादबाट नै हल गर्नुपर्छ भन्ने निष्कर्ष दिएको थियो। त्यसबेला माओवादीहरू वार्ता र संवादलाई पनि 'दक्षिणपन्थी भड्काउ' ठान्थे। यता नेपाली काङ्ग्रेस र राजतन्त्र पनि वार्ताका पक्षमा थिएनन्। उनीहरू माओवादीहरूलाई हतियारको बलले नै सिध्याउन चाहन्थे। तर, हाम्रो पार्टीले दुवै थरीको उक्त नीतिलाई मानेन। वास्तवमा ती दुवै अतिवादी नीति मात्र थिए। ती नीतिले मुलुकलाई अझ जटिलतातिर लानु अनिवार्य थियो। भयो पनि त्यस्तै। आखिर जब सबैले वार्ता र संवादबाट नै समस्याको समाधान गर्न सकिन्छ भन्ने निष्कर्षमा पुग्ने स्थिति आयो, तब वार्ता र संवाद सुरु भयो। अहिले देश जहाँ पुगेको छ, वार्ता र संवादबाट नै पुगेको छ। यस कुरामा पनि नेकपा (एमाले) ले अघि सारेको नीति नै सही सावित भएको छ। तर, यो कुरा अझै आवश्यक गहिराइबाट माओवादीले बुझेका छैनन्। यो कुरा पनि हामीले उनीहरूलाई बुझाउन मद्दत गर्नुपर्छ।

६. हाम्रो पार्टीले नेपाली कम्युनिस्ट आन्दोलनको मार्गदर्शक सिद्धान्तका बारेमा ०४२ सालमा नै ठोस निर्णय गरेको थियो। मार्क्सवाद-लेनिनवाद नै मात्र हाम्रो मार्गदर्शक सिद्धान्त हो। नेपालको कम्युनिस्ट आन्दोलन स्थापना हुँदा पनि हामीले त्यसलाई नै मार्गदर्शक सिद्धान्त मानेका थियौं। बीचको कालखण्डबाट माओत्सेतुङ विचारधारालाई पनि मार्गदर्शक सिद्धान्त मान्ने प्रवृत्ति आयो। हामीले त्यसलाई ०४२ सालमा एउटा विस्तारित बैठक गरेर सच्यायौं। तर, त्यसभन्दा पछि जन्मेको माओवादी पार्टीले विचारधारालाई समेत वाद बनाएर माओवादलाई मार्गदर्शक सिद्धान्त बनाउन पुगे। माओवाद भन्ने कुराको वास्तवमा कहीं पनि अस्तित्व छैन। यो एउटा मनोगतवादी चिन्तनको पोको मात्र हो। जहाँसम्म माओत्सेतुङ विचारधाराको सवाल छ, त्यो चिनियाँ क्रान्तिको क्रममा विकसित भएको विशिष्ट सच्चाइ हो। हामीले त्यसबाट धेरै कुरा सिक्न सक्छौं तर त्यो हाम्रो मार्गदर्शक सिद्धान्त भने होइन र हुन सक्तैन। यो सच्चाइलाई पनि माओवादीले अझै बुझ्न सकेका छैनन्। अन्य कुरामा जसरी परिवर्तन हुँदै आएका छन्, यसमा पनि परिवर्तन अवस्यम्भावी छ। हामीले त्यो परिवर्तनको दिशातिर अघि बढ्न उनीहरूलाई धेरै मद्दत गर्नुपर्छ।

७. त्यसरी नै माओवादीहरूले आफ्नो मार्गदर्शक सिद्धान्तमा प्रचण्डपथ समेत जोड्दै आएका छन्। उनीहरूले अहिलेसम्म विकास गर्दै आएको उग्रवामपन्थी वैचारिक, राजनीतिक र सैद्धान्तिक कार्यदिशाको संश्लेषणलाई नै प्रचण्डपथ मानेका छन्। यथार्थमा त्यो नेपालमा विकसित भएको उग्रवामपन्थी विचारको एउटा विशिष्ट रूप नै हो। त्यसलाई मार्क्सवाद-लेनिनवाद भन्न कोही पनि तयार छैनन् र हुन पनि सक्दैनन्। यो निम्न पुँजीवादी चिन्तनकै एउटा रूप हो र त्यो पनि अधिभौतिकवादी दृष्टिकोणकै उपज मात्र हो। नेपाली कम्युनिस्ट आन्दोलनको एकताका निम्ति प्रचण्डपथ अर्को बाधाका रूपमा रहेको छ। हाम्रो पार्टीले विचारलाई यो सङ्कीर्ण धरातलबाट संश्लेषण गर्ने र त्यसलाई 'मार्गदर्शक सिद्धान्त' का रूपमा उठाइदिने प्रवृत्तिको सधैं

विरोध गर्दै आएको छ । माओवादी साथीहरूले अन्ततः यो कुरालाई पनि सच्याउनैपर्छ, नत्र आन्दोलनको एकतामा बाधक बन्नु अनिवार्य छ ।

८. माओवादीहरूले लामो समयसम्म नेपालबाट राजतन्त्र उन्मूलन गर्न हिंसात्मक बाटो अख्तियार गर्दै आए । हामी पनि राजतन्त्र उन्मूलन गर्न चाहन्छौं र आमनेपाली जनता पनि राजतन्त्र उन्मूलन गर्न चाहन्छन् । तर, राजतन्त्र उन्मूलन गर्ने प्रक्रिया पनि नेपालको विशिष्ट स्थितिमा हिंसात्मक बलबाट सम्भव छैन । त्यसलाई उन्मूलन गर्न पनि शान्तिपूर्ण लोकतान्त्रिक प्रक्रियालाई नै अपनाउनुपर्छ । त्यो लोकतान्त्रिक तरिका भनेको जनमतसङ्ग्रह नै सबैभन्दा उत्तम हो । ११ वैशाखको परिवर्तनपछि जनमतसङ्ग्रहद्वारा राजतन्त्र उन्मूलन गर्ने सम्भावना टड्कारो रूपले देखा परेको छ । त्यो बाटोमा अघि बढौं भनेर हामीले उनीहरूसँग कुरा गऱ्यौं । तर, आठ दलको वार्तामा उनीहरू अड्न सकेनन् । के कुरा प्रस्ट छ भने संविधानसभाको निर्वाचनबाट उन्मूलन भए पनि त्यो शान्तिपूर्ण लोकतान्त्रिक प्रक्रिया नै हुनेछ । तर, त्यसमा षड्यन्त्र हुन गयो भने फेरि पनि जनमतसङ्ग्रह नै सबैभन्दा उत्तम तरिकाका रूपमा हाम्रासामु आउनेछ । यस बारेमा पनि एमालेले लिएको सही अडानमा माओवादी साथीहरूले एक दिन आउनैपर्ने हुन्छ ।

९. त्यसरी नै नेकपा (एमाले) ले मुलुकको परिवर्तनको प्रवाहलाई सही ढङ्गले अघि बढाउन समानुपातिक निर्वाचन प्रणाली अपनाउनुपर्छ भन्ने कुरा अघि साऱ्यो । अहिले सङ्क्रमणकालको अवधिमा त यो अत्यन्त महत्त्वपूर्ण कुरा पनि थियो । हामीले आशा राखेका थियौं- उक्त सवालमा सबै गणतन्त्रवादी शक्तिहरू एक हुनेछन् । दुईपक्षीय वार्तामा माओवादीहरू पनि समानुपातिक निर्वाचनकै पक्षमा थिए । तर, आठ दलको वार्तामा भने उनीहरू त्यो अडानमा उभिन सकेनन् । त्यो कारणले आठ दलबीच सहमति बन्न सकेन । त्यही कारणले मुलुकमा पनि आमसहमति बन्न सकेन । अहिले पनि समाजले आन्दोलनका लहरहरू भोग्नुपरिरहेको छ । यद्यपि, उनीहरू पनि सडकमा भने आफूलाई समानुपातिक निर्वाचनका पक्षमा नै उभ्याउँदैछन् । आखिर नेकपा (एमाले) ले राखेको यो अडानमा उनीहरू मात्र होइनन्, जुन मात्रामा होस् भोलि सिङ्गो मुलुक आउनैपर्नेछ । यस्ता सवालमा पनि उनीहरूले आफूलाई सच्याउन र परिवर्तन गर्न जरुरी छ ।

१०. हाम्रो पार्टी नेकपा (एमाले) ले धेरै अघिदेखि एउटा क्रान्तिकारी लोकतान्त्रिक पार्टीका रूपमा आफूलाई स्थापित गर्दै आइरहेको छ । आफ्नो सङ्गठनात्मक ढाँचालाई पनि त्यही वैचारिक राजनीतिक कार्यदिशाका आधारमा विकास गर्दै आइरहको छ । कुनै पनि पार्टीले जस्तो वैचारिक राजनीतिक कार्यदिशा लिएको हुन्छ, त्यसको सङ्गठनात्मक ढाँचा त्यही अनुरूप बनेको हुन्छ । हामीले लामो समयदेखि शान्तिपूर्ण जनआन्दोलनको कार्यदिशा लिँदै आयौं र हाम्रो सङ्गठनात्मक ढाँचा पनि त्यही अनुरूप विकसित हुँदै आयो । माओवादीहरूले ११ वर्षदेखि फौजी कार्यदिशा लिएर सङ्गठन पनि फौजी ढाँचामा नै बनाए । तर, अहिले उनीहरू पनि लोकतान्त्रिक बाटोमा आउँदैछन् । नयाँ कार्यदिशाले विस्तारै आकार लिँदैछ । तदनुरूप माओवादीहरूको सङ्गठनात्मक ढाँचा पनि 'कामीडाँडा बैठक' देखि नेकपा (एमाले) कै ढाँचातिर उन्मूख भएको छ । यो अर्को सकारात्मक कुरा हो । मुखले भनेर होस् वा नभनेर- सही मार्गलाई अनुशरण गर्नु राम्रो कुरा हो ।

११. मानव समाजको विकासक्रममा जनताले निर्माण गर्ने संसद्को अत्यन्त महत्त्वपूर्ण भूमिका हुन्छ । संसद् भनेको समाज विकासको उपज हो । जनताको सङ्घर्षको उपज हो । त्यो जनताको प्रतिनिधि संस्था पनि हो । त्यसमा जनताले चुनेर पठाएका प्रतिनिधिहरू रहेन गर्दछन् र कुनै पनि राज्यका नीति, सिद्धान्त र कानुनहरू बनाउने काम हुन्छ । त्यो गरिमामय संस्था हो । त्यसमा प्रवेश गर्नु आफैंमा गर्वको विषय बन्नुपर्छ । हाम्रो देशमा प्राचीनकालमा पनि संसद् थियो । कपिलवस्तु लोकतन्त्रमा आयोजित हुने गणसभा नै नेपाल भूखण्डमा संसद्को प्राचीन र प्रारम्भिक वीजारोपण मान्न सकिन्छ । त्यो राणकालमा आएर स्थानीय निकायका रूपमा पुनः अङ्कुरित भयो र १९५० को परिवर्तनपछि पहिलो संसद्को निर्वाचन भयो । विगत १९९० बाट संसद्को अझ उन्नत स्तरमा विकास भयो । अहिले सन् २००६ को अप्रिल क्रान्तिपछि संसद्को अझै उन्नत रूप विकसित हुँदैछ । त्यसपछि यो पुनःस्थापित प्रतिनिधिसभा, व्यवस्थापिका-संसद् हुँदै संविधानसभा र नयाँ संविधानअनुरूप जनताबाट निर्वाचित हुने नयाँ संसद्का रूपमा विकसित हुनेछ । तर, माओवादीहरू संसद्लाई मान्न तयार छैनन् । उनीहरू पश्चिमा पुँजीवादले संसद्लाई गलत ढङ्गले प्रयोग गरेका संसद्वादी उदाहरणका आधारमा संसद्लाई नै नमान्ने निष्कर्षमा पुगेका छन् । संसद्वाद र संसदीय पद्धति भन्नु र संसद् मात्र भन्नुमा पनि भिन्नताहरू छन् । उनीहरू ती कुराहरूलाई बुझ्दैनन् । अझ वर्तमान अन्तरिम संविधान अन्तर्गत बनेको संसद्लाई समेत उनीहरू संसद् मान्न तयार भएनन् । तर, व्यवस्थापिका-संसद् मान्न तयार भए । यो सम्झौताको शब्द हो । वास्तवमा व्यवस्थापिका भनेको पनि संसद् हो, संसद् भनेको पनि संसद् हो र व्यवस्थापिका-संसद् भनेको पनि संसद् नै हो । तर, त्यसलाई संसद् नमान्नु र 'हामी संसद्मा प्रवेश गरेका छैनौं' भन्नु एक किसिमको अज्ञानता र केटाकेटीपन मात्र हो । वास्तवमा उनीहरू संसद्मा प्रवेश गरिसकेका छन्, माओवादीको संसदीय दल पनि बनिसकेको छ । त्यो संसदीय दलका नेता, प्रमुख सचेतक र सचेतक पनि बनेका छन् । माओवादीको संसदीय दलको कार्यालयसमेत सिंहदरबारभित्र स्थापित भइसकेको छ । अब पनि 'संसद्मा प्रवेश गरेको छैन' र 'हामी संसद् मान्दैनौं' भन्नुको कुनै औचित्य र अर्थ रहन्छ ? उनीहरू यसरी व्यवहारतः संसद्मा प्रवेश गरिसकेका छन् तर त्यो अनुभूति, नीति र सिद्धान्तको तहमा भइसकेको छैन । हामीले यो कुरा बुझ्न यो सवालमा पनि माओवादीलाई सहयोग गर्नैपर्छ ।

१२. त्यसरी नै कार्यशैलीको क्षेत्रमा पनि माओवादी साथीहरूसँग धेरै समस्या छन् । उनीहरू अझै हिजोको हिंसावादी राजनीतिक कार्यदिशाबाट निकै हदसम्म आक्रान्त छन् । त्यो कार्यदिशा पार्टीले छाड्दै लगेको छ तर सो कार्यदिशाबाट प्रभावित कार्यशैलीमा भने मनग्ये सुधार आइसकेको छैन । त्यसैले अहिले पनि उनीहरू नेकपा (एमाले) का कतिपय कार्यकर्तालाई अपहरण गर्ने, जिफण्टका कार्यकर्तामाथि हिंस्रक रूपले आमन्त्रण गर्ने, उनीहरूका यातना शिविरमा लगेर निर्घात रूपले कुट्ने, एमालेको आमसभा बिथोल्ने, संयुक्त राष्ट्रसङ्घसँग समेत समझदारी गरेर शिविरमा बसेपछि फेरि माओवादी सेना शिविर छाडेर

निस्कने, आफ्नो प्रतिद्वन्द्वी ठानिएको मधेसी फोरमको जुलुसमाथि गोली हान्ने, संसद्मा हातहतियारसहित प्रवेश गर्ने, संसद्भित्र अमर्यादित भाषाहरूको प्रयोग गर्नेजस्ता शैलीहरू देखाउँदैछन् । यस्तो शैली उनीहरूभित्र सबैमा छैन तर कतिपयमा यो शैली अझै छ । अरूले एउटा बुथ क्याप्चर गरेमा आफूले 'पाँचवटा बुथ क्याप्चर गर्ने' कुरा त उनीहरूका नेताले नै बोलेका छन् । यो उनीहरूभित्रबाट प्रकट भइरहेको निम्न पुँजीवादी, अराजकतावादी अहङ्कार र हिंसाखोर चरित्रको अभिव्यक्ति हो । यो पद्धतिले उनीहरू आफैँलाई सत्यानाश पार्छ र अरूको पनि हित गर्न सक्दैन । नयाँ राजनीतिक चिन्तनले उनीहरूलाई यस्ता विषाक्त कुराहरू सच्याउन प्रेरित गर्छ भनेर हामीले आशा राख्नुपर्छ र उनीहरूलाई यस्ता गलत कुराहरू सच्याउनका निम्ति निरन्तर सघाउनुपर्छ ।

यसपटक म माओवादीभित्र रहेका यिनै एकदर्जन गलत कुराहरूका बारेमा मात्र चर्चा गर्न चाहन्छु । उनीहरूभित्र यस्ता दर्जनका दर्जन गलत विचार र प्रवृत्तिहरू रहेका छन् । हाम्रो पार्टीका सम्पूर्ण नेता र कार्यकर्ताले यी गलत विचार र व्यवहारका विरुद्ध दृढ र एकताबद्ध वैचारिक सङ्घर्ष सञ्चालन गर्नुपर्छ । हामीले नेकपा (माओवादी) पार्टी र त्यसका नेता तथा कार्यकर्ताहरूलाई माया गर्नुपर्छ तर उनीहरूभित्र रहेका यस्ता गलत विचार, चिन्तन, दृष्टिकोण र शैलीहरूलाई माया गर्नु हुँदैन । तिनीहरूको गहिरो र तीखो खण्डन-आलोचना गर्नुपर्छ । हामी यस्ता कुराको जति गहिरो र नीतिनिस्ट खण्डन र आलोचना गर्छौं र तिनीहरूलाई धुल्याउन सक्छौं, नेकपा (माओवादी) लाई त्यति नै राम्रो वैचारिक सैद्धान्तिक सहयोग पुग्छ, यो कुरालाई हामीले गम्भीरतापूर्वक लिनुपर्छ ।

नेकपा (माओवादी) सँग हाम्रा सम्बन्धका दुईवटा पक्ष छन् । पहिलो एकताको पक्ष हो । लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना गर्ने सवालमा हामीबीच एकता छ । त्यस्तै एकता रहेका सबै सवालमा हामीले मिलेर काम गर्नुपर्छ । लोकतान्त्रिक गणतन्त्रका पक्षधर उम्मेदवारहरूलाई विजयी गराउन हामीले संविधानसभाको निर्वाचनमा चुनावी तालमेल मिलाएर पनि अघि बढ्नुपर्छ । साथै, एकताका पक्षलाई विस्तार गर्न प्रयत्नशील पनि हुनुपर्छ । दोस्रो पक्ष हो- सङ्घर्षको पक्ष । त्यसका निम्ति उनीहरूभित्र रहेका गलत पक्षलाई सही ढङ्गले चिन्नुपर्छ । तिनीहरूलाई उजागर गर्नुपर्छ । तिनीहरूको खण्डन गर्नुपर्छ । तिनीहरूलाई सच्याउन सघाउनुपर्छ र एकताको पक्षलाई विस्तार गर्दै मतभेदको पक्षलाई साँघुरो पार्दै लानुपर्छ । यो नै एकता सङ्घर्ष-उन्नतस्तरको एकताको प्रक्रिया हो । १२ बुँदे सहमतिभन्दा पहिले हाम्रा दुई पार्टीहरूबीचको सम्बन्ध बढी तिक्ततापूर्ण र शत्रुतापूर्ण पनि थियो । त्यसपछि विस्तारै मैत्रीपूर्ण बन्दैछ । अझै कतिपय पक्षमा तिक्तता छन् । ती सबै कुरालाई ध्यानमा राखेर अर्थात् एकताको उद्देश्य राखेर उनीहरूका गलत पक्षका विरुद्ध खण्डन-आलोचना गर्ने र उन्नत स्तरमा एकता कायम गर्ने नीति लिएर अघि बढ्नुपर्छ । यो नीतिका आधारमा अघि बढ्ने क्रममा नै नेपाली कम्युनिस्ट आन्दोलन अझ बढी एकताबद्ध हुनसक्छ र नेपाली क्रान्तिलाई अघि बढाउने सवालमा अझ बढी योगदान गर्न सक्छ । यही नीतिका आधारमा अघि बढ्दा नै हामीहरू संविधानसभाको चुनावमा पनि बढी रचनात्मक भूमिका खेल्न सक्छौं र उपलब्धिमूलक परिणामहरू प्राप्त गर्नसक्छौं । यही नीतिका आधारमा अघि बढ्दा मात्र मुलुकलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालमा रूपान्तरण गर्ने ऐतिहासिक अभिभारालाई पनि सफलतापूर्वक पूरा गर्न सक्छौं । ■

# अबको गन्तव्य लोकतान्त्रिक गणतन्त्र

**' वेदुराम भुसाल**

सन् १९४१ मा अखिल नेपाल वर्ग महासभा नामको सङ्गठनले गणतन्त्र 'नेपाल जिन्दावाद' भन्ने नारा दिएदेखिबाट हिसाब गर्दा नेपालमा सामन्ती राजतन्त्रको अन्त्य गरेर गणतन्त्रको स्थापना गर्नका लागि सङ्घर्ष चलेको ६५ वर्ष भइसकेको छ । सुरुआत १९४१ बाट भए पनि गणतन्त्रलाई आफ्नो स्पष्ट लक्ष्य निर्धारण गरी व्यवस्थित सङ्गठन निर्माण गर्ने र आन्दोलन चलाउने काम भने सन् १९४९ को २२ अप्रिलमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएपछि मात्रै अगाडि बढेको हो । नेकपाद्वारा गणतन्त्र स्थापनालाई लक्ष्य बनाएर सङ्गठन निर्माण र आन्दोलन सञ्चालन गरेको समयदेखिबाट हिसाब गर्दा पनि नेपालमा गणतन्त्र स्थापनाको आन्दोलनले आधा शताब्दीभन्दा लामो समय पार गरिसकेको छ । यस अवधिमा गणतन्त्र स्थापनाका निम्तिको आन्दोलनले धेरै किसिमका उतारचढावहरू पार गर्नुपरेको छ । कहिले आन्दोलन दक्षिणपन्थी धारतर्फ ढल्किएर कमजोर बन्न पुगेको छ भन्ने उग्रवामपन्थी धारमा पुगेर ठूलो क्षति बेहोर्नुपरेको छ । कहिले कम्युनिस्ट आन्दोलनभन्दा बाहिरबाट पनि गणतन्त्रको पक्षमा आन्दोलनका केही झुल्का निस्किएका छन् र लामो समय टिक्न नसकी हराएर गएका छन् ( जस्तो कि रामराजाप्रसाद सिंहहरूले चलाएको जनवादी मोर्चाको आन्दोलन) । कम्युनिस्ट पार्टी मात्रै त्यस्तो सङ्गठन हो, जसले आन्दोलनका जुनसुकै उतारचढावका बेला पनि गणतन्त्रलाई आफ्नो लक्ष्य बनाइरह्यो । वि.सं. २०१२ मा आफूमाथिको

प्रतिबन्ध फुकुवा गराउन अधिकतम लचिलो बन्दा पनि उसले 'बालिग मताधिकारका आधारमा निर्वाचित विधानसभाले राजाको स्थान नहटाएसम्म राजालाई वैधानिक मुख्य मानेता पनि गणतान्त्रिक व्यवस्था हाम्रो देशलाई चाहिएको छ भन्ने मतको प्रचारका अघि रूप कम्युनिस्ट पार्टी सुरक्षित राख्दैछ' भन्दै नेकपाले गणतन्त्रका पक्षमा उभिने प्रयास गरेको थियो । (०१३ वैशाख २ को प्रेस विज्ञप्ति- सुरेन्द्र केसी, 'ऐतिहासिक दस्तावेजसङ्ग्रह (पहिलो भाग) पृ. १६७) ।

कम्युनिस्ट पार्टीले आफ्नो स्थापनाकालदेखि नै सामन्तवादका विरुद्ध अनेकौं प्रकारका सङ्घर्ष गर्दै आएको छ । आन्दोलनमा कहिले अरू पक्षहरूसमेत समेटिएका छन् भने कम्युनिस्टले एक्लै आन्दोलन चलाएको छ । आन्दोलनहरू कहिले सफल भएका छन् र कहिले असफल पनि । तर, एउटा काम भने भइरहेकै छ र त्यो के हो भने आन्दोलनले सामन्तवादलाई समूल नष्ट गर्न नसके पनि त्यसलाई मात्रात्मक रूपमा निषेध गर्ने वा समाप्त पार्ने काम गरिरहेको छ । त्यसैले ००७ सालभन्दा पहिले नेपालमा सामन्तवाद जुन रूपमा थियो, त्यस रूपमा अहिले छैन । ००७ सालको परिवर्तनले राणाहरूको सामन्ती एकाधिकारलाई समाप्त पा-यो । ००७ सालदेखि ०१४-०१५ सालसम्म भएका विभिन्न सङ्घर्षहरूको परिणामस्वरूप ०१६ सालमा राज्य-रजौटा प्रथा र बिर्ता प्रथा उन्मूलन भए । ०२१ सालको तथाकथित भूमिसुधारपछि किपट प्रथाको पनि अन्त्य भयो ।

किसानहरूले विभिन्न समयमा गरेका आन्दोलन र प्रतिरोधका कारण सामन्ती राजतन्त्रले जनतामा लादेको चुणाव्रत कर ( युवराजको व्रतबन्ध हुँदा उठाइने), गादी मुवारक कर (राजाले गद्दी आरोहण गर्दा उठाइने), गोडधुवा कर (जेठी राजकुमारीको बिहे हुँदा उठाइने), दर्शनभेट (कर्मचारी तथा अधिकारीहरूको नियुक्ति, बढुवा र थमौती हुँदा तिर्नुपर्ने), टीकाभेट कर (बडा दशैंमा टिको थाप्दा तिर्नुपर्ने), फत्तेमुवारक कर (पृथ्वीनारायण शाहले काठमाडौं फत्ते गरेको सम्झनामा इन्द्रजात्रा मनाउँदा तिर्नुपर्ने) र साउने फागु (वार्षिक रूपमा बँदेल, खसी, चामल, घ्यू, तेल आदि वस्तु वा तिनको सट्टा नगदमा तिर्नुपर्ने कर) आदिको अन्त भएको छ । राजदरबारमा या राजपरिवारका लागि दाल-चामल आदि अनाज पु-याउनका लागि राखिएका 'सेरा' जमिन र घ्यू तथा मासुको आपूर्तिका लागि राखिएका पशुगोठहरूमा गराइने बेगारी श्रमको पनि अन्त्य भएको छ । तराईबाट बाघको बोसो, बघिनीको दूध, भालुको पित्त, नागका मणि, अजिङ्गरका हाड तथा हिमाली भेगबाट चवर, कस्तुरी आदि राजदरबारमा पठाउनुपर्ने परम्परा पनि तोडिएको छ । यी सब कुराहरूबाट सामन्ती राजतन्त्रका थुप्रै अधिकारहरू कटौती हुँदै गएको देखिन्छ, जसलाई सामन्तवादको मात्रात्मक निषेध भन्न सकिन्छ ।

राजनीतिक हिसाबले पनि राजाका धेरै अधिकारहरू कटौती हुँदै गएका छन् । ००७ सालभन्दा पहिले श्री ५ का हुकुम र श्री ३ का आदर्शहरू नै कानुन हुन्थे । ००७ सालमा अन्तरिम शासन विधान लागू भएदेखि निरङ्कुश राजतन्त्रसहितको भए पनि विधानको नामबाट शासन हुनथाल्यो । यो हुकुमी शासनको एउटा मात्रात्मक निषेध थियो । ०१५ सालदेखि जनताले मताधिकारको प्रयोग गर्नसमेत पाए । ०१७ सालमा राजाले हुकुमी शासन फर्काउन खोजे तर जनताको प्रतिरोधले गर्दा निर्दलीय चरित्रकै भए पनि संविधान एवम् निर्वाचनजस्ता रूप देखाउनैपर्‍यो र निर्दल कि बहुदल ? भनेर जनमतसङ्ग्रह गराउनुपर्‍यो । जनमतसङ्ग्रहमा धाँधली गरेर निर्दलले जितेको घोषणा गरिए पनि जनताको प्रतिरोध जारी रह्यो र ०४६-०४७ सालको आन्दोलनमार्फत जनताद्वारा राजाका धेरै अधिकार खोसिए । सार्वभौमसत्ता र शासनाधिकार सबै आफैंमा निहित छ भन्ने राजाले सार्वभौमसत्ता नेपाली जनतामा निहित छ भनेर घोषणा गर्न बाध्य भए । सामन्ती राजतन्त्रको फेरि अर्को मात्रात्मक निषेध भयो ।

०४६-०४७ सालको आन्दोलनपछि राजनीतिक क्षेत्रमा परिवर्तन भए पनि आर्थिक-सामाजिक क्षेत्रमा परिवर्तन नभएकाले जनतामा असन्तुष्टि फैलिन थाल्यो र विभिन्न ढङ्गले विरोधका गतिविधिहरू चल्न थाले । जनतामा द्वन्द्व चलेको मौका पारी राजाले फेरि सम्पूर्ण अधिकार आफ्नो हातमा लिने धृष्टता गरे । सम्पूर्ण जनता राजाको कदम एवम् स्वयम् राजा र राजतन्त्रका विरुद्ध खडा भए । ०६२/०६३ को आन्दोलनमा अब नेपालमा राजतन्त्र नै चाहिंदैन भन्ने विचारले ज्यादै ठूलो स्थान पायो । राजा जनताको आन्दोलनकासामु घुँडा टेक्न बाध्य भए । आन्दोलनबाट पुनःस्थापित प्रतिनिधिसभाले एक घोषणा जारी गरी राजाका धेरै अधिकारहरू खोसेर जनताको हातमा ल्यायो । राजतन्त्र मात्रात्मक रूपमा फेरि निषेध भयो ।

०६३ माघ १ मा प्रतिनिधिसभाद्वारा नेपालको अन्तरिम संविधान-०६३ जारी गर्ने र व्यवस्थापिका-संसद्द्वारा त्यसको अनुमोदन गर्ने कार्य भएबाट नेपालको इतिहासमा एउटा ठूलो परिवर्तनको ढोका खुलेको छ । उक्त कार्यबाट राजतन्त्रको निषेध गर्ने सन्दर्भमा दुइटा महत्त्वपूर्ण काम भएका छन् । एउटा काम त राजाका सबै राजकीय अधिकार खोसिएका छन् र अर्को राजाद्वारा संविधान घोषणा हुने परम्परालाई तोडेर स्वयम् जनताका प्रतिनिधिहरूद्वारा संविधानको निर्माण गर्ने घोषणा गर्न नयाँ परम्परा सुरु भएको छ । यस कार्यबाट पनि राजतन्त्रको मात्रात्मक निषेध भएको छ र यसपटकको निषेध विगतका घटनाहरूबाट भएको निषेधभन्दा बढी मात्राको छ । यसले राजतन्त्रलाई धेरै नै कमजोर तुल्याएको छ ।

माथि उल्लेख गरिएका सन्दर्भहरूबाट राजतन्त्र मात्रात्मक रूपले निषेध हुँदै र कमजोर बन्दै गएको छ तर पूर्ण रूपमा समाप्त भएको वा निषेध भएको भने छैन । अझै पनि राजपरिवार नेपाल राष्ट्रको ६०/७० हजार रोपनी जग्गाको मालिक छ । उसले अझै पनि राज्यका अनेकौं सुविधाहरूको उपभोग गरिरहेको छ । र, मुख्य कुरा त ऊ अझै पनि नेपालको एक राजकीय संस्थाका रूपमा कायमै छ । त्यसको अन्त्य भएको घोषणा गर्न सकिएको छैन ।

नेपालमा अब राजतन्त्रको कुनै आवश्यकता छैन, यसले नेपाली जनतालाई शोषण र शासन गर्नेबाहेक अरू कुनै काम गरेको छैन, त्यसैले अब यसलाई राख्नु हुँदैन, यसको अन्त्य गरी गणतन्त्र नेपालको स्थापना गर्नुपर्दछ भन्नेमा नेपाली जनताको ठूलो हिस्सा प्रतिबद्ध छ । तर, अझै पनि यहाँको सामन्त वर्ग र ठूलो पुँजीपति वर्गले नेपालमा कुनै न कुनै रूपको राजतन्त्र चाहिन्छ भन्ने धारणा राख्दछ । यहींनेर वर्तमान नेपाली समाजको राजनीतिक अन्तरविरोध खडा भएको छ । यस अन्तरविरोधको छिनोफानो कसरी गर्ने ? श्रमजीवी नेपाली जनता र तिनका राजनीतिक प्रतिनिधिहरूले विचार पु-याउनुपर्ने कुरा यही हो ।

इतिहासको गति पछाडि फर्कन मान्दैन । इतिहासलाई पछाडि धकेल्न चाहनेहरू असफल हुन्छन् । नेपालका राजाको पनि त्यही हविगत भएको छ । यदि अझै पनि कसैले यस कुरालाई बुझ्दैनन् र राजतन्त्रलाई बचाउन चाहन्छन् भने उनीहरूसमेत

राजतन्त्रसँगै सति जानुपर्नेछ । किनभने, नेपाली जनता अब यस देशमा राजतन्त्रजस्तो सडेगलेको संस्थालाई राखिरहन चाहँदैनन् । त्यसैले अबको गन्तव्य लोकतान्त्रिक गणतन्त्र हो । हामीलाई चाहिएको गणतन्त्र कुनै एक राजनीतिक दलले तानाशाही चलाउने गणतन्त्र पनि होइन । हामीलाई त सम्पूर्ण रूपले जनताले आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक आदि अधिकारहरूको निर्वाध प्रयोग गर्न पाउने पूर्ण स्वतन्त्रता भएको गणतन्त्र चाहिएको छ । त्यसैले हामी भनिरहेका छौँ, 'लोकतान्त्रिक गणतन्त्र ।' रूप होइन, सार प्रमुख हो भन्ने कुरा हामीलाई थाहा छ । त्यसैले हामी चाहन्छौँ- हाम्रो गणतन्त्र रूपमा मात्र होइन, सारमा नै लोकतान्त्रिक अर्थात् जनवादी चरित्रको होस् । त्यो कति हदसम्म लोकतान्त्रिक या जनवादी चरित्रको हुनसक्ला ? अहिले नै भन्न सकिँदैन । यति भने यकिनसाथ भन्न सकिन्छ कि अब नेपालमा राजतन्त्र रहने छैन र गणतन्त्रको स्थापना भइछाड्नेछ । किनभने, मात्रात्मक परिवर्तनको अवस्था एउटा निश्चित विन्दुमा पुगिसकेपछि गुणात्मक रूपान्तरण हुनु प्रकृतिकै नियम हो । अहिलेसम्म राजतन्त्रको जसरी मात्रात्मक निषेध हुँदै आएको छ, त्यसले अब गुणात्मक रूपमै अर्थात् सम्पूर्ण रूपमै राजतन्त्रलाई निषेध गर्ने दिशामा धकेलिसकेको छ । सवाल अरू एक धक्काको हो र त्यो धक्का सबै मिलेर दिनैपर्दछ ।

**-१३ माघ २०६३, मदननगर, बल्खु**

# बदलिएन माओवादीको व्यवहार

**' सूर्य थापा**

११ वर्ष लामो सशस्त्र जनयुद्धका क्रममा सत्ता कब्जा गर्न असफल भएको माओवादी नेतृत्व शान्तिपूर्ण राजनीतिक निकासको प्रक्रियामा जति मात्रामा अघि बढेको छ, त्यति उसको सिङ्गो पङ्क्ति र मुख्यतः तल्लो तहका कार्यकर्ताको व्यवहारमा सङ्गतीपूर्ण परिवर्तन भएको देखिँदैन । माओवादी अध्यक्ष प्रचण्डले १२ बुँदे समझदारीदेखि हतियार व्यवस्थापनसम्बन्धी नेपाल सरकार, माओवादी र संयुक्त राष्ट्रसङ्घीय मिसनका बीचको त्रिपक्षीय सम्झौतासम्म आइपुग्दा गरेका हस्ताक्षरको व्यवहारतः परीक्षण भइरहेको छ । यसमा माओवादीको बोली र व्यवहार, मुख्यतः राजनीतिक क्रियाकलापमा तादात्म्यता पाइँदैन ।

**नयाँ स्थितिमा पुरानै मनस्थिति**

शान्ति सम्झौतामा हस्ताक्षर गरिसकेपछि एउटा विद्रोही पक्षले तदनुरूप इमानदारीपूर्वक त्यसको कार्यान्वयनमा आफूलाई उतार्न गरेको पहल र प्रयत्न निश्चित रूपमा आशङ्कायुक्त हुनुहुँदैन । तर, माओवादीका व्यवहारले आशङ्का बढाउने काम अझ बढी गरिरहेका छन् । जनसमुदाय आफ्नो राजनीतिको वशमा पार्न खोज्नु यतिबेला माओवादी नेता-कार्यकर्ताको मुख्य अभिप्रायः देखिन्छ । उनीहरू आफ्नो सही नीति र व्यवहारका आधारमा जनसमुदायलाई आकर्षित र सङ्गठित गर्नेभन्दा पनि आफूहरूले भने अनुसार नहुने हो भने भविष्यमा आइपर्ने सङ्कट ज्यादै खतरनाक हुनसक्छ भन्दै जनतामा त्रासको खेती गरिरहेको अवस्थामा भेटिन्छन् । उनीहरूको मनस्थिति बदलिन नसकेको हो वा उनीहरूमा युद्धकालीन कार्यशैलीको 'ह्याङओभर' मेटिन नसकेको हो भन्ने छुट्याउन गाह्रो पर्दछ ।

माओवादीले जनकार्य र जनआधारित राजनीति कसरी गर्ने ? यसको छेउटुप्पो समाउन नसकेको देखिन्छ । नेतृत्वले कार्यकर्तामाझ सहरी-विद्रोहमार्फत 'क्रान्तिलाई पूर्णता दिन यो प्रक्रियामा अघि बढेको' शिक्षा-दीक्षा दिएको बुझिन्छ- तल्ला कार्यकर्ताको अभिव्यक्तिबाट । तर, अध्यक्ष प्रचण्डले आफूहरू 'समाजवादसम्म बहुदलीय प्रतिस्पर्धा गर्न प्रतिबद्ध रहेको' भन्ने बोलीको सहरी-विद्रोहबाट सत्ता कब्जा गर्ने रणनीतिसँग कहीँकतै मेल खाँदैन । यसबाट माथिल्लो पङ्क्ति छिटोभन्दा छिटो अन्तरिम सरकारमा पुगेर शान्ति प्रक्रियामा अघि बढ्दै निश्चित टुङ्गोमा पुग्ने जुन मनस्थितिमा छ, त्यस अनुरूप कार्यकर्तामाझ प्रस्तुत भई प्रशिक्षित गर्न सक्षम र सफल देखिँदैन । युद्ध र शान्ति प्रक्रिया, सत्ता कब्जा र सरकारमा सहभागिता, नौलो जनवाद र एक्काइसौं शताब्दीको जनवाद यस्ता अलग-अलग चीजका बीच माओवादी पङ्क्ति अन्योलग्रस्त छ । यसमा उनीहरूको मनस्थिति एउटै पाइँदैन । बरु अन्तरविरोधी व्याख्या, बुझाइ र व्यवहार जताततै रहेको छ- माथिदेखि तलसम्म । नयाँ परिस्थिति अनुरूप आफ्नो मनस्थिति र व्यवहार बदल्न नेतृत्वदेखि कार्यकर्ता पङ्क्तिसम्मलाई ज्यादै असजिलो परिरहेको छ ।

**मिलिसियाको सट्टा वाईसीएल, जनसत्ताको ठाउँमा जनसेवा ?**

शान्ति सम्झौतामा पुरानो संसद् र सरकारको विघटनसँगै माओवादीका माथिदेखि तलसम्मका जनसत्ताहरूसमेत विघटन गर्ने लिखित सहमति भएको छ । त्यस अनुसार, माओवादीको 'जनमुक्ति सेना ब्यारेक र हतियार कन्टेनरमा राखी दर्ता' गर्ने काम संयुक्त राष्ट्रसङ्घले गरिसकेको छ र हतियार प्रमाणीकरणको चरणमा काम थाल्न खोजिँदैछ । माओवादीले आफ्नो सेनाको सङ्ख्या दर्ताको प्रक्रियामा करिब तीन दोब्बर बढाएको र हतियारचाहिँ एकतिहाइ मात्रै देखाएको, अझ शक्तिशाली र महँगा हतियार लुकाएको आशङ्का सर्वत्र गरेको पाइन्छ । सेनाको सङ्ख्या बढाउने क्रममा मिलिसियालाई पनि सेनाका रूपमा दर्ता

गराउने र क्याम्पभित्र बस्दा सात हजार रुपियाँ मासिक तलब पाइने प्रचार गरेर हजारौँ बेरोजगार युवाहरूलाई ब्यारेकभित्र लैजाने काम गरेको तथ्य सार्वजनिक भइसकेको छ । शान्तिवार्ताको चरणमा आफ्नो सेना १० हजारबाट बढाएर ३५ हजार पुऱ्याएको तथ्य स्वयम् माओवादी नेता सीपी गजुरेलले नयाँदिल्लीमा बोलिसक्नुभएको छ । अहिले माओवादीले जनसेना र मिलिसियाको रिक्त स्थानमा गाउँगाउँमा योङ कम्युनिस्ट लिग (वाईसीएल) का गतिविधि चलाइरहेको छ । ०५२ सालमा 'जनयुद्ध' थाल्नुअघि खासगरी युवा समुदायबीचको सङ्गठनका रूपमा रहेको वाईसीएल रक्षा-दस्ताका काम गरिरहेको छ । सहरमा, अझ काठमाडौँमा अपराध नियन्त्रण गर्ने नाममा रात्रिगस्ती चलाउनेदेखि गाउँगाउँसम्म युद्धकालमा मिलिसियाले गर्ने सम्पूर्ण काम अहिले वाईसीएलले गर्ने तोकिएको र तदनुरूप परिचालन गरेको पाइन्छ । माओवादीको कामीडाँडामा भएको केन्द्रीय समितिको बैठकपश्चात् वाईसीएल पुनःगठन र पुनःस्थापना गरिएको छ ।

शान्ति सम्झौताबमोजिम भङ्ग गरिएका माओवादी जनसत्ताहरू नयाँ नाममा चलाउन खोजिएको छ । दाङमा स्थानीय गाउँ जनसत्ताका ठाउँमा माओवादीले गाउँ जनसेवा कार्यालय खोलेर त्यसमार्फत जनतालाई आफ्नो शासनको बन्धनमा पूर्ववत् रूपमा नै राख्ने काम गरिरहेका छन् । स्थानीय जनसत्ताले गर्ने सम्पूर्ण काम यस्ता नयाँ संयन्त्रमार्फत जारी राखिएको छ । जबरजस्ती चन्दा, कर र दण्डको क्रम बन्द भएको छैन । केन्द्रीयस्तरमा समेत माओवादी नेता डा. बाबुराम भट्टराईको नेतृत्वमा रहेको केन्द्रीय जनपरिषद्को विघटन होइन, पुनःगठन गरिएको छ । यसले शान्ति सम्झौताको परिपालना गरेको देखाउँदैन ।

**गाउँमा प्रायः शून्यताः शहरमा सक्रियता**

युद्धविराम र शान्ति प्रक्रिया आरम्भ भएपश्चात् माओवादी गतिविधि गाउँको सट्टा सहरकेन्द्रित हुन पुगेको छ । मुख्य नेतृत्वदेखि आमनेतृत्वपङ्क्ति एकैसाथ गाउँबाट सहरतर्फ लागेको छ । फलतः माओवादीको उपस्थिति गाउँमा शून्यप्रायः देखिन्छ । जिल्लास्तरीय नेतृत्वले सदरमुकाम र केन्द्रीय नेतृत्वले राजधानीमा विशेष रूपमा रहने, बस्ने र गतिविधि गर्ने गरिरहेको पाइन्छ । जसका कारण हिजो माओवादी प्रभाव र गतिविधिका केन्द्र बनेका गाउँ-ठाउँमा माओवादीहरूलाई भेट्न नसकिने स्थानीय बासिन्दाहरू बताउँछन् । प्यूठानको लुङ-बाहनेमा एक पाका व्यक्तिले भने- अहिले उनीहरूको सेना ब्यारेक गयो, नेताहरू सहर पसे, कार्यकर्ता सदरमुकामतिर लागेका छन् । त्यसकारण गाउँमा माओवादी भेटिन गाह्रो छ ।

माओवादी नेतृत्व र कार्यकर्तापङ्क्तिको बसाइ र खानपान चिताइनसक्नु खर्चिलो देखिन्छ । उनीहरूको यही हिसाबले खर्च धान्न सजिलो छैन । नेता-कार्यकर्ताको जनतामा आधारित भएर राजनीतिलाई समाजसेवाका रूपमा अघि बढाउने न मनसाय छ, न त व्यवहार नै । तडकभडकयुक्त खर्च र तदनुरूपको जीवनशैलीका कारण माओवादी नेता-कार्यकर्ताप्रति जनतामा क्रमशः गुनासो बढिरहेको छ । जनताका प्रश्न : माओवादीले एक समय पुलिस चौकी हटाउनुलाई नै क्रान्ति भन्दथे । त्यसका निम्ति उनीहरूले थुप्रै ठाउँका पुलिस चौकीमा आक्रमण गरी ठूलो धनजनको क्षति पनि गरे । तर, अहिले पुलिस चौकी पुनःस्थापना भएर गाउँ-गाउँमा माओवादी र प्रहरीले सँगसँगै आफ्ना गतिविधि गरेको देख्दा जनसमुदायमा थुप्रै प्रश्न खडा भएका छन् । आखिर, पुलिस चौकी हटाउनु मात्रै त क्रान्ति होइन रहेछ ! यसरी उनीहरू आश्चर्य प्रकट गर्दछन् ।

सदरमुकाममा केन्द्रित माओवादी नेताहरू आफ्नो अनुकूल मात्र प्रहरी चौकी पुनःस्थापना गर्न दिने प्रयासमा लागेको देखिन्छ । उनीहरूको चाहनाविपरीत हुँदा कतिपय गाउँमा पुलिस चौकी पुनःस्थापना गर्न उनीहरूले अवरोधसमेत गरेका छन् । पुनः स्थापित प्रहरी चौकीहरूमा भौतिक सुविधाको ज्यादै न्यूनता देखिन्छ । विगतका पूर्वाधार र भौतिक संरचना भत्काएको परिणाम राज्यका अङ्गहरूको काम व्यवस्थित गर्न गाह्रो परेको छ । तर, माओवादीले आफ्नो विगतप्रति कुनै प्रकारको पछुतो गरेको पाइँदैन ।

यस्तै स्थिति छ- गाउँ विकास समितिको । सर्वदलीय सहमतिमा स्थानीय निकायको सञ्चालन गर्ने सम्झौता भएकाले माओवादी पङ्क्तिमा यतिखेर विगतमा सत्ता खाली गर्न ध्वस्त पारिएका गाउँ विकास समितिप्रति मोह बढेको छ । उनीहरू सामान्य मर्मत-सम्भार गरेर भए पनि गाउँ विकास समितिको काम चलाउनुपर्ने सुझाव दिएर रचनात्मक भूमिकामा देखिन खोज्छन् ।

**व्यक्ति-व्यक्तिसम्म प्रलोभन**

माओवादी पङ्क्तिलाई क्रमशः आफ्नो असली हैसियत प्रस्ट भइरहेको छ । ठूलो सङ्ख्यामा सेना ब्यारेकभित्र बस्ने भएपछि राजनीतिक सुझबुझ भएका र तर्क-बहस गर्न सक्षम व्यक्तिलाई सैनिक फाँटबाट राजनीतिक काममा सरुवा गरिएको छ । थुप्रै सैनिक कमान्डर र उपकमाण्डरहरू यतिबेला माओवादीको जिल्ला र क्षेत्रीय ब्युरोस्तरका कमिटीमा सक्रिय देखिन्छन् । साथै, माओवादीले अन्य पार्टीका नेता-कार्यकर्तालाई आफ्नो पक्षमा तान्न सबभन्दा धेरै सक्रियता बढाएको छ । व्यक्ति-व्यक्तिसम्म पद र सुविधाको प्रलोभन बाँड्ने काम गरेर विभिन्न पार्टीका असन्तुष्ट र निष्क्रिय पङ्क्तिलाई आफ्नो पङ्क्तिमा सामेल गर्न माओवादीले योजनाबद्ध अभियान चलाएको छ तर परिणाम भने खासै उत्साह र उपलब्धिजनक हासिल गर्न सकेको छैन ।

खासगरी अन्तरिम विधायिका-संसद्मा माओवादीका ८३ सांसदको मनोनयनपश्चात् माओवादीको प्रलोभनको अस्त्र काम लाग्ने भएको छैन । युद्धकालमा माओवादी बनेका दाङका शिवराज गौतमलाई समेत माओवादीले विधायक नबनाएको देख्नेहरूमा प्रलोभनको भ्रम निष्प्रभावी हुन पुगेको छ । यस्ता अरू थुप्रै उदाहरण छन्, जसले माओवादीप्रति विशेष आकर्षित हुन खोज्नेहरू मच्चियो, मच्चियो- थच्चियोजस्तै बनेका छन् । फलतः माओवादीको आकर्षण र विस्तारमा ठहराव आइसकेको छ ।

माओवादीले युद्धकालमा थोपरेको हिंसा, आतङ्क र त्रासको राजनीति शान्ति प्रक्रियाले सकारात्मक गति लिएपश्चात् रोकिनुपर्थ्यो । तर, माओवादी कार्यकर्तामा विचारको भन्दा बढी हतियारको मोह कायमै छ । जसले गर्दा अपेक्षा अनुरूपको

भयमुक्त वातावरण बन्न सकेको छैन । मुद्दा-मामिला हेर्ने, अपहरण, थुनछेक र कुटपिट गर्ने क्रम रोकिएको छैन भन्ने पुष्टि गर्न रोल्पाको तालाबाङमा एमाले रोल्पा जिल्ला कमिटीका सचिव शान्तकुमार ओलीलगायतको टोलीमाथि माओवादीले गरेको अराजनीतिक व्यवहारले प्रस्ट गरेको छ । 'शान्ति र लोकतान्त्रिक गणतन्त्रका लागि जनअभियान' कार्यक्रमका साथ जनताको बीचमा पुगेको एमालेको स्थानीय नेतृत्वलाई समेत अवरोध गर्ने माओवादी रवैयाले उनीहरूको अभीष्ट र अभिप्राय छर्लङ्ग पारेको छ । माओवादीहरूमा आफ्नो प्रभाव क्षेत्र भनिएका गाउँठाउँमा अन्य पार्टीसँग प्रतिस्पर्धा गर्ने, त्यस्तो प्रतिस्पर्धामा जनताको साथ-सहयोग प्राप्त गर्ने र श्रेष्ठतम् ठहरिने सोचाइ ज्यादै कम पाइन्छ । उन्माद, असहिष्णुता, हतियारमोह र जबर्जस्ती अझै पनि माओवादीका विशिष्ट परिचय बनेका छन् । उनीहरूको नेतृत्वले जसरी लोकतान्त्रिक रूपान्तरणको कुरा गरिरहेको छ, व्यवहारतः त्यसको प्रयोग गर्ने दिशामा ज्यादै कम रुचि देखाइरहेका छन् । आखिर, किन यस्तो द्वैधचरित्र र व्यवहार प्रदर्शन गरिरहेका छन्- माओवादीहरू ? यो यतिबेला सर्वत्र उठिरहेको प्रश्न भएको छ ।

■

# जसको बलिदानले जनआन्दोलनको ज्वार ल्यायो !

सहिद उमेशचन्द्र थापाको बलिदान नेपालको लोकतान्त्रिक आन्दोलनमा विशेष प्रेरक बन्यो । राजा ज्ञानेन्द्रको हुकुमी शासनको बन्धनबाट सिङ्गो मुलुकलाई उन्मुक्ति दिन उहाँको जीवन-उत्सर्गले ऐतिहासिक जनआन्दोलनको व्यापक आधार सिर्जना गऱ्यो । एक वर्षअघिको चैत महिनाको प्रारम्भतिर जसरी जनआन्दोलन व्यापक बनाउनेतर्फ राजनीतिक नेतृत्व केन्द्रित भएको थियो, त्यसमा उहाँको सहादतले प्रेरणा र ऊर्जा प्रदान गरेको थियो ।

२०६२ माघ २६ गते दाङको घोराहीमा शाहीसत्ताको दमनमा परी मृत्युवरण गर्नुभएका उहाँ सिङ्गो लोकतान्त्रिक आन्दोलनलाई उचाइ प्रदान गर्ने महान् सहिद बन्नुभयो । एक वर्षपछि यसपालि माघ २६ गते दाङको घोराहीमा आयोजित प्रथम स्मृति दिवस एवम् श्रद्धाञ्जली सभामा उहाँको त्यस अतुलनीय बलिदानको सबै तह-तप्का र पक्षका प्रतिनिधिले विशेष स्मरण गरे । वास्तवमा उहाँ एक अमर सहिद बन्नुभएको अनुभूति दङ्गाली जनसमुदायले त्यसदिन अनुभूति गरे ।

श्रद्धाञ्जली सभामा आन्दोलनकारी दलका स्थानीय प्रतिनिधिहरूलाई आमन्त्रित गरिएको थियो तर माओवादीका कोही प्रतिनिधि श्रद्धाञ्जली सभामा आइपुगेनन् । जबकि दाङकै नारायणपुरमा माओवादीको राप्ती अञ्चलभरिका नेता-कार्यकर्ताको प्रशिक्षण भेला चलिरहेको थियो । आखिर, उनीहरूले उमेशचन्द्र थापाप्रति श्रद्धासुमन अर्पण गर्न किन उपेक्षा गरे ? आफ्ना प्रत्येक भाषणमा १९ दिनको आन्दोलनको महिमागान गरेर नथाक्ने माओवादी नेताहरूले यति छिट्टै सहिदको बलिदानप्रति बेवास्ता गरेकोमा भने धेरैलाई आश्चर्य लाग्नु स्वभाविक हो । शाही निरङ्कुशताको अन्त्य गरी लोकतान्त्रिक नयाँ नेपाल स्थापना गर्न बाह्रबुँदे समझदारीको मर्म अनुरूप नै कमरेड उमेशचन्द्र थापाले हाँसीहाँसी आफ्नो जीवनको आहुति दिनुभएको थियो । उहाँको सहादतलाई कोही-कसैले यसरी बिर्सन खोजे पनि नेपालको लोकतान्त्रिक आन्दोलनको इतिहासमा उहाँ अमर-योद्धाका रूपमा अङ्कित बनिसक्नुभएको छ ।

१९ दिन लामो ऐतिहासिक जनआन्दोलनमा उमेशचन्द्र थापाजस्ता आफ्नो जीवन उत्सर्ग गर्ने सहिदहरूको आकाङ्क्षा नेपालमा राजतन्त्रको समूल अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्नु नै रहेको थियो । यो सच्चाइलाई पक्रने हो भने उहाँहरूको सपना अझै पूरा भएको छैन । संविधानसभाको पहिलो बैठकबाट नेपालमा राजतन्त्रको भविष्य फैसला गर्न सहमत भएका आठ राजनीतिक दलहरूले सहिदको सपना पूरा गरेर अघि बढ्न कुनै प्रकारको भूलचुक गर्नुहुँदैन ।

सहिदको रगतसँग साटिएको लोकतान्त्रिक परिपाटीमा सहिदहरूको सपना साकार पार्न स्वयम् सरकारले ध्यान दिनुपर्छ । यद्यपि, सरकारले सहिदको आकाङ्क्षा अनुरूप काम गर्न नसकेको जनगुनासो क्रमशः बढिरहेको छ । स्वयम् सहिदपत्नी लक्ष्मी

थापाले यो कुरा बताइसक्नुभएको छ । उहाँको आग्रह छ- 'सरकारले उहाँहरूको सपना बिर्सनु हुँदैन । सहिदको स्वप्न बिर्सेर नयाँ नेपाल कदापि निर्माण हुनेछैन ।'

प्यूठानको बरौँलामा जन्मिएका उमेशचन्द्र थापा ०३५ सालदेखि दाङमा रहँदै आउनुभएको थियो । घोराहीमा उहाँको हत्या भयो र उहाँ भौतिक रूपमा बिदा हुनुभयो- परिवार र सबै स्वजनबाट । तर, उहाँ अमर सहिद हुनुभयो र सबैका निम्ति आदरणीय बन्नुभयो । प्रथम स्मृति दिवसमा प्यूठानको बरौँला र दाङको घोराहीमा आयोजित श्रद्धाञ्जली कार्यक्रम उहाँको अमर योगदानकै स्मरणका निम्ति भएका थिए । आफन्तहरू, पार्टीका नेता-कार्यकर्ता र व्यावसायिक मित्रहरूले समेत उच्च सम्मान प्रकट गरे- उहाँप्रति ।

जसरी नेपाली इतिहासमा गङ्गालालसहितका चार सहिदहरू जहाँनिया राणा शासनको अन्त्यका निम्ति आफ्नो अमूल्य जिन्दगी उत्सर्ग गरेकाले विशेष सम्मानित छन्, जसरी सुखानीका पाँच सहिदहरू निरङ्कुश पञ्चायती व्यवस्थाविरुद्ध आमूल परिवर्तनको शङ्खघोष गर्दै बलिदान दिएकाले अमर छन्, जसरी यदु गौतमहरूले माओवादी हिंसाको दुश्चक्रमा परी मृत्युवरण गरेर देशमा हिंसात्मक राजनीतिको अर्थहीनता प्रस्ट गर्दै अमर बनेका छन्, उमेशचन्द्र थापाको बलिदान नयाँ नेपाल निर्माणको महत्त्वबोध गराई देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने स्पष्ट ध्येय-उद्देश्यका खातिर थियो । मुलुकमा लोकतन्त्र अपरिहार्य रहेको कुरा मात्रै सहिद उमेशचन्द्र थापाले बगाएको रगतको सन्देश होइन, सम्पूर्ण प्रकारको निरङ्कुश परिपाटीको अन्त्य गरी नेपाल लोकतान्त्रिक गणतन्त्र हुनुपर्नेमा राजनीतिक नेतृत्वले सहिद उमेशचन्द्र थापाको बलिदानबाट प्रेरणा लिन सक्नुपर्छ । प्रथम स्मृति दिवसको अवसरमा कमरेड उमेशचन्द्र थापालगायत लोकतान्त्रिक आन्दोलनका तमाम अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जलि !

**– सूर्य थापा**

# वर्गीय र जातीय आन्दोलनबीचको अन्तर्सम्बन्ध

**' पृथ्वीसुब्बा गुरुङ**

नेपाली समाज अझै पनि अर्धसामन्ती/अर्धऔपनिवेशिक चरणमा नै छ । विगतको ऐतिहासिक जनआन्दोलनले नेपाली समाजको यो चरित्रलाई बदली पुँजीवादी चरणमा रूपान्तरण गर्न सकिने आधारभूमि तयार पारेको छ । यसरी अर्धसामन्ती र अर्धऔपनिवेशिक विशेषतासहितको सामन्तवाद ध्वंस हुने स्थितिमा छ । सामन्तवादको अन्त्यसँगसँगै नोकरशाह तथा दलाल पुँजीवादको पनि समाप्त हुनेछ । र, मुलुकमा नयाँ विशेषतासहितको पुँजीवादको स्थापना हुनेछ । नेपाली पुँजीवादको यो चरित्र न त पुरानो पुँजीवादजस्तो हुनेछन्, न नयाँ पुँजीवाद नै । विगतको जनआन्दोलन पुँजीवादी सामन्तवादी शक्तिहरू र क्रान्तिकारी शक्तिहरूको संयुक्त नेतृत्वमा सम्पन्न भएको थियो । वर्तमान स्थितिमा राज्यसत्ताको चरित्र पुँजीवादउन्मुख छ । क्रान्तिका मुख्य शक्ति किसान, मजदुर, महिला, आदिवासी जनजाति, दलित, मधेसी समुदाय, सबै पेसा व्यवसाय र सामाजिक-सामुदायिक तह र तप्का रहेका थिए । जनक्रान्तिको विशेषतासहितको ऐतिहासिक जनआन्दोलनको मुख्य शत्रु सामन्तवाद-दलाल नोकरशाही पुँजीवादको नायक निरङ्कुश राजतन्त्र थियो । यसर्थ, यो जनआन्दोलनपछि स्थापित राज्यको चरित्र, आन्दोलनको नेतृत्व, त्यसको मुख्य शक्ति, त्यसको शत्रु शक्ति, स्थापित राज्यसत्ताको दिशा आदि तत्त्वहरूले वर्तमान व्यवस्थाले सङ्क्रमणकालीन पुँजीवादको विशिष्ट रूप धारण गरेको छ भन्न सकिन्छ । यो सङ्क्रमणकालीन राज्यसत्ताको आधार यहीबेला स्थापित हुने उत्पादन पद्धतिले निर्धारण गर्दछ । राज्यसत्ताको त्यो आधारको रूपमा रहेको उत्पादन पद्धतिले यसको अवशेष अर्थात् अधिसंरचना जस्तो कि राज्य, सरकार, संसद्, सेना, न्यायपालिका, विचारधारा, दर्शनको निर्धारण गर्दछ ।

महान् दार्शनिक कार्ल मार्क्स भन्नुहुन्छ- आधारभूत समाजशास्त्रीय नियम अनुसार भौतिक जीवनका लागि स्थापित उत्पादन पद्धतिले सामाजिक, राजनीतिक र बौद्धिक जीवन प्रभावित गर्दछ । यसबाट स्पष्ट हुन्छ कि समाजमा जस्तोखाले उत्पादन पद्धति हुन्छ, समाजमा त्यही अनुरूपको सामाजिक संरचना हुन्छ । त्यही संरचना अनुरूपको राजनीतिक सङ्गठनहरू हुन्छन्, त्यसलाई 'फिड' गर्ने वैचारिक एवम् दार्शनिक पक्षहरू रहन्छन् । उदाहरणका लागि आदिम सामुदायिक उत्पादन पद्धतिमा समाजको सामाजिक संरचना वंशगत समाज र कबिला (गणजातीय) समाजमा आधारित थियो । राजनीतिक विचारधारा र सङ्गठनहरू त्यही अनुरूपका मातृसत्तात्मक चरित्रका थिए । गणपरिषद्हरूद्वारा गणनायकहरू चुनिन्थे । समाजको उत्पादन पद्धति जब दास प्रथात्मक बन्यो, तब समाजको सामाजिक संरचना कबिला तथा प्रारम्भिक चरणको जनजातिले बनेको

थियो । यो उत्पादन पद्धतिले सामाजिक संरचनालाई वर्गीय बनायो । शोषक र शोषित, उत्पीडक र उत्पीडितको अस्तित्वमा देखापरे र समाज वर्ग वैरभावयुक्त बन्यो । भाग्यवाद, कर्मवाद, ईश्वरवादको विचारधारा र दर्शनको प्रादुर्भाव भयो । सामन्तवादले दास प्रथात्मक समाजको स्थान लिएपछि उत्पादन पद्धति कृषि अर्थतन्त्रमा आधारित बन्यो । त्यही अनुरूपको कविला समुदाय, जनजातिहरू तथा प्रारम्भिक स्तरका जातिहरूको संयुक्त सामाजिक संरचना बन्यो । त्यही अनुसारको राज्य र राजनीतिक सङ्गठन, राजतन्त्रको स्थापना भयो ।

सामन्त र किसानहरू, घरेलु कालिगढहरू देखापरे । त्यही सामाजिक संरचना र उत्पादन पद्धति सुहाउँदो राजनीतिक, धार्मिक, दार्शनिक, कानुनी, नैतिक, वैज्ञानिक, कला साहित्यको स्थापना भयो । सामन्ती समाजको विस्थापन पुँजीवादी समाजले गरेपश्चात् सामाजिक संरचना विभिन्न वर्गहरू र कविला, जनजाति र जातीय समूहहरूले गठन भयो । तसर्थ, सामाजिक मुक्तिको सिद्धान्त अगाडि बढाइरहँदा केवल वर्गीय मुक्तिले मात्र पूर्णता पाउन सक्दैन । त्यो समाजले पूर्ण मुक्ति पाउनका लागि वर्गीय मुक्तिका साथसाथै त्यहाँका कविला, जनजातीय समूहहरूको मुक्ति पनि अनिवार्य सर्त बन्दछ । तसर्थ, सामाजिक मुक्तिका लागि क्रान्तिको नेतृत्व गरिरहेको सर्वहारा श्रमजीवी जनताको अनुभव राजनीतिक सङ्गठक कम्युनिस्ट पार्टीले नेपालको आधारभूत वर्ग, किसान, मजदुर, शहरिया गरिब, निम्न पूँजीपतिहरूको मात्र मुक्तिको कुरा गरेर पूर्णता प्राप्त गर्न सक्दैन । क्रान्ति पूरा गर्नका लागि वर्गीय मुक्तिका साथसाथै नेपाली समाजको मूल प्रवाहबाट बहिष्करण वा अलगावमा परेका आदिवासी जनजातिहरू, दलितहरू, मधेसी, महिला आदिजस्ताको सामाजिक-सांस्कृतिक मुक्ति हुनुपर्दछ । यसका लागि कम्युनिस्ट पार्टीले क्रान्तिकारी वर्गीय संयुक्त मोर्चामा किसान, मजदुर, महिला, युवा, विद्यार्थी, कलाकर्मीहरूको जनवर्गीय सङ्गठन निर्माण गरेर मात्र पुग्दैन । आदिवासी जनजाति, दलित र मधेसी समुदायका बीचमा सामाजिक-सांस्कृतिक-सामुदायिक एवम् जातीय सङ्गठनहरू निर्माणमा वर्गीय संयुक्त मोर्चालाई व्यापक र बृहत् बनाउनुपर्दछ । तसर्थ, नेकपा (एमाले) ले नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासङ्घ र त्यसका ५९ वटा घटक सङ्घहरू एवम् लोकतान्त्रिक मधेसी सङ्गठन निर्माण गरेर आफ्ना वर्गीय आन्दोलनलाई पूर्णता प्रदान गरेको छ । वर्गीय आन्दोलन अझ सशक्त बनेको छ । एकाङ्गी र अपाङ्ग हुनबाट जोगाएको छ ।

सामन्तवादको अन्त्यको अर्थ सामन्ती उत्पादन पद्धतिको स्थानमा नयाँ जनवादी (जबज) उत्पादन पद्धतिको स्थापना गर्नु हो । सामाजिक भेदभाव देखिने मानिसद्वारा मानिसविरुद्ध हुने सबैखाले शोषणको अन्त्यको सामाजिक आधार तयार गर्नु हो । त्यसका लागि जातीय उत्पीडनको समाप्त गर्नु हो । जनताबीचको सङ्घर्षको अन्त्य गर्दै समाजवादको स्थापना गर्नु हो । कुनै पनि व्यक्ति वा समाज, सामाजिक समूह वा जनजाति/जात/जातिका दुइटा मुलभूत तत्त्वहरू अन्तरनिहित हुन्छन् । एउटा तत्त्व उसको आर्थिक हिसाबले स्थापित हुने वर्गीय चरित्र तथा त्यसको आधारमा निर्माण हुने दृष्टिकोण र स्वार्थ । त्यसैगरी, अर्को तत्त्व भनेको आफू रहेको समाज वा आफ्नो जाति/जनजाति वा सामाजिक संरचनाको हिसाबले निर्माण हुने सांस्कृतिक चरित्र तथा त्यसैका आधारमा निर्माण हुने दृष्टिकोण र स्वार्थ । मार्क्सवादी-लेनिनवादीहरू मानव समाजका सबै प्रकारका शोषण, उत्पीडन, दमन र भेदभावको अन्त्य गरी समानतामा आधारित वर्गविहीन, राज्यविहीन र समाजको स्थापना गर्ने महान् लक्ष्य लिएका हुने हुनाले साम्यवादी समाजको स्थापना उसको महान् कार्यभार हो । यही उद्देश्यका साथ कम्युनिस्टहरूले नेपाली समाजमा विद्यमान जातीय, भाषिक, सांस्कृतिक, भेदभाव, उत्पीडन र असमानताको अन्त्य गर्न जातीय सङ्गठनहरू निर्माण र परिचालन तथा मार्गनिर्देशन गर्नुपर्दछ । तसर्थ, जातीय सङ्गठनहरूको निर्माण गर्नु कुनै साम्प्रदायिक र गैरवर्गीय काम होइन भन्ने कुरामा हामी स्पष्ट हुनुपर्दछ ।

**जातीय शोषण भनेको के हो ?**

जातीय शोषण भनेको कुनै उत्पीडक जातिको शासक वर्गद्वारा उत्पीडित जातिको विशाल बहुसङ्ख्यक जनता, मूलतः मजदुर, किसान तथा अन्य श्रमजीवी जनतामाथि गरिने शोषण हो । नेपालको सन्दर्भमा जातीय शोषण भनेको उत्पीडित जाति, खस-आर्य जातिको शासक वर्गद्वारा उत्पीडित आदिवासी/जनजातिहरू, दलितहरू, तराईका विभिन्न जात/समूहहरूको विशाल, बहुसङ्ख्यक मजदुर, किसान तथा आमश्रमजीवी जनसमुदायमाथि गरिरहेको शोषण, उत्पीडन नै हो । वर्तमान नेपाली समाज पनि वर्गीय समाज नै रहेकाले कार्ल मार्क्सले भन्नुभएजस्तै 'विद्यमान मालिकत्व-सम्बन्धले एक जातिद्वारा अर्को जातिको शोषणको लागि अवस्था प्रदान गर्छ ।

शोषक/उत्पीडक जातिका पुँजीपतिहरू, सामन्तहरू तथा अन्य शोषक वर्गले सधैंभरि उत्पीडित जातिका आमश्रमजीवी जनतालाई दमन, उत्पीडन र शोषण गर्नुका साथै आफ्नै जातिका अन्य श्रमजीवी जनतालाई पनि शोषण र दमन गर्दछन् । यसका साथै उनीहरू साम्राज्यवादी तथा वैदेशिक एकाधिकारवादीहरूसँग मिलेर उदारवाद, निजीकरण, खुलापन र विश्वकीकरणको नाममा भईकन आदिवासी/जनजातिहरूको प्राकृतिक श्रोत र साधन तथा उनीहरूको सीप र ज्ञानलाई जबर्जस्ती खोस्ने काम गरिरहेका छन् । यसका लागि उनीहरू सामन्तवाद तथा पुँजीवादको वकालत गर्दछन्, त्यसको व्यवस्था स्थापित गर्ने प्रयत्न गर्छन् । तसर्थ, सामन्तवाद र पुँजीवाद रहेसम्म, साम्राज्यवादको प्रभाव रहेसम्म, शोषक वर्ग र शोषण व्यवस्था रहेसम्म जातीय थिचोमिचो र शोषण समूल रूपमा नष्ट हुन सक्दैन ।

सामन्तवर्ग तथा पुँजीपति वर्गले जातीय शोषण र उत्पीडन भनेको एउटा जातिको (शासक जातिको) सम्पूर्ण जनता र अर्को शोषित जातिको सम्पूर्ण जनताबीचको सङ्घर्ष तथा विरोध हो भने मान्यता राख्छन् । तर, मार्क्सवादी-लेनिनवादीहरूको दृष्टिमा जातीय शोषण र उत्पीडन भनेको शोषित र उत्पीडित जनजाति, दलित जनतामध्ये जातीय शोषण र थिचोमिचो भोग्ने नै मुख्य रूपले उत्पीडित र शोषित वर्गहरू हुन्, मजदुरहरू, किसानहरू र आमश्रमजीवी जनता हुन् । तसर्थ, जातीय सङ्घर्ष वास्तविक अर्थमा वर्गसङ्घर्ष हो । कहिलेकाहीँ आफ्नो वर्ग स्वार्थमाथि साम्राज्यवादी अतिक्रमण हुँदा सामन्तवर्ग, पुँजीपति

वर्गका केही व्यक्तिहरू श्रमजीवी जनतासँग मिलेर जातीय उत्पीडनविरुद्ध लड्न सक्छन् । यस सङ्घर्षमा सर्वहारा वर्गको राजनीतिक सङ्गठन नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाल आदिवासी/जनजाति महासङ्घ, नेपाल लोकतान्त्रिक आदिवासी/जनजाति महासङ्घलगायतका जातीय सङ्गठनहरूले उनीहरूसित सहकार्य गर्नुपर्छ, मोर्चाबन्दी गर्नुपर्छ र साम्राज्यवादका विरुद्ध लड्नुपर्छ । अर्कोतिर, उत्पीडित जनजातिका, दलितका प्रतिक्रियावादीहरूले कहिल्यै पनि जातीय थिचोमिचोको विरोध गर्ने छैनन् । बरु यसको विपरीत उनीहरू शोषक जातिका शासकहरूसँग साँठगाँठ गर्नेछन्, एकगठ हुनेछन् र आफ्नै जातिका जनताको शोषण र उत्पीडन गर्न तिनीहरूलाई साथ दिनेछन् । उदाहरणका लागि उत्पीडित जनजातिभित्रका गोरेबहादुर खपाङ्गी, नारायणसिंह पुन, शेखर गुरुङ, गोपाल दहित, बद्रीप्रसाद मण्डल, दलित जातका प्रकाश परियार र उत्तम टमटाहरू । यसर्थ हामी भन्न सक्छौं कि जातीय शोषण-उत्पीडन वास्तवमा वर्गीय शोषण-उत्पीडन नै हो । जातीय उत्पीडनविरोधी सङ्घर्ष वास्तवमा वर्गीय उत्पीडनविरोधी सङ्घर्ष नै हो । र, आफ्नै उत्पीडित जातिका प्रतिक्रियावादी र विश्वासघातीहरूको विरुद्धको सङ्घर्ष पनि हो ।

तसर्थ, हामी मार्क्सवादी-लेनिनवादीहरू जातीय समस्या नेपाली क्रान्तिको एउटा ज्वलन्त समस्या हो भन्ने ठान्दछौं । वर्गीय समस्याको समाधानका साथसाथै जातीय समस्याको समाधान गरेर मात्र नेपाली क्रान्ति सम्पन्न हुन सक्दछ । वास्तवमा जातीय सवाल वर्गीय सवालको अभिन्न अङ्ग हो भन्ने कुरालाई कम्युनिस्ट घोषणापत्रमा मार्क्स-एङ्गेल्सले यसरी उल्लेख गर्नुभएको छ :

'जुन अनुपातमा एक व्यक्तिद्वारा अर्को व्यक्तिको शोषणको अन्त्य हुन्छ, त्यही अनुपातमा एक जातिद्वारा अर्को जातिको शोषणको पनि अन्त्य हुनेछ । यसका साथै जुन अनुपातमा एक जातिभित्र वर्गहरूबीचको वैरभाव दिलाउँछ, त्यही अनुपातमा एक जातिप्रति अर्को जातिको शत्रुताको पनि अन्त्य हुनेछ ।' यसका साथै जातीय शोषणको अर्को पाटो पनि छ, त्यो हो-सांस्कृतिक पाटो । आदिवासी/जनजातिहरूलाई राज्यले उनीहरूले मान्दै आएको परम्परा र धार्मिक आस्थामाथि अपमान गर्ने, असमान व्यवहार गर्ने र राजकीय धर्मको एकाधिकार लाद्ने काम भएको छ । उनीहरूको धार्मिक आस्थामाथि प्रहार गरेको छ । त्यसैगरी उनीहरूको भाषामाथि राज्यले शासक जातिको भाषालाई आफ्नो भाषा घोषणा गरी अन्य भाषाहरूमाथि दमन-उत्पीडन गरेको छ । धर्म, भाषा, संस्कृति पनि राजनीतिजस्तै जातीय सापेक्षतामा सञ्चालन भइरहेकाले नेपालको सन्दर्भमा वर्गीय विभेदका साथसाथै माथि उल्लिखित सांस्कृतिक विभेदको अन्त्य हुन जरुरी छ, जुन जातीय शोषणको एउटा महत्त्वपूर्ण हिस्सा हो ।

यसरी नेपालमा जातीय समस्या नेपाली क्रान्तिको एउटा हिस्सा बनेको छ । नेपाली क्रान्तिको विकास र सफलताले मात्र नेपालमा जातीय समस्याको समाधान ठोस रूपमा गर्न सकिन्छ । हाम्रो मुलुकमा खस जातीय अहङ्कारवादको जातीय उत्पीडनमा करिब ४० प्रतिशत जनसङ्ख्या भएका जनजातिहरू, १३ प्रतिशत जनसङ्ख्या भएका दलितहरू, १२ प्रतिशत मधेसी पिछडा वर्गहरू र चार प्रतिशत अल्पसङ्ख्यकहरू परेका छन् । तसर्थ, नेपालका खस जाति अन्य जातिवाद (अहङ्कारवाद) को जातीय उत्पीडनचाहिँ सार रूपमा व्यापक खस-आर्य श्रमजीवी जनताको उत्पीडन गर्ने उक्त जातिका सामन्त-दलाल तथा नोकरशाही पुँजीपति वर्गद्वारा गरिएको उत्पीडन हो । उत्पीडित जनजातिहरूभित्र पनि त्यस्ता शोषक र उत्पीडक वर्गहरू छन्, जो उत्पीडक जातिका शोषक र उत्पीडक वर्गसँग साँठगाँठ गरेर व्यापक श्रमजीवी जनताको शोषण उत्पीडन गरिरहेका छन् । अन्तिम निष्कर्षमा यो नै नेपाली जातीय समस्याको सार र वर्ग स्वरूप रहेको छ । तसर्थ, सामन्तवाद-दलाल नोकरशाही पुँजीवाद र आमनेपाली जनताको बीचको अन्तरविरोध नेपाली समाजको मुख्य अन्तरविरोध रहेको छ । यसको सामाधान गरेर मात्र जातीय समस्याको समाधान हुनेछ ।

**नेपाली क्रान्तिको सवाल के हो ?**

नेपाली जनवादी क्रान्तिको सवाल भनेको केवल एउटा शासक वर्गको शासनसत्ता अन्त्य भएर अर्को वर्गको शासनसत्ता स्थापना गर्नु मात्र होइन । नेपाली जनवादी क्रान्तिको विजयको अर्थ अर्धसामन्ती र अर्धऔपनिवेशिक उत्पादन पद्धतिको ध्वंस गरेर नयाँ जनवादी (जबज) उत्पादन पद्धतिको स्थापना गर्नु हो । र, यसका साथै अर्धसामन्ती र अर्धऔपनिवेशिक राज्यसत्ताको पुरानो एकात्मक ढाँचालाई भत्काएर जनताको जनवादी राज्यसत्ताको नयाँ सङ्घात्मक ढाँचा निर्माण गर्नु पनि हो । यी तीन महान् अभिभाराहरू नै नेपाली क्रान्तिका आधारभूत र केन्द्रीय कार्यभारहरू हुन् । नेपालका आदिवासी/जनजातिको मुख्य लक्ष्य भनेको नेपाली क्रान्ति सम्पन्नका साथसाथमा सामन्ती एकात्मक हिन्दू राज्यसत्ताको स्थापना गर्नु हो । नेपाली क्रान्तिको वर्तमान सङ्क्रमणकालीन चरणमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्नु हो । यसको मूल आधार जातीय/क्षेत्रीय स्वशासन कायम गर्नु हो । शासन प्रणालीको सबै तहमा समानुपातिक प्रतिनिधित्व र पहुँच स्थापित गर्नु हो । राज्य प्रणालीका नीति निर्माण र निर्णय गर्ने, त्यसको कार्यान्वयन गर्ने सबै संरचनाहरूमा उनीहरूको समान सहभागिता, साझेदारिता, प्रतिनिधित्व र पहुँच हुनुपर्दछ भन्ने रहेको छ । राज्यसत्ता र शासन प्रणालीमा उत्पीडित जनजातिहरू, दलित जातहरू र मधेसी समुदायको पहिचान गरी समानुपातिक प्रतिनिधित्व र साझेदारी तथा पहुँच पुऱ्याउने कुरा जनताको जनवादी राज्यसत्ताको महत्त्वपूर्ण कार्यभार हो । जनताको जनवादी राज्यसत्तालाई बढीभन्दा बढी स्वशासनमुखी बनाउनुपर्दछ । राज्यलाई लोककल्याणकारी बनाउनुपर्दछ । जातीय/क्षेत्रीय स्वशासन जनताको जनवादी राज्यसत्ताको अभिन्न र आधारभूत अङ्ग बन्नुपर्दछ ।

**नेपालमा जातीय समस्या समाधान गर्न ध्यान दिनुपर्ने कुराहरू**

प्रत्येक जनजाति र दलितभित्र वर्गहरू छन् । कुन वर्ग आदिवासी/जनजातिको, दलितको, मुस्लिमको, मधेसी समुदायको मुख्य अंश रहेको छ ? जातीय स्वार्थभन्दा हामीले कसको स्वार्थ देखेका छौं ? जातीय मुक्ति भन्नाले सार रूपमा कसको मुक्ति हुन्छ ? जातीय, भाषिक, धार्मिक, सांस्कृतिक सम्पन्नता र स्वतन्त्रता भन्नाले केलाई बुझेका छौं ? यी सवालहरूको जवाफ

सर्वहारा श्रमजीवी दृष्टिकोण र प्रतिक्रियावादी दृष्टिकोणमा सार रूपमा भिन्नता छ । प्रत्येक जनजातिभित्र सामन्त वर्ग, दलाल, नोकरशाही पुँजीपति वर्ग पनि छन् । मजदुर, किसान, निम्न पुँजीपति वर्ग, सहरिया गरिबहरू छन् । जनजातिभित्र ९५ प्रतिशतभन्दा बढी मानिसहरू श्रमजीवी छन् । दासका रूपमा रहेका कमैयाहरू थारु जनजातिकै छन् । विदेशी सेनामा अवसर पाएमा गुरुङ, मगर, राई, लिम्बू, सुनुवार, तामाङ, थाक्लालाई छोड्ने हो भने अधिकांश जनजातिहरू गरिबीको रेखामुनि बाँच्न विवश छन् । अझै पनि जङ्गलमा रहेका कुसुन्डा, राउटे, ओडारमा नै रहेका चेपाङ र वकरियाहरू जनजाति नै छन् । जनजातिभित्र जमिनदार वर्ग अत्यन्तै न्यून छ वा छैन भन्दा पनि हुन्छ । दलाल पुँजीपतिहरूको स्थिति पनि त्यस्तै छ । नोकरशाह पुँजीपतिहरू त शासक जातिको तुलनामा शून्य बराबर नै हो किनभने प्रशासन, सेना, प्रहरी र राजनीतिमा उनीहरूको पहुँच अत्यन्त कम छ । वैदेशिक सेनामा जागिर खाएकाहरू नवराष्ट्रिय पुँजीपतिवर्गका रूपमा स्थापित हुँदैछ । तसर्थ, नेपालका आदिवासी/जनजातिको मुक्ति भन्नाले सार रूपमा सर्वहारा-श्रमजीवी जनताको मुक्ति नै हो । जनजातिका स्वार्थ भन्नाले आमश्रमजीवीवर्गको स्वार्थ नै हो । दलितहरू त आर्थिक रूपले विपन्न, सामाजिक रूपले तिरस्कृत र सांस्कृतिक रूपले पछौटे छन् । दलितहरूभित्र ९९ प्रतिशत सर्वहारा श्रमजीवी वर्ग छन् । तसर्थ, दलित मुक्ति भन्नाले सार रूपमा वर्गीय मुक्ति आन्दोलन नै हो ।

यसैगरी, वर्गीय विभेदको अन्त्यका साथसाथै जातीय/सांस्कृतिक विभेदको अन्त्य गर्नु पनि उत्तिकै आवश्यक छ । सामन्ती एकात्मक हिन्दू राज्य र केन्द्रीकृत शासन प्रणालीले बहुजातीय मुलुकलाई एक जातीय राज्य (खस जाति), बहुभाषिक मुलुकलाई एक भाषिक (खस-भाषा) राज्यका रूपमा सञ्चालन गरेर, बहुधार्मिक मुलुकलाई हिन्दू राज्य बनाएर, बहुसांस्कृतिक मुलुकलाई खस-आर्य संस्कृतिको राज्य बनाएर जुन खालको एक जाति, एक भाषा, एक धर्म, एक संस्कृतिको एकाधिकार लादियो, अहङ्कारवादी नीति लादियो, यसले ठूलो विभेद खडा गरेको छ । र, फलतः आदिवासी जनजातिहरूले देश हाम्रो हो तर राज्य हाम्रो होइन भनेर चित्त दुखाइरहेका छन् । आज दुखेको चित्त भोलि फाटेमा के होला ? तसर्थ, जाति, भाषा, संस्कृति, धर्मको क्षेत्रमा रहेका असमानता, भेदभावलाई अन्त्य गरेर मात्र यहाँको वर्गीय आन्दोलनलाई व्यापक र सुदृढ बनाउन सकिन्छ, नेपाली जनताको पुँजीवादी क्रान्ति सम्पन्न गर्न सकिन्छ । यही नै नेपाली सर्वहारा वर्गको जातीय मुक्तिसम्बन्धी दृष्टिकोण हो । यसको विपरीत नेपालमा प्रतिक्रियावादीहरू सधैँभरि आफ्नो वर्गस्वार्थलाई सम्पूर्ण जनताको स्वार्थभन्दा माथि राख्छन् । उनीहरू जनजाति र दलितको नाउँमा एकाधिकार जमाउँछन् र आफूलाई दलित र जनजातिका खाँटी प्रतिनिधि र जातीय स्वार्थका संरक्षक ठान्छन् । उनीहरूको सोचमा उनीहरू नै जनजातिका मुख्य अङ्ग हुन् र उनीहरूको वर्गीय स्वार्थ नै जातीय स्वार्थ हो । सबै जनजातिभित्रका शोषकहरू जनजातिहरूले राजनीति गर्नुहुँदैन भनेर आमजनजातिहरूलाई दिग्भ्रमित पारिरहेका छन् । यही नै पुँजीपतिहरू र सामन्तहरूको जातीय मुक्तिसम्बन्धी वर्ग-दृष्टिकोण हो । यसैले, जातीय स्वार्थ भनेको सर्वहारा श्रमजीवी वर्गको स्वार्थ हो । किनभने, उनीहरू विशाल बहुसङ्ख्यामा छन्, शोषित र पीडित छन् । यसरी नै जनजातीय मुक्ति भन्नाले जनजातिमा विशाल बहुसङ्ख्यक जनताको मुक्ति हो ।

**जातीय समस्या समाधानका लागि भरोसायोग्य शक्ति कुन हो ?**

नेपालका आदिवासी/जनजातिका, दलित भित्रका सामन्तहरू र पूँजीपतिहरू सुधारात्मक नीतिहरू कार्यान्वयन गर्ने प्रतिष्ठान, आयोग र समितिहरूबाट जातीय समानता र मुक्ति हासिल गर्न सकिन्छ भन्ने मान्यता राख्छन् । केही मान्छेहरू अझै पनि शोषक वर्गका केही ठालू व्यक्ति, राजा-महाराजाको कृपाबाट यो समस्याको समाधान देख्छन् । कोही कोही व्यक्तिहरू सुधारवादी शक्तिहरूको भरोसायोग्य वा वैदेशिक दाताहरूको सहायतामा सुधारात्मक कार्यक्रम चलाएर जातीय मुक्ति र समानता र स्वतन्त्रता प्राप्त गर्न सकिन्छ भन्ठान्छन् । कतिपय सर्वहारा श्रमजीवी वर्गको पार्टी कम्युनिस्ट पार्टीका नेता/कार्यकर्ताहरू जातीय सवाललाई साम्प्रदायिकतावादी वर्ग विखण्डनवादी बिल्ला भिराएर शासक जातीय अहङ्कारवादी दृष्टिले हेर्ने गल्ती गर्दछन् । यो दृष्टिकोण आमसर्वहारा श्रमजीवी जनता र क्रान्तिको आधारभूत रूपले विरोधी दृष्टिकोण हो । अवश्य पनि आदिवासी जनजाति, दलित वा अन्य जातिका वा जातीय समूहका बहुसङ्ख्यक सर्वहारा श्रमजीवी जनतामाथि भरोसा राख्न छाडेर क्रान्तिलाई आफ्नो मनोगत आग्रह र क्रान्तिकारी रोमान्सको विषय बनाइरहेकाहरूको झुसिलो दृष्टिकोण हो । तर, हामी मार्क्सवादी-लेनिनवादीहरूको दृष्टिमा उत्पीडित दलितहरू, शोषित जनजातिहरू र अन्य समूहहरूको व्यापक जनसमुदायहरूबाट चलाइने क्रान्तिकारी सङ्घर्षद्वारा मात्र जातीय समस्याको समाधान गर्न सकिन्छ । यो समस्यालाई पूर्णरूपले समाधान गर्ने हो भने नेकपा (एमाले) ले आदिवासी जनजातिहरू, दलितहरू, मुस्लिमहरू तथा अन्य शोषित, उत्पीडित, श्रमजीवी आमजनतालाई सचेत, सङ्गठित र परिचालित गर्नुपर्दछ । साथसाथै, शोषित, उत्पीडित र श्रमजीवी आमजनतालाई सचेत, सङ्गठित र परिचालित गर्नुपर्छ । त्यसको नेतृत्व गर्नुपर्छ र क्रान्तिकारी सङ्घर्ष चलाउनका लागि एकजुट पार्न सकिनेजति सबैलाई एकताबद्ध पार्नुपर्छ र क्रान्तिलाई दृढतापूर्वक लक्ष्यसम्म पुऱ्याउनुपर्छ । जातीय समस्या समाधान गर्न अपनाइने सुधारवादी, परनिर्भरवादी एवम् कृपावादी सबै सिद्धान्तहरू आधारभूत रूपले गलत छन् । यो जातीय नीतिसम्बन्धी सर्वहारावादी दृष्टिकोण हो । क्रान्ति र वर्गसङ्घर्षभन्दा छुट्टै रूपमा जातीय समस्याको समाधान हुँदैन । तर, सर्वहारा वर्गको पार्टी यस दृष्टिकोणबाट अलग्गियो वा खुट्टा कमायो भने त्यतिखेर त्यो आन्दोलन वैचारिक नेतृत्वको अभावमा दिग्भ्रमित हुनजाने खतरा रहन्छ । तसर्थ, नेपालमा जनताको जनवादी क्रान्ति सम्पन्न गर्न आदिवासी जनजाति, दलित, मुस्लिमलगायत जातिहरूको रूपमा जनसमुदायको नेतृत्व नेकपा (एमाले) ले गर्नुपर्दछ ।

अन्त्यमा, वर्गसङ्घर्षको सिद्धान्तबाट अनुप्राणित हुन नसकेका जातीय सङ्घर्षहरूले पृथकतावाद र विखण्डनवादको बाटो लिन पुगेको हामीले देखेका छौँ । नेपालका आदिवासी/जनजातिले सञ्चालन गरेको सङ्घर्षमा सही मार्क्सवादी-लेनिनवादी मार्गदर्शन हुनसकेन भने त्यो प्रतिक्रियावादीहरूको खेलौना बन्नेछ । र, साम्प्रदायिकताको फोहरी आहालको दलदलमा फस्नेछ ।

वर्गीय स्वरूप ग्रहण नगरेका र वर्गदृष्टिकोण स्पष्ट नभएका जातीय आन्दोलनले जातीय मुक्ति प्राप्त गर्न नसक्ने मात्र होइन, त्यो आन्दोलन अन्ततोगत्वा पृथकतावाद, साम्प्रदायिकतावाद र विखण्डनवाद हुँदै आतङ्कवादमा परिणत हुने गर्दछ । नेपालका बहुसङ्ख्यक आमजनताको बीचमा विद्यमान यस्ता जातीय, भाषिक, सांस्कृतिक एवम् वर्गीय र लैङ्गिक समस्याहरूलाई सही समाधान गर्न मार्क्सवादी-लेनिनवादी नीतिका आधारमा मुलुकलाई एकीकृत राज्यका रूपमा सुदृढ गर्न, जनताको जनवादी राज्यसत्ता प्राप्त गर्न, मजदुर-किसान तथा जात/जनजातिहरूको, भाषा-भाषीहरूको एकतालाई बलियो पार्न, जातीय समानताको सुरक्षा गर्न, जातीय, क्षेत्रीय स्वशासनको व्यवस्थालाई व्यवहारमा उतार्न, आदिवासी जनजाति, दलित र अन्य सम्पूर्ण वर्ग-समूहलाई जनवादी क्रान्ति पूरा गर्नमा मार्गदर्शन गर्न, नेपालको जातीय समस्यालाई पूर्णरूपले समाधान गरी सबै जातिहरूलाई साम्यवादको महान् लक्ष्यतर्फ सँगसँगै लैजान सक्षम बनाउनु हाम्रो महान् अभिभारा हो । ■

# मधेसी जनआन्दोलनको समीक्षा

**' सुरेश कार्की**

नेपालको दक्षिण सिमानाको समथर भू-भाग तराई क्षेत्रमा बसोवास गर्ने विभिन्न जातीय समूहहरूले आफूलाई मधेसी समुदाय भनेर चिनाउँदै आएका छन् । सन् १८१६ को सुगौली सन्धिले ब्रिटिस-भारत र नेपालबीच आर्थिक लेनदेन र प्रतिरक्षामा सहमति गरी वर्तमान नेपालको स्वरूप र सिमाना निर्धारण गरियो । यस घटनापछि मधेसमा आन्तरिक औपनिवेशीकरणले जरा गाड्यो । यसैगरी, मधेसलाई बाहिरी औपनिवेशीकरण सन् १९५०, २१ जुलाईमा नेपाल-भारत शान्ति तथा मैत्री सन्धिको दफा ७ मा भारतीय नागरिकलाई पनि नेपालमा समान तथा विशेषाधिकार दिने व्यवस्था राखियो । फलस्वरूप मधेसीको राष्ट्रियताको पहिचान र समुचित व्याख्या हुन सकेन । मधेसीलाई भारतीय नागरिकको दाँजोमा राखिएको बहुप्रचारित गरियो र मधेसलाई नियन्त्रण गरी केन्द्रीय सत्तालाई तर्साउन भारतले 'तुरुप' का रूपमा प्रयोग गर्दै आयो । तसर्थ, उपरोक्त दुवै असमान सन्धि खारेज नगरी वास्तविक मधेसको समस्या समाधान गर्न सकिन्न ।

तराई नेपालको सम्पन्न र सुगम भूभाग भएर पनि भारतीय हैकम र थिचोमिचो तथा सामन्ती शाह वंशीय राज्य संरचनाको मार मधेसी समुदायले बेहोर्दै आएको छ । अहिले पनि तराई क्षेत्रमा जमिनदारी प्रथा र सामन्ती संस्कृतिको समेत वर्चस्वले गर्दा अधिकतम मधेसी समुदाय भूमिहीन, गरीब, बेरोजगार र अशिक्षित छ । राज्यबाट पनि उनीहरू उपेक्षित, अपहेलित र शोषित-पीडित छन् । २०४७ सालको संविधानले भूमिहीन मधेसी समुदायका नेपाली नागरिकहरूले नागरिकता पाउन संवैधानिक तथा कानुनी जटिलताले असम्भव बनाइदियो । फलस्वरूप मधेसी समुदायको ठूलो हिस्साले नागरिकता पाउन सकेन । त्यस्तै ०५४ सालको स्थानीय निकायमा राष्ट्रिय भाषा (काठमाडौं तथा राजविराजमा) प्रयोग गर्ने अधिकारलाई सर्वोच्च अदालतले रोक लगाएपछि गैरनेपाली मातृभाषा बोल्ने निकै ठूलो सङ्ख्या असन्तुष्ट र आक्रोशित भयो । जनआन्दोलन-२ को सफलतापछि अन्य समुदायजस्तै मधेसी समुदायले पनि सङ्घीय शासन व्यवस्था, समानुपातिक निर्वाचन प्रणाली र समावेशी लोकतन्त्रको पक्षमा आफूहरूलाई खडा गराएका थिए । तर, जनआन्दोलनबाट पुनःस्थापित संसद्बाट जारी गरिएको अन्तरिम संविधानमा उपरोक्त बुँदाहरू नपरेपछि मधेसी समुदायलगायत अन्य समुदायमा 'देश मेरो हो तर राज्य मेरो होइन' भन्ने भावना विकास हुँदै गएर क्रमशः आन्दोलित बन्दै जान थाले ।

**आन्दोलनको प्रारम्भ र मागहरू**

विभिन्न राजनीतिक दलले अन्तरिम संविधानमा बग्रेल्ती संशोधनका प्रस्तावहरू राखे पनि माघ १ मा जस्ताको तस्तै पारित भयो । हेक्का रहोस्, त्यसको भोलिपल्ट मधेसी जनअधिकार फोरमले दलहरूले समेत उठाउँदै आएका तिनै संशोधनका प्रस्तावहरू राख्दै आन्दोलनको आह्वान र नेतृत्व गर्दै अन्तरिम संविधानलाई च्यातच्यूत पारी जलाइदियो । फोरमका अध्यक्ष उपेन्द्र यादवसहित २८ जनालाई सरकारले पक्राउ गरी थुनामा राखी सार्वजनिक अपराधमा मुद्दा चलाएपछि मधेस आन्दोलित भयो । लहान बन्दको घटनामा राम कार्कीको अगुवाइमा माओवादी कार्यकर्ताले जबरजस्ती यातायात चलाउन खोजेपछि आन्दोलनकारीसँग सामान्य भनाभन र झडपपछि माओवादीका सियाराम ठाकुरले चलाएको हतियारबाट गोली लागी विद्यार्थी रमेश महतोको घटनास्थलमा नै मृत्यु भयो । अझ भोलिपल्ट मातृका यादव, सांसदहरू सूर्यनाथ यादव, कृष्णकुमार सिंहको नेतृत्वमा हातहतियारसहित आएका माओवादीले कुटपिट गरी शव र कुरुवालाई अपहरण गरेर लगेपछि मधेसको आन्दोलनलाई भड्काउन माओवादीले आगोमा घ्यू थप्ने काम गरे ।

सिराहाको लहानबाट सुरु भएको मधेसको आगो हाललाई निभे पनि अझै पनि मधेस असहज र अशान्त छ । कुनैबेला कुनै पनि स्थानमा आदिवासी जनजाति, दलित, दुर्गम, महिला, मधेसी, पिछडिएको वर्ग, मुस्लिमलगायत कुनै पनि नाममा विस्फोटन हुनसक्ने सम्भावनालाई नकार्न सकिन्न । यस अवधिमा हिंसा र साम्प्रदायिक दङ्गा भड्किँदै जाँदा लहान, जनकपुर, कलैया, वीरगन्ज, विराटनगर, इनरुवा, गौर, मलङ्गवालगायत स्थानमा ३१ जनाको मृत्यु, करिब तीन सय अपाङ्ग र अङ्गभङ्ग भएका छन् भने हजारौँ घाइते भएका थिए । स्वतस्फूर्त जनविद्रोहको स्वरूप लिँदै गइरहेको मधेसको आन्दोलनमा तोडफोड, आगजनी, लुटपाट र निकासी, आन्तरिक उत्पादन तथा बिक्री-वितरणमा समेत प्रत्यक्ष प्रभाव परेको हुँदा राष्ट्रलाई अर्बौंको सम्पत्ति नोक्सान भयो । पूर्व-पश्चिम राजमार्गको पथलैया-काकडभिट्टा खण्ड, पूर्वी र मध्यतराईका अन्य सहायक मार्गमा यातायात पूर्ण रूपले ठप्प थियो । भाला, तरबार, लठ्ठीलगायत घरेलु हतियारसहित निस्किएको जुलुसले प्रत्येक दिनजसो मधेसका जिल्लामा हिंसा, तोडफोड र आगजनी भइरहन्थे । कैयौँ दिनदेखि यात्रुहरू बेखर्ची भएर बाटोमा अलपत्र परेका थिए भने कल-कारखाना, शिक्षण संस्था र व्यापारिक कारोबार पनि लगातारको चक्काजाम, कर्फ्यु, मधेस बन्दले सुनसान थिए । प्रधानमन्त्रीको माघ १७ गते अधुरो र अपूरो सम्बोधनले मधेसको आगोमा एक बाल्टिन पानी खनाए पनि निभाउन भने सकेन । तत्पश्चात् माघ २४ मा आठ दलको सहमति अनुसार मध्यरातमा प्रधानमन्त्रीले सङ्घीय शासन, जनसङ्ख्या प्रतिशतका आधारमा निर्वाचन क्षेत्र वृद्धि र सोही सङ्ख्यामा समानुपातिक प्रतिनिधिको सङ्ख्यासमेत वृद्धि गर्ने वचनबद्धतासहितको दोस्रो सन्देश जारी गरेपछि मधेसको आन्दोलन तत्काल रोकिएको थियो । मधेसमा सञ्चालित आन्दोलनका निम्न राजनीतिक मागहरू थिए :

- संविधानसभापछि मुलुक सङ्घीय शासन प्रणालीमा जान्छ भन्ने ग्यारेन्टी अन्तरिम संविधानमा गर्नुपर्ने ।
- समानुपातिक निर्वाचन प्रणाली र जनसङ्ख्याको अनुपातमा निर्वाचन क्षेत्र निर्धारण हुनुपर्ने ।
- सदियौँदेखि केन्द्रीकृत र एकात्मक ढाँचाले गरेको विभेद अन्त्य गरी जनसङ्ख्याको अनुपातमा राज्यसत्तामा प्रतिनिधित्वको संवैधानिक व्यवस्था गर्नुपर्ने ।

उपरोक्त मागहरूका अलावा जातीय स्वायत्ततासहितको मधेस, जनसङ्ख्याको अनुपातमा शासन प्रणालीमा प्रतिनिधित्व, सेना, प्रहरी र निजामती सेवामा समान स्थान, मधेसी भाषा र संस्कृतिलाई राष्ट्रिय मान्यता, लहान घटनाका दोषीमाथि कारबाही, प्रहरी दमन र ज्यादतीको विरोध, समग्र मधेसी आन्दोलनको उच्चस्तरीय छानबिन आयोगको गठन, गृहमन्त्रीको राजीनामालगायतका मागहरू उठेका थिए । अपमान र विभेदका विरुद्धमा 'जागो मधेसी, मागो मधेस' को नारा पनि गुन्जायमान गरेका थिए ।

**आन्दोलनका कारण र विभिन्न प्रवृत्तिहरू**

**क) मधेसी जनअधिकार फोरम**

मधेसका बुद्धिजीवीहरूले सरकार र दलहरूलाई दबाब दिन ०५१ सालमा मधेसी फोरम गठन गरे र ०६२ साउन १२-१३ मा भारतको पूर्णियामा केन्द्रीय कमिटी बैठकले फोरमलाई राजनीतिक सङ्गठनका रूपमा विस्तार गर्ने निर्णय गऱ्यो । त्यसपछि ०६३ सालमा वीरगन्जमा अर्को केन्द्रीय कमिटीको बैठक सम्पन्न गरी फोरमलाई साङ्गठनिक रूपले पुनः व्यवस्था गरी उपेन्द्र यादव अध्यक्ष, किशोरकुमार विश्वास उपाध्यक्ष, रामकुमार शर्मा महासचिव रहेको २७ सदस्यीय केन्द्रीय कमिटी विस्तार गरे र २१ वटा विभिन्न मधेसी सङ्घसंस्था र भ्रातृ सङ्गठन गठन गरी मधेसका अधिकांश जिल्लामा फोरमले आफ्नो नेटवर्क बनायो । यही फोरमको आह्वान र नेतृत्वमा सञ्चालित मधेसको आन्दोलनले सामाजिक जनविद्रोहको स्वरूप ग्रहण गऱ्यो । अर्थात्, इतिहासमा यस्तो आन्दोलन 'न पहिले थियो, न त अब कहिल्यै हुन्छ ।' मधेसको आन्दोलन कुम्भमेलाजस्तै बूढाबूढी, महिला, युवा, केटाकेटी तथा विशेष गरी 'टिन एजर' बढी सहभागी थिए । मधेसी जनआन्दोलनको जायज र न्यायपूर्ण मागलाई विभिन्न राजनीतिक दल, आदिवासी जनजाति महासङ्घ र नागरिक समाजले समर्थन र सहयोग गरे पनि आन्दोलन फोरमको नेतृत्व र नियन्त्रणभन्दा बाहिर गई अराजक भीडतन्त्रमा परिणत हुँदै ध्वंसात्मक गतिविधिमा लागेको पनि देखियो । विगत १० वर्षे 'जनयुद्ध' मा समेत तोडफोड नभएको मनमोहन, बीपी, गणेशमान तथा कवि-साहित्यकार भानुभक्त, सिद्धिचरण र वीर सहिद थिरबम मल्लको सालिक किन र कसले तोड्यो ? महासचिव माधवकुमार नेपाल, डा. रामवरण यादवलगायत छानीछानी नेताका घरमा तोडफोड र आगजनी किन भयो ? साम्प्रदायिक दङ्गा-फसाद मच्चाउन पहाडे मूलका मानिसको घरमा लुटपाट र आगो किन लगाइयो ? सरकारी भवन, बैङ्क, एम्बुलेन्स तथा निजी घर तोडफोड, आगजनी र लुटपाट किन भयो ? पत्रिका बन्द गराउने र पत्रकारहरूलाई धम्की दिने, साङ्घातिक आक्रमण गर्ने, विस्थापित हुन बाध्य पार्ने तत्त्वहरू को थिए ? आन्दोलनमा घुसपैठिया र षड्यन्त्रकारीको पहिचान गरी तत्कालै सार्वजनिक गर्ने, दुःख प्रकट गर्ने, क्षमा माग्ने काम फोरमबाट किन हुन सकेन ? यस्ता थुप्रै प्रश्नहरूले नेतृत्व विस्तारै विभिन्न शक्तिकेन्द्रहरूको चलखेलको थलो र प्रतिगमनको चक्रव्यूहमा फसेको त होइन ? आन्दोलनका क्रममा लागेको 'ग्रहण' लाई आगामी दिनमा हटाउनुपर्छ र अहिले फोरमका वरिष्ठ नेता सीतानन्दन रायको नेतृत्वमा एक सदस्यीय वार्ता टोली गठन गरेको छ, गृहमन्त्रीको राजीनामाको सर्त पूरा नहुँदा वार्ता प्रारम्भ हुन सकिरहेको छैन । फोरमले फेरि शृङ्खलाबद्ध आन्दोलनको कार्यक्रम प्रकाशित गरेको छ र मधेसमा आमहडताल जारी छ ।

**ख) जनतान्त्रिक तराई मुक्ति मोर्चा**

मधेसमा उठिरहेको जनविद्रोहको सेरोफेरोबाट प्रभावित र गलत मूल्याङ्कन गरी राष्ट्रलाई नै विखण्डन गर्ने उद्देश्यका साथ मधेसका दुई सशस्त्र समूहहरूले उग्रवामपन्थी विचार राष्ट्रघाती क्रियाकलाप गर्न थालेका थिए । जनतान्त्रिक तराई मुक्ति मोर्चाका अध्यक्ष जयकृष्ण गोइतले भनेका छन्- 'हाम्रो माग स्वतन्त्र र मुक्त तराई हो ।' उनी सङ्घीय संरचनाको मागलाई

गैरऐतिहासिक, गैरराजनीतिक र अवैज्ञानिक हो' भनेर भन्छन् । अर्का जनतान्त्रिकका नेता ज्वाला सिंह भन्छन्- 'मधेसलाई स्वतन्त्र बनाउने रणनीतिक लक्ष्यको माग हो ।' अझ उनी जोड दिँदै भन्छन्- 'कार्यनीतिक लचकता अनुसार मधेसी सङ्गठनहरूका मागलाई समर्थन गर्छु । किनभने, स्वायत्तताको मागका लागि भइरहेको आन्दोलनसँगै स्वतन्त्र तराईको माग बलियो बन्दैछ । (*हिमाल* खबर पत्रिका) । उपरोक्त दुवै सशस्त्र समूहले मधेसको जनविद्रोहलाई समर्थन मात्र गरेनन्, सक्रिय सहभागिता जनाएर पुलिसचौकीमा आक्रमण गरी हतियार र गोलीसमेत लुटेर लग्न थालेका थिए । यतिबेला ज्वाला सिंहले युद्धविराम गरी झवर शाहको संयोजकत्वमा पाँच सदस्यीय वार्ता कमिटी गठन गरेको छ । तर, सरकारले जनतान्त्रिकको मुद्दा फिर्ता लिए पनि युद्धविराम घोषणा नगरेको हुँदा सशस्त्र समूहसँग वार्ता गर्न सम्भव भइरहेको देखिन्न । तर, अर्कोतिर तराई 'कोवरा' नेसनल डिफेन्स आर्मी 'मधेसी टाइगर' का नाममा नयाँ सशस्त्र समूहहरू देखा परेर मधेसमा चन्दा आतङ्क, हत्या र अपहरणमा संलग्न भई चर्चामा आइरहेका छन् ।

**ग) प्रतिगामी तथा अतिदक्षिणपन्थी शक्तिहरू**

प्रतिगामी अर्थात् राजावादी शक्तिहरू चुपचाप कानमा तेल हालेर लोकतान्त्रिक परिवर्तनलाई टुलुटुलु हेरेर पक्कै पनि बसिरहेका छैनन् । उनीहरू भारतका अतिवादी हिन्दू सङ्गठनसँग मिली अनेकौं स्थानमा बैठक गरी षड्यन्त्रका तानाबाना पनि बुनिरहेका छन् । अर्थात्, उनीहरू सामाजिक-धार्मिक सद्भाव भड्काएर बलेको आगोमा घ्यू थपेर आगो ताप्ने जमर्को गर्न खोज्दै छन् । मधेसको आन्दोलनमा शाही शासनका समर्थकहरू, लोकतान्त्रिक आन्दोलनलाई दबाउने नायकहरू खुबै सक्रिय भई आन्दोलनकारीलाई उत्तेजित पार्ने र उग्र प्रदर्शन गर्ने गरेको पनि पाइयो । नेपालगन्जको घटनामा आफ्नो अभीष्ट पूरा नभएपछि मधेसमा 'सीडी आतङ्क' मच्चाउन तुफानी दौडमा लागेको पाइयो । मधेसको आन्दोलनलाई गलत दिशा र मोड दिन मुलुकमा अराजकता र अस्थिरता फैलाउन अनेकौं हरकत र षड्यन्त्रमा संलग्न भएको देखियो । कालान्तरमा फागुन ७ गते राजाद्वारा दिइएको सार्वजनिक वक्तव्य जनआन्दोलन-२ को भावना र अन्तरिम संविधान-०६३ को मर्म र मान्यताविपरीत छ । अन्तरिम संसद्मा पेस भएको सार्वजनिक प्रस्तावलाई मन्त्रिपरिषद्ले सकारात्मक रूपमा लिई राजाको सन्देशलाई असंवैधानिक, अलोकतान्त्रिक, अनाधिकृत र आपत्तिजनक भएको ठहर गर्दै आठ दलको सहमतिमा राजालाई कारबाही गर्ने निर्णय सकारात्मक भए पनि राजालाई कस्तो कारबाही गर्ने प्रस्ट छैन ।

**(घ) नेकपा (माओवादी) को अभिव्यक्ति र क्रियाकलाप**

- लहान घटनामा माओवादी कार्यकर्ताले गोली नचलाएको भए, गबर शैलीमा शव नखोसेको भए र कुरुवा बसेकालाई कुटपिट र अपहरण गरी बलमिच्याइ नगरेको भए सायदै यस्तो घटना हुने थियो । मधेसको आन्दोलनलाई चर्काउने, उत्तेजित पार्ने, एकतर्फी प्रतिगामी घुसपैठ र षड्यन्त्र भयो भनेर मात्र देख्ने र गल्ती महसुस गरेपछि माफी माग्ने काम माओवादी नेतृत्वले गरेको छ । अझ आन्दोलनकारीलाई डाँका, अपराधी र आतङ्ककारीको संज्ञा दिई साना, फुच्चे तथा भगौडासँग वार्ता गर्नु हुँदैन भनी प्रचण्डले नबोलेको भए स्थिति यति जटिल र गम्भीर बन्ने थिएन । उनीहरूमा रहेको दम्भ र अहम् जहाँ पनि पेलेरै जाने शैली र अरूलाई शान्ति वार्तामा ल्याउन असहयोगी र बाधक ठान्ने प्रवृत्ति वास्तवमा उग्रवामपन्थी हो । विभिन्न समझदारी र सम्झौतापछि सशस्त्र विद्रोह र द्वन्द्वको युग समाप्त भए पनि सेना र हतियारको धङ्धडी उनीहरूमा अझै छँदैछ । अहिले पनि उनीहरूका कार्यकर्ताहरूबाट बलजफ्ती धम्कीपूर्ण व्यवहार आन्दोलनकारीलाई भड्काउने अभिव्यक्तिहरू दिइनै रहेका छन् । माओवादीले आफ्नो शैली, व्यवहार, बोलीचालीमा परिवर्तन गरी संसदीय सभ्यता, मर्यादा, परम्परा बुझ्न र तिनको अभ्यास गर्न सिक्नुपर्दछ ।

**(ङ) नेपाली काङ्ग्रेसको यथास्थितिवादी चिन्तन र सोच**

- वास्तवमा मधेसी आन्दोलनलाई विस्फोटक बनाउन नेपाली काङ्ग्रेसको यथास्थितिवादी चिन्तन र सोच जिम्मेवार बनेको छ । उनीहरू परिवर्तनका एजेण्डालाई ठीक ढङ्गले सम्बोधन गर्न सकिरहेका छैनन् । सबै दलहरू सहमतिमा पुगे पनि नेपाली काङ्ग्रेस प्रमुख बाधक बनेर बसिरहेको हुन्छ । विडम्बना भनौं ! समानुपातिक निर्वाचन प्रणाली र समावेशी लोकतन्त्रमा अहिलेसम्म सहमतिमा पुग्न सकिएको छैन ।

**(च) सरकारको निर्णय र उपेक्षापूर्ण व्यवहार**

- मधेसको आन्दोलनमा बेलैमा चासो र गम्भीरता देखाएको भए यति धेरै क्षति बेहोर्नुपर्ने थिएन । घटनाको गम्भीरतालाई ध्यान दिई मधेसका ३३ जना सांसदले यथाशीघ्र पहल गर्न सरकारलाई आग्रह गरे । मधेसका चार मन्त्री र ५७ जना सांसदले प्रधानमन्त्रीलाई तीन सूत्रीय मागलाई सम्बोधन गर्न आग्रह र ध्यानाकर्षण गरे । नेपाल सद्भावना पार्टी ( आनन्दीदेवी) ले आठ दलबाट अलग हुने चेतावनी दिँदै त्रिपाठीले मन्त्री पदबाट राजीनामा गरे । त्यसपछि मात्र प्रधानमन्त्रीले भावुक हुँदै 'यो मेरो पहिलो र अन्तिम सम्बोधन हुनेछ' भन्दै पहिलो सम्बोधन के गरेका थिए, मधेसमा आगो झन् बलेपछि दोस्रो सम्बोधन गर्न विवश भए । यसअघि सरकारले लहानको घटनामा दुःख प्रकट गर्ने, प्रत्येक मृतक परिवारलाई क्षतिपूर्तिबापत १० लाख दिने, घाइतेहरूलाई सम्पूर्ण सरकारी खर्चमा उपचार गर्ने, दोषीलाई कारबाही गर्नेलगायत निर्णय गऱ्यो । तर, सरकारले मन्त्री महन्थ ठाकुरको नेतृत्वमा तीन सदस्यीय वार्ता कमिटी बनाए पनि आदिवासी जनजाति महासङ्घबाहेक फोरम, जनतान्त्रिक तराई 'कोबरा', मधेसी टाइगर नेसनल डिफेन्ट आर्मीलगायतसँग वार्ता हुन सकिरहेको छैन । सरकारले विभिन्न मानव अधिकारवादी सङ्गठन, राजनीतिक दल, नागरिक समाजलाई विद्रोही समूहसँग औपचारिक तथा अनौपचारिक वार्ता गर्न म्याण्डेड दिई आन्तरिक गृहकार्य गर्नुपर्छ ।

(छ) **नेकपा (एमाले)**

● तराईको नागरिकता समस्या पहिलोपटक हल गर्न नेकपा (एमाले) को पहलमा धनपति आगोग गठन गर्‍यो । तर, संवैधानिक र कानुनी जटिलताका कारण नागरिकता वितरण गर्न सम्भव भएन । अर्कोतिर, आठ दलको बैठकमा नेकपा (एमाले) ले तीन सुझाव- राजतन्त्रका बारेमा निर्णय गर्न जनमतसङ्ग्रह, राज्य प्रणाली सञ्चालन गर्नका लागि प्रादेशिक सङ्घीय संरचना तथा सम्पूर्ण नेपाली जनताको सहभागिताका लागि समानुपातिक निर्वाचन प्रणाली सहज ढङ्गले कसैले स्वीकार गरेनन् र कात्तिक २२ मा 'नोट अफ डिसेन्ट' लेख्नुपरेको सर्वविदितै छ ।

● नेकपा (एमाले) ले मधेसी समुदायका बीचमा 'लोकतान्त्रिक मधेसी सङ्गठन' गठन गरी मधेसी समुदायका जायज मागहरूलाई अगाडि बढाउन सामाजिक सद्भाव र एकता कायम गर्न जोड दिएको छ ।

**निष्कर्ष तथा गर्नुपर्ने कामहरू**

● मधेसी आन्दोलनसँग सम्बन्धित पक्ष मधेसी जनअधिकार फोरम, तराई जनतान्त्रिक मोर्चा र मधेसमा क्रियाशील अन्य मधेसी राजनीतिक सङ्गठनहरू, आदिवासी जनजाति महासङ्घ, किराँत वर्कर्स पार्टीलगायतसँग वार्ता गरी वार्तालाई प्रभावकारी र परिणाममुखी बनाउन जोड दिनुपर्छ ।

● सर्वदलीय सहमतिमा अन्तरिम संविधानलाई संसद्‌बाटै संशोधन गरी प्रधानमन्त्रीको सम्बोधन अनुरूप मुलुकलाई सङ्घीय स्वरूपमा लाने, जनसङ्ख्या बृद्धिका आधारमा तराईमा निर्वाचन क्षेत्र बढाउने र निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गरिए तापनि समानुपातिक निर्वाचन प्रणाली र लोकतन्त्रलाई समावेशी स्वरूप प्रदान गर्ने समस्या अझै पनि यथावत् छ ।

● मधेसलगायत आदिवासी जनजाति, दलित, महिला, अपाङ्ग, दुर्गम, मुस्लिमलगायतका आन्दोलनलाई केन्द्रीकृत र एकात्मक ढाँचाको विभेदको नीतिका विरुद्धका रूपमा लिनुपर्छ । मधेसी समुदायलगायतको न्यायपूर्ण, जायज मागलाई समर्थन गर्दै आन्दोलनलाई सद्भावपूर्ण र शान्तिपूर्ण बनाउन कोसिस गर्नुपर्छ । पार्टीको पहलमा विशेषतः 'लोकतान्त्रिक मधेसी सङ्गठन' को अगुवाइमा ऐक्यबद्धता र शान्ति र्‍याली प्रदर्शन गर्नुपर्छ ।

● तराईवासी जनता दक्षिण सिमानामा नेपालका रक्षक र सीमाचौकी बनेर बसेका छन् । विभिन्न कालखण्डमा तानाशाही सरकारले गरेको असमान सन्धि र सम्झौताको मारमा होस्, विदेशीले हमला गर्दा होस्, सीमा अतिक्रमण हुँदा होस्, डुवानको मारमा होस्- विशेषतः तराईवासी जनता परेका छन् । तसर्थ, १९५० लगायत सम्पूर्ण असमान सन्धि खारेज गर्नुपर्छ नभए कम्तीमा पनि उपरोक्त सन्धिहरू पुनरावलोकन, परिमार्जन र संशोधन गर्नैपर्छ । मधेसी जनता स्वतन्त्र र मुक्त तराई होइन- समृद्ध, एकताबद्ध र राष्ट्रिय एकताको भावनाले ओतप्रोत बलियो सङ्घीय नेपाल चाहन्छन् ।

● रायमाझी आयोगको प्रतिवेदन सार्वजनिक गरी तत्काल कार्यान्वयनमा जान सरकारलाई दबाब दिनुपर्छ । राजा रहने र नरहनेको फैसला संविधानसभाको पहिलो बैठकले गर्ने उल्लेख गरे पनि राजाले अन्तरिम संविधानविपरीत काम गरे संसद्‌मा महाअभियोग लगाई दुईतिहाइ बहुमतबाट हटाई दिनुपर्छ ।

● शान्ति र सद्भाव खलबल्याउने गतिविधिलाई दुरुत्साहित गर्नुपर्छ । पटक-पटकको बन्दबाट आजित जनतालाई राहत दिनु सर्वदलीय, सर्वपक्षीय सहमतिमा सडक, शिक्षण संस्थान, भन्सार नाकाहरू र कलकारखानालाई बन्द निषेधित क्षेत्र घोषणा गर्नुपर्छ ।

● कुनै एउटा क्षेत्र मात्र होइन, सिङ्गो राष्ट्रको समस्या शान्तिपूर्ण बाटो र तरिकाबाट समाधान गर्दै आएका नेपालीले दुवै जनतान्त्रिक, तराई कोवरा, मधेसी टाइगर, नेसनल डिफेन्स आर्मीलगायत अन्य सबै विद्रोहीलाई हिंसात्मक बाटो त्यागी वार्ताको टेबुलबाट समस्या समाधान गर्न आह्वान गर्नुपर्छ । अब आठ दल मात्र होइन, संसद्‌मा रहेका १३ दलका साथै अन्य विद्रोहीलाई समेत थपेर १७ दल बनाएर समस्याको समाधान गर्नुपर्छ । संविधानसभाको निर्वाचन निर्धारित समयमा सम्पन्न गर्न सबैको अर्जुनदृष्टि हुनुपर्छ । ■

# नेपालको अर्थतन्त्रमा रेमिट्यान्स आयको भूमिका

' डा.गोविन्दबहादुर थापा

**विषय प्रवेश**

मुलुक चरम द्वन्द्व र असुरक्षाको चरणबाट गुज्रिरहेको पछिल्लो कालमा अर्थतन्त्रका अरू सबै क्षेत्रहरू सुस्त र शिथिल हुँदै गए पनि वैदेशिक रोजगारीमा गएका नेपालीहरूले पठाएको रेमिट्यान्स रकम भने निरन्तर बढ्दै गयो । विदेशी मुद्रा आर्जनका

निर्यात, पर्यटन, वैदेशिक सहायता र वैदेशिक लगानीजस्ता प्रमुख स्रोतहरू एकैसाथ शिथिल हुँदै गएको अवस्थामा रेमिट्यान्स एउटै स्रोतले उपरोक्त प्रमुख स्रोतहरूमा आएको कमीलाई पूर्ति मात्र गरेन, त्यसभन्दा बढी नै विदेशी मुद्रा मुलुकभित्र ल्यायो। त्यसैको योगदानबाट बैङ्किङ क्षेत्रसँग रहेको विदेशी मुद्राको सञ्चिति निरन्तर बढ्दै गयो। यस दृष्टिले यस अवधिमा नेपालको अर्थतन्त्रलाई त्यही रेमिट्यान्स आयले धान्यो भन्दा अत्युक्ति हुने देखिँदैन। यस आधारमा नेपालको सन्दर्भमा आन्तरिक द्वन्द्व र रेमिट्यान्स आयबीच सोझो र सकारात्मक सम्बन्ध रहेको छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ।

**रेमिट्यान्स आयको स्थिति**

नेपाल राष्ट्र बैङ्कबाट सार्वजनिक गरिएको तथ्याङ्क अनुसार आ.व. २०६२/६३ मा नेपालमा ९७ अर्ब ५३ करोड ६२ लाख रुपियाँबराबरको रेमिट्यान्स भित्रिएको थियो। आ.व.२०६१/६२ मा त्यस्तो रकम ६५ अर्ब ५४ करोड १२ लाख रुपियाँ थियो भने आ.व. २०६०/६१ मा ५८ अर्ब ५८ करोड ७६ लाख रुपियाँबराबर थियो। यी रकमहरू सम्बन्धित आर्थिक वर्षका कुल गार्हस्थ्य उत्पादनको क्रमशः १२.३ प्रतिशत, १२.९ प्रतिशत र १७.५ प्रतिशत थिए। यस आधारमा नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारी कृषि क्षेत्रपछि दोस्रो सबैभन्दा ठूलो क्षेत्रका रूपमा अगाडि आएको तथ्य पुष्टि हुन्छ। स्मरण रहोस्, नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान आ.व.२०६२/६३ मा ३८.१ प्रतिशत रहेको थियो।

विशेषगरी रेमिट्यान्स आयकै कारणले नेपालको बैङ्किङ प्रणालीसँग रहेको परिवर्त्य विदेशी मुद्राको सञ्चिति आ.व. २०६०/६१ को ११६ अर्ब ९४ करोड ५० लाख रुपियाँबाट वृद्धि भई आ.व.२०६१/६२ मा १२३ अर्ब ९७ करोड ८५ लाख रुपियाँबराबर पुगेको थियो भने आ.व. २०६२/६३ मा १५५ अर्ब ८९ करोड ६० लाख रुपियाँबराबर पुगेको थियो। जबकि तेस्रो मुलुकतर्फको निर्यात उपरोक्त तीन वर्षमध्ये अघिल्ला दुई वर्ष क्रमशः १.६ र १४.५ प्रतिशतले घटेको थियो भने आ.व. २०६२/६३ मा १.८ प्रतिशतको न्यून दरले बढेको थियो। त्यसैगरी पर्यटन क्षेत्रबाट भएको आय आ.व. २०६०/६१ मा १८ अर्ब १४ करोड ७४ लाख रुपियाँबराबर रहेकोमा आ.व. २०६१/६२ मा १० अर्ब ४६ करोड ३८ लाख रुपियाँमा झरेको थियो भने आ.व.२०६२/६३ मा केवल नौ अर्ब ५३ करोड १३ लाख रुपियाँमा सीमित भएको थियो। अर्थात्, यी वर्षमा पर्यटन क्षेत्रको आय झण्डै आधा घटेको थियो। मुलुकको यस्तो विषम राजनीतिक, आर्थिक तथा सामाजिक अवस्थामा पनि परिवर्त्य विदेशी मुद्राको सञ्चिति यस रूपमा बढ्दै जानुलाई सामान्य कुरा मान्न सकिँदैन। र, यसो हुनुमा रेमिट्यान्स आयको प्रमुख भूमिका रहेको कुरा माथि उल्लिखित आँकडाहरूले पुष्टि गर्दछन्।

अमेरिकी डलर बिक्री गरी भारतीय मुद्रा खरिद गरेर भारतीय मुद्राको आवश्यकता पूर्ति गर्नुपर्ने अवस्था नरहेको भए मुख्य रूपमा रेमिट्यान्स आयकै कारणले नेपालको विदेशी मुद्राको सञ्चिति यसभन्दा अझ उल्लेख्य रूपमा बढी हुने थियो। पछिल्ला वर्षहरूमा नेपालमा भारतीय मुद्राको अभावको स्थिति चर्कँदै गएको छ। यसले गर्दा अमेरिकी डलर बिक्री गरेर भारतीय मुद्रा खरिद गर्नुपर्ने क्रम उल्लेख्य ढङ्गले बढ्दै गएको छ। उदाहरणका लागि आ.व. २०६०/६१ मा नेपाल राष्ट्र बैङ्कले भारतीय रिजर्भ बैङ्कसँग २१ करोड अमेरिकी डलरको भारु खरिद गरेको थियो भने आ.व. २०६१/६२ मा ३५ करोड डलरको खरिद गरेको थियो। आ.व.२०६२/६३ मा त्यो क्रम तीव्र रूपमा बढेर ६० करोड अमेरिकी डलर पुगेको थियो। चालू आ.व. २०६३/६४ को पहिलो छ महिनाको अवधिमा नेपाल राष्ट्र बैङ्कले भारु खरिद गर्न ३९ करोड अमेरिकी डलर खर्च गरिसकेको छ। भारतसँगको नेपालको समष्टिगत आर्थिक कारोबार यसरी नबिग्रेको भए नेपालको परिवर्त्य विदेशी मुद्राको खर्च उल्लेख्य रूपमा जोगिन गई त्यसको सञ्चिति अझै बढ्ने थियो। त्यसैले मुख्य रूपमा रेमिट्यान्सकै कारणले नेपाललाई भारतीय मुद्राको सङ्कट टार्न सजिलो भएको छ। अन्यथा नेपालको आर्थिक अवस्था केही वर्ष अगाडि नै डाँवाडोल भई सक्ने थियो।

**वैदेशिक रोजगारीको परम्परा र सङ्ख्या**

नेपालबाट भारतमा मौसमी र दीर्घकालीन रूपमा काम गर्न जाने र भारतीय तथा बेलायती सेनामा जाने सयौँ वर्ष अगाडिदेखि रहँदै आएको परम्परा हो। आय आर्जन गर्नकै लागि नेपालीहरू यसरी मुख्य रूपमा भारत र बेलायत जाने गरेकाले भारु र परिवर्त्य मुद्रामा रेमिट्यान्स आय प्राप्त गर्नु नेपालका लागि कुनै नयाँ कुरा होइन। तर, त्यतिखेर प्राप्त हुने रेमिट्यान्स आय मुलुकको अर्थतन्त्र नै धान्ने खालको थिएन। कारण त्यतिखेर नेपाल बाहिर काम गर्न जाने नेपालीहरूको सङ्ख्या अहिले जति बढी थिएन। त्यतिखेर वैदेशिक रोजगारीमा पठाउन इजाजत प्राप्त अहिलेका जस्ता सयौँ म्यानपावर कम्पनीहरू पनि थिएनन्। त्यसैले अहिले रेमिट्यान्स आयको रासी जुन रूपमा बढेको छ र मुलुकको अर्थतन्त्रमा यसको भूमिकाका सम्बन्धमा जसरी चासो र चर्चा हुने गरेको छ, त्यो विशेषगरी मध्यपूर्वका मुलुकहरू, दक्षिण कोरिया, जापान, मलेसिया आदि मुलुकहरूमा निजी क्षेत्रका उद्योग, व्यापार, व्यवसायमा काम गर्न सङ्गठित रूपमा हजारौँ नेपालीहरू जान थालेपछि सुरु भएको हो। अहिले त काठमाडौँमा चार सयभन्दा बढी वैदेशिक रोजगारीमा पठाउने उद्देश्यले स्थापित म्यानपावर कम्पनीहरू नै छन् र त्यो आफैँमा एउटा आकर्षक व्यवसाय बनेको छ। यसले पनि अर्थतन्त्रमा केही मूल्य अभिवृद्धि गरेको छ। म्यानपावर कम्पनीहरूको शक्तिशाली राष्ट्रिय सङ्गठन नै बनेको छ। र, त्यसको निर्वाचनले मुलुकमा सानोतिनो हलचल नै ल्याउने गरेको छ। यसले वैदेशिक रोजगारीमा पठाउने व्यवसाय कत्तिको महत्त्वपूर्ण बन्न गएको छ भन्ने कुराको पुष्टि गर्दछ।

तर, अहिले ठ्याक्कै यति जना नेपाली नागरिकहरू विदेशको रोजगारीमा छन् भनेर भन्न सकिने अवस्था छैन। श्रम विभागको अभिलेखबाट पनि सङ्ख्या किटान गर्न सकिने अवस्था छैन। पहिलो कारण के छ भने भारत, संयुक्त राज्य अमेरिका, बेलायत आदि मुलुकहरूमा कहिलेदेखि कति नेपालीहरू रोजगारीमा रहेका छन् भन्ने कुरा यकिन गर्न सकिँदैन। दोस्रो,

नेपालबाट अध्ययन, उपचार आदि विभिन्न उद्देश्य देखाई विशेषगरी संयुक्त राज्य अमेरिका, युरोपका विभिन्न मुलुकहरू, जापान, अस्ट्रेलिया आदि मुलुकहरूमा गएका नेपालीहरू पनि यहाँ पुगेको केही समयपछि रोजगारीमा लाग्ने गरेको पाइन्छ । तेस्रो, युरोपका कतिपय मुलुकमा शरणार्थीको बहाना गरेर पनि हजारौं नेपालीहरू भित्रिएर वर्षौंसम्म रहेका छन् । चौथो, श्रम विभागको अनुमति नै नलिईकन पनि अनौपचारिक तवरले हजारौं नेपालीहरू भारतको बाटो गरी वैदेशिक रोजगारीमा जाने गरेका छन् । पाँचौं, श्रम विभागबाट दुई वर्षको रोजगारी अनुमतिमा विदेश गएका नेपालीहरू दुई वर्ष भन्दा बढी अवधिसम्म विदेशमै रहने गर्दछन् । यी र अन्य कारणले पनि कुनै एक निश्चित समयमा कति नेपाली वैदेशिक रोजगारीमा छन् भन्ने कुरा यकिनसाथ भन्न सकिने स्थिति छैन । तर पनि, भारतबाहेक मध्यपूर्वका विभिन्न मुलुकहरू, दक्षिण कोरिया, मलेसिया आदि नयाँ मुलुकहरूमा म्यानपावर कम्पनीहरूमार्फत श्रम विभागको अनुमति लिई रोजगारीमा गएका नेपालीहरूको सङ्ख्या अहिले १२ देखि १५ लाखसम्म रहेको अनुमान गरिन्छ ।

**रेमिट्यान्स आयको अनुमान**

यकिनसाथ सङ्ख्या भन्न नसकिएजस्तै रेमिट्यान्सका रूपमा प्रतिवर्ष कति रकम नेपाल भित्रिन्छ भन्ने कुरा पनि यकिनसाथ भन्न सकिने स्थिति छैन । बैङ्किङ प्रणालीको माध्यमबाट आएको र बैङ्कमा रेमिट्यान्सका रूपमा रिपोर्टिङ भएको रकम मात्र यथार्थमा वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्स आय भनी देखाउन सकिने अवस्था छ । हुण्डीका अतिरिक्त अन्य अनौपचारिक माध्यमबाट नेपाल भित्रिई नेपालको बैङ्किङ प्रणालीमा रिपोर्टिङ नै नहुने रेमिट्यान्स आय कति छ भन्ने कुरा भन्न नसकिने भएकाले नेपालमा रेमिट्यान्सका रूपमा प्रतिवर्ष जम्माजम्मी कति रकम भित्रिने गरेको छ भन्ने कुरा यकिनसाथ भन्न नसकिएको हो । तर, यकिनसाथ भन्न सकिने कुरा के हो भने नेपाल राष्ट्र बैङ्कले वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्स आय भनी जुन अङ्क देखाउने गरेको छ, त्यसभन्दा निकै बढी रकम रेमिट्यान्सका रूपमा प्रतिवर्ष नेपाल भित्रिने गरेको छ । तर, नेपाल राष्ट्र बैङ्कले देखाउने गरेको रेमिट्यान्स आय, जुन आ.व.२०६२/६३ मा ९७ अर्ब ५३ करोड ६२ लाख रुपियाँ थियो, त्यो पनि सानो रकम होइन । कुल गार्हस्थ्य उत्पादनको १७.५ प्रतिशत आय हुनु भनेको निकै ठूलो रकम हो ।

साथै, यसमा अर्को महत्त्वपूर्ण कुरा के छ भने नेपालीहरूले वैदेशिक रोजगारीबाट आर्जन गरेको आय विदेशी मुद्राको अतिरिक्त नेपाली मुद्रामा पनि भित्रिने गर्दछ । नेपाली मुद्रामा भित्रिन्छ भन्नाले विदेशबाट नेपालभित्र नेपाली रुपियाँ नै आउने नभई विदेशी मुद्रा विदेशमा नै कसैले लिई उसको नेपालस्थित प्रतिनिधिले नेपालमा रहेका कामदारका आफन्तहरूलाई त्यो बराबरको नेपाली मुद्रा भुक्तानी दिन्छ भन्ने बुझ्नु पर्दछ । यो प्रक्रियाबाट पनि निकै ठूलो रेमिट्यान्स रकम नेपाल भित्रिने गरेको छ । यसबाट नेपाली परिवारले विदेशबाट आफ्नो मानिसले कमाएर पठाएको रेमिट्यान्स रकम प्राप्त त गर्दछ तर विदेशी मुद्रा भने नेपालमा नआई बाहिरै रहन्छ । र, यसरी नेपाली मुद्रामा नेपाल भित्रिने रेमिट्यान्स रकम पनि नेपाल राष्ट्र बैङ्कले वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सका रूपमा देखाउने अङ्कमा समावेश भएको हुँदैन । त्यसैले यस्तो रकमसमेत विदेशी मुद्रामा नै भित्र्याउन सकिएको भए नेपालको विदेशी मुद्राको सञ्चिति अझ निकै बढी हुने थियो ।

यसरी नेपालीहरूले विदेशमा गई विदेशी मुद्रामा आर्जन गरेको आयको ठूलो हिस्सा विदेशी मुद्रामा नेपाल नभित्रिने गरेको र त्यसबाट नेपालको विदेशी मुद्राको सञ्चितिमा पुग्नुपर्ने योगदान पुग्न नसकेकाले नेपाल राष्ट्र बैङ्कले केही वर्षअघिदेखि नेपाली कम्पनीहरूलाई विदेशबाट विदेशी मुद्रामा नै रेमिट्यान्स आय नेपाल भित्र्याउने व्यवस्था गर्न इजाजत दिने गरेको छ । अहिले त्यस्ता इजाजत प्राप्त कम्पनीहरूको सङ्ख्या २९ पुगिसकेको छ । यस्ता कम्पनीहरूले विदेशी मुद्रामा नै नेपाल भित्र्याउने रेमिट्यान्स रकम पछिल्ला वर्षहरूमा बढ्दै गएकाले पनि नेपाल राष्ट्र बैङ्कले वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्स आय भनी देखाउने गरेको रकम उच्च दरमा बढ्न गएको हो र विदेशी मुद्राको सञ्चिति पनि यस रूपमा बढ्दै गएको हो । तर, अझै पनि नेपालीहरूले वैदेशिक रोजगारीबाट विदेशी मुद्रामा आर्जन गरेको आय सम्पूर्ण रूपमा विदेशी मुद्रामा नै नेपाल भित्रिएको छ भन्न सकिने स्थिति छैन । यसमा अरू प्रयास गर्नुपर्ने अवस्था छ ।

**अर्थतन्त्रमा रेमिट्यान्स आयको भूमिका**

यसरी रेमिट्यान्स आयबाट नेपालको परिवर्त्य विदेशी मुद्राको आपूर्तिमा मात्र महत्त्वपूर्ण योगदान पुगिरहेको छैन र यो कारणले मात्र रेमिट्यान्सले चलाएको अर्थतन्त्र भनिएको पनि होइन । रेमिट्यान्स आयकै आधारमा नेपालको उद्योग क्षेत्र, आन्तरिक व्यापार, विभिन्न व्यवसायहरू, बैङ्क तथा वित्तीय संस्थाहरू, आयात व्यापार आदि चलिरहेका छन् । यसैको कारणबाट सरकारलाई राजस्व पनि प्राप्त भइरहेको छ । यस्तो विषम परिस्थितिमा पनि मुलुकको कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर आ.व. २०५८/५९ बाहेक अन्य वर्षहरूमा न्यून दरमै भएता पनि सकारात्मक रहनुमा पनि रेमिट्यान्स आयकै निर्णायक भूमिका रहेको छ । त्यसैगरी गरिबीको रेखामुनिका जनताको अनुपात ३८ प्रतिशतबाट ३१ प्रतिशतमा झर्नुमा पनि रेमिट्यान्स आयकै महत्त्वपूर्ण भूमिका रहेको मानिएको छ । त्यसैले नेपालको अर्थतन्त्र केही वर्षअगाडिदेखि रेमिट्यान्स आयकै आधारमा चलिरहेको छ भनिएको हो ।

यो कसरी भने रेमिट्यान्स आय नेपाल राष्ट्र बैङ्कले देखाए अनुसारको आ.व. ०६२/६३ को ९७ अर्ब ५३ करोड ६२ लाख रुपियाँलाई नै आधार मान्ने हो र त्यस वर्ष १४ लाख नेपालीहरू वैदेशिक रोजगारीमा थिए भनी अनुमान गर्ने हो भने त्यस वर्ष नेपालका १४ लाख परिवारले प्रतिपरिवार औषतमा ७० हजार रुपियाँबराबरको रेमिट्यान्स आय नगदमै प्राप्त गरे भन्ने हिसाब निस्कन्छ । यो अनुदार अनुमान भएकाले यो रकमलाई न्युनतम् मान्नु पर्दछ । एउटा परिवारमा पाँच जना सदस्य भएको अनुमानका आधारमा यो आयबाट मुलुकका ७० लाख जनता लाभान्वित भए भन्ने कुरा स्वीकार गर्नुपर्ने हुन्छ । दुई करोड ४०

लाख कुल जनसङ्ख्यामा ७० लाख भनेको २९.२ प्रतिशत हुन्छ । यस आधारमा यी ७० लाख जनता यदि गरिबीको रेखामुनिका जनता थिए भने उनीहरू गत वर्ष नै गरिबीको रेखामाथि उक्ले भन्ने कुरा नमानी सुक्खै छैन । यो त रेमिट्यान्स आयको प्रत्यक्ष प्रभावको कुरा हो ।

रेमिट्यान्स आयको अप्रत्यक्ष प्रभाव यसभन्दा अझ ठूलो, व्यापक र महत्त्वपूर्ण छ । यो कसरी भने १४ लाख परिवारले वर्षभरिमा प्रतिपरिवार त्यो ७० हजार रुपियाँ खर्च गर्दछन् भनी मान्ने हो भने त्यस्तो खर्च उनीहरूले खानपिन, लुगाफाटो, केटाकेटीको पढाइ, स्वास्थ्योपचार, मनोरञ्जन, भ्रमण, घर निर्माण र मर्मत आदिमा खर्च गर्दछन् र त्यसमध्ये केही बचत पनि गर्लान् । यी सबै प्रयोजनमा १४ लाख परिवारले गर्ने खर्चबाट बजारमा व्यापार चलेको छ । विद्यालयहरू, नर्सिङ होम र अस्पतालहरू चलेका छन् । बस, ट्याक्सी र हवाईजहाज चलेका छन्, होटल र रेष्टुराँहरू चलेका छन्, बैङ्क र वित्तीय संस्थाहरू चलेका छन् आदि । यी यावत् वस्तु र सेवाको आपूर्ति गर्न उद्योगहरू चलेका छन् भने विदेशबाट सामानहरू आयात पनि भइरहेको छ । र, यी सबै आर्थिक क्रियाकलापहरू क्रियाशील भएपछि मुलुकको कुल गार्हस्थ्य उत्पादन पनि सकारात्मक भएको छ र सरकारलाई राजस्व पनि प्राप्त भइरहेको छ । साथै, बढ्दो वैदेशिक रोजगारीको कारणले मुलुकभित्र बेरोजगारी समस्याको दबाबलाई पनि एकातिर केही कम गरेको अनुमान गर्न सकिन्छ भने अर्कोतिर यसले कृषिमा काम गर्ने जनशक्तिको अभावको स्थिति पनि सिर्जना गरेको छ ।

तर, माथि उल्लिखित आर्थिक क्रियाकलापहरू रेमिट्यान्स आयकै कारणले मात्र क्रियाशील रहेका छन् भनेर बुझ्नु भने गल्ती हुनेछ । यसको अतिरिक्त जनताले सरकारले गर्ने खर्च, सरकारी र निजी क्षेत्रका संस्थान र कम्पनीहरूले गर्ने खर्च, नेपालस्थित विदेशी र अन्तर्राष्ट्रिय नियोगहरूले गर्ने खर्च, गैरसरकारी सङ्घसंस्थाहरूले गर्ने खर्चबाट र आफ्नै कृषिजन्य व्यवसायबाट पनि आम्दानी गरिरहेका हुन्छन् । र, यस्तो आम्दानीबाट हुने खर्चले पनि अर्थतन्त्रलाई क्रियाशील तुल्याइरहेको हुन्छ र छ । तर यति हुँदाहुँदै पनि रेमिट्यान्स आयको एउटा थप विशेषता के छ भने यो आय लाखौँ परिवारहरूमा स्वतः वितरण भइरहेको हुन्छ । उदाहरणका लागि गत वर्ष नेपालका १४ लाख परिवारले यस्तो आय प्राप्त गरेको कुरालाई लिन सकिन्छ । अन्य व्यवसायबाट आय धेरै भएता पनि त्यो सीमित परिवारमा केन्द्रित हुने सम्भावना भएकाले त्यस्तो आय बैङ्क तथा वित्तीय संस्थाहरूमा निक्षेपका रूपमा जाने हुन्छ । तर, न्यून वर्गका परिवारहरूमा हुने आयको अधिकांश अंश खानपिन, लुगाफाटो, शिक्षा, स्वास्थ्य, मर्मत आदिमा खर्च हुने भएकाले त्यसले अर्थतन्त्रलाई क्रियाशील पार्न बढी मद्दत गर्दछ । तर, यदि कसैले कर्जा लिएर वैदेशिक रोजगारीमा गएको छ र उसले त्यहाँ गरेको आर्जन त्यो कर्जा तिर्न नै ठीक्क भएको छ भने त्यस्तो रेमिट्यान्सले अर्थतन्त्रमा खास कुनै सकारात्मक प्रभाव पार्दैन । तर, जानै नपाएर कर्जा बोक्नु परेको अवस्था हुन सक्दछ तर गएर काम गरिसकेपछि कर्जा तिर्न मात्र पुग्ने आम्दानी हुने अवस्था कमै मात्रामा आउने अनुमान गर्न सकिन्छ । तर, नेपालीहरू ठूलो सङ्ख्यामा विशेषगरी मध्यपूर्वका मुलुकहरूमा रोजगारीका लागि गएकाले आपसमा र अन्य मुलुकका कामदारहरूसँग समेत रोजगारीको निमित्त प्रतिस्पर्धा गर्नुपर्ने हुँदा पारिश्रमिक पहिले-पहिलेको तुलनामा निकै कम भएको गुनासो भने बढ्दै गएको छ ।

**वैदेशिक रोजगारीमा रहेका केही समस्याहरू**

साथै वैदेशिक रोजगारीमा जाने प्रायः सबैजसो नेपालीहरू सीपविहीन हुने भएकाले उनीहरूले विदेशमा अन्य मुलुकका कामदारहरूको तुलनामा कम पारिश्रमिक पाउने कुरा छँदैछ । यो स्थिति हटाउन विभिन्न सरकारहरूले पटकपटक सीपमूलक तालिम तथा प्रशिक्षण कार्यक्रमलाई व्यापक गरिने भन्ने कुरा गर्दै आएतापनि व्यवहारमा त्यस्तो केही हुन नसक्दा समस्या ज्यूँकात्यूँ रहेको छ । यसले गर्दा प्रायः नेपालीहरूले विदेशमा 'थ्री डी' प्रकृतिका कामहरू गर्नु परेको गुनासो उनीहरू गर्दछन् । 'थ्री डी' भन्नाले डर्टी (फोहोरी), ड्यान्जरस (जोखिमपूर्ण) र डिफिकल्ट (कठिन) भन्ने बुझिन्छ । त्यसो हुँदा कार्यथलोमा मृत्यु हुने, अङ्गभङ्ग हुने, घाइते हुने आदि सम्भावना बढी हुन्छ । हामीसँग त्यससम्बन्धी कुनै अभिलेख छैन । अन्यथा विदेशमा मृत्यु भएका र अङ्गभङ्ग भएका नेपालीहरूको सङ्ख्या निकै ठूलो भइसकेको हुनुपर्दछ ।

त्यसैगरी, विदेशमा काम गर्न गएका नेपालीहरूको कार्यथलो बाहिर पनि ज्यूधनको असुरक्षाको प्रश्न अर्को गम्भीर समस्याका रूपमा रहेको गुनासो पनि बढ्दै गएको छ । यसमा विशेषगरी गुपचुप रूपमा भारतको बाटो गरी द्वन्द्वग्रस्त मुलुकहरू (विशेषगरी- अफगानिस्तान, इराक आदि मुलुकहरू) मा जानेहरूले यस्तो समस्याको सामना गर्नु परिरहेको देखिन्छ भने काम गरी पकाएको पारिश्रमिक पूरै वा आंशिक रूपमा नदिई कामबाट निकाल्ने प्रवृत्ति बढ्दै गएको गुनासो पनि गरिन्छ । त्यसैगरी पछिल्ला वर्षहरूमा वैदेशिक रोजगारीमा गएका नेपालीहरू वेश्यावृत्ति, मदिरा सेवन, झैझगडा आदि जस्ता कुलतमा लाग्ने गरेका घटना पनि सञ्चारमाध्यममा आउने गरेका छन् ।

नेपालको राजदूतावास नै नभएका कतिपय मुलुकहरूमा पनि नेपालीहरू काम गर्न गएकाले त्यहाँ कसैले पनि उनीहरूको संरक्षण र निगरानी नगर्ने र राजदूतावास भएका मुलुकहरूमा गएकाहरूलाई पनि राजदूतावासका कर्मचारीहरूले वास्ता नगर्ने भएकाले समस्यामा पर्दा उनीहरू असहाय हुने गरेको गुनासो पनि जबरजस्त रूपमा आउने गरेको छ । यसका अतिरिक्त वैदेशिक रोजगारीमा जानका निमित्त मुलुकका कुनाकुनाबाट हजारौँको सङ्ख्यामा नेपाली नागरिकहरू काठमाडौँमा एकत्रित हुनुपर्ने, यहाँ महिनौँसम्म झुलेर बस्दा धेरै खर्च हुने र यस क्रममा कुलतमा फसिने सम्भावना बढ्ने समस्या पनि चर्को रूपमा रहेको पाइन्छ । तर, यसरी काठमाडौँमा रहँदा हुने खर्चबाट यहाँको आर्थिक गतिविधिलाई क्रियाशील त पारेको छ तर सँगसँगै राजधानी र मोफसलबीचको आर्थिक असमानता अझ चर्काउन पनि सहयोग पुऱ्याएको छ ।

**निष्कर्ष**

युरोपका विभिन्न मुलुकहरू र जापानमा केही वर्षअघिदेखि जनसङ्ख्या घट्ने क्रम सुरु भएको छ। त्यहाँ युवक-युवतीहरूको भन्दा वृद्धवृद्धाहरूको सङ्ख्या बढी देखिन थालेको छ। त्यसैले ती मुलुकहरूलाई आफ्नो आर्थिक समृद्धि कायम राख्न पनि बाहिरबाट कामदारहरू ल्याउनुपर्ने बाध्यता छ। यसका अतिरिक्त विश्व अर्थतन्त्रमा प्रतिस्पर्धा चर्कँदै गएकाले सस्तो जनशक्ति उपयोग नगरी प्रतिस्पर्धामा टिक्न कठिन हुने भएको हुँदा पनि उनीहरूलाई बाहिरको सस्तो जनशक्ति ल्याउनुपर्ने बाध्यता छ। यस्का साथै विश्व व्यापार सङ्गठन, उदारीकरण र विश्वव्यापीकरणबाट पनि विकसित औद्योगिक राष्ट्रहरूमाथि आफ्नो श्रम बजार खुला गर्नुपर्ने दबाब बढिरहेकाले सस्तो श्रमशक्ति अधिक भएका अतिकम विकसित र विकासशील मुलुकहरूबाट विकसित मुलुकहरूमा श्रम शक्तिको प्रवाह आउँदा दिनहरूमा अझ बढ्दै जाने निश्चितप्रायः छ। साथै, नेपालबाट मात्र होइन- भारत, पाकिस्तान, बङ्गलादेश, श्रीलङ्का, फिलिपिन्स, इन्डोनेसिया आदि मुलुकहरूबाट पनि लाखौँको सङ्ख्यामा कामदारहरू विकसित र पुँजी अधिक भएका मुलुकहरूमा रोजगारीका निमित्त जाने गरेका छन्। भारत विश्वमा सबैभन्दा बढी रेमिट्यान्स भित्र्याउने मुलुकका रूपमा प्रस्तुत भएको छ। सन् २००४ मा भारतमा २१.७ अर्ब अमेरिकी डलरबराबरको रेमिट्यान्स भित्रिएको थियो। त्यसैले परिवर्त्य विदेशी मुद्रा आर्जन गर्न, गरिबी न्यूनीकरण गर्न, अर्थतन्त्रलाई क्रियाशील तुल्याई राख्न र मुलुकभित्र बेरोजगारी समस्याको दबाबलाई केही कम गर्न पनि मुलुकको अर्थतन्त्रले गति नलिइन्जेलसम्म वैदेशिक रोजगारीको सम्भावनाको अधिकाधिक उपयोग गर्नुलाई अन्यथा ठान्नु हुँदैन। यसका निमित्त सीपयुक्त जनशक्ति पठाउन आवश्यक तालिम र प्रशिक्षणका ठोस एवम् प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्न, जाने प्रक्रियालाई सरल र कम खर्चिलो पार्न र रोजगारीमा गएकाहरूको ज्यूधनको सुरक्षाका निमित्त प्रभावकारी व्यवस्था गर्न सरकार गम्भीर हुनु जरुरी छ। ■

# मार्क्सवाद र व्यक्तिगत स्वतन्त्रता

**' खगेन्द्र प्रसाईं**

मार्क्स-एङ्गेल्सको समयमा थुप्रै समाजवादी या साम्यवादी सिद्धान्तहरू अस्तित्वमा थिए। ती सिद्धान्तहरू राज्य, क्रान्ति, उत्पादनको व्यवस्थापनजस्ता महत्त्वपूर्ण राजनीतिक मुद्दाहरूमा भिन्न मात्र होइन, विपरीत पनि थिए भन्ने कुरा मार्क्सवादीहरूका लागि सामान्य जानकारीकै कुरा हो। तर, हालसम्म पनि ओझेलमा परेको या पारिएको, कम महत्त्व पाएको या दिइएको, लुकेको या लुकाइएको र कतिपय अवस्थामा त तोडमरोड गरिएको र उल्टाइएको विषय हो व्यक्तिगत स्वतन्त्रता। व्यक्तिगत स्वतन्त्रतालाई बुर्जुवा स्वतन्त्रता मान्ने र व्यक्तिको हित समाजको हितको अधीनस्थ हुन्छ भन्ने मान्यतले हाम्रा मार्क्सवादी साहित्य, प्रशिक्षण र छलफलहरूमा राम्रो स्थान पाएका छन्। मार्क्स-एङ्गेल्सले आफ्ना थुप्रै रचनाहरूमा व्यक्तिगत स्वतन्त्रतासम्बन्धी अन्य किसिमका साम्यवादीहरूले अघि सारेका मान्यताहरूको खण्डन गर्नुभएको छ। यसै सन्दर्भमा यस लेखमा साम्यवादमा व्यक्तिगत स्वतन्त्रता, व्यक्तित्व, व्यक्ति र समाजको सम्बन्ध, व्यक्तिको भूमिका आदिका बारेमा मार्क्स र एङ्गेल्सका प्रस्ट मान्यताहरू के थिए भन्ने कुरालाई प्रस्तुत गरिनेछ।

स्वतन्त्रता मानव प्रकृतिमा अन्तरनिहित हुने कुरामा जोड दिँदै सन् १८४२ को **इल चभभमक या एचभकक** भन्ने आफ्नो रचनामा मार्क्स भन्नु हुन्छ :

'स्वतन्त्रता मानिसको यस्तो सार हो कि यसका शत्रुले पनि यसको सत्यतासँग लड्दा यसलाई लागू गर्दछन्। तिनीहरू मानव प्रकृतिको गहनाका रूपमा जे कुरालाई इन्कार गर्छन्, त्यही कुरा सर्वाधिक मूल्यवान गहनाका रूपमा आफ्ना लागि हडप्न चाहन्छन्।'

'कुनै पनि मानिस स्वतन्त्रताको विरोधी हुँदैन। हदै भए ऊ अरूका स्वतन्त्रताको विरोधी हुन्छ। त्यसकारण, स्वतन्त्रता सधैँ अस्तित्वमा थियो, एक समयमा केहीको विशेष सुविधाका रूपमा, अर्को समयमा विश्वव्यापी अधिकारका रूपमा।'

माथि नै उल्लेख गरियो कि त्यतिबेला विविध किसिमका समाजवादी या साम्यवादी विचारहरू अस्तित्वमा थिए। आफूहरू व्यक्तिगत स्वतन्त्रताको मुद्दामा अन्य कम्युनिस्टहरू भन्दा भिन्न भएको कुरालाई १८४७ मार्क्स र एङ्गेल्सले प्रस्टताका साथ भन्नुहुन्छ :

'हामी ती कम्युनिस्टहरू भन्दा भिन्न छौँ, जो व्यक्तिगत स्वतन्त्रतालाई नष्ट गर्न लागिपरेका छन्, जो संसारलाई एउटा ठूलो ब्यारेक या भीमकाय गोदाम बनाउन चाहन्छन् । निश्चय पनि यहाँ त्यस्ता कम्युनिस्टहरू छन्, जो व्यक्तिगत स्वतन्त्रतालाई स्वीकार्न चाहँदैनन् र यसलाई संसारबाट बिदा गर्न चाहन्छन् किनभने उनीहरू यो ठान्दछन् कि यो पूर्ण समानताको बाधक हो । तर, हामी स्वतन्त्रतालाई समानतासँग साट्न चाहँदैनौँ । हामी यो कुरामा विश्वस्त छौँ कि सामाजिक स्वामित्वमा आधारित समाजमा जति अरू कुनै सामाजिक व्यवस्थामा व्यक्तिगत स्वतन्त्रताको किटानी हुँदैन ।'

आफ्नो अत्यन्तै महत्त्वपूर्ण रचना **त्जभ न्भचकबल क्ष्मभययिनथ** मा साम्यवादी समाजमा व्यक्ति, व्यक्तिगत स्वतन्त्रता, व्यक्तित्व, व्यक्तित्व विकास र व्यक्तिको भूमिका आदिको स्थान र महत्त्वका विषयहरूमा आफ्ना मान्यताहरूलाई प्रस्टताका साथ राख्नुभयो । यीमध्ये केहीलाई उल्लेख गरौँ :

'यस अवस्थामा मात्रै स्वेच्छिक क्रियाकलाप भौतिक जीवनसँग एकाकार हुन्छ, जुन कुराले व्यक्तिको विकासलाई पूर्ण व्यक्ति र प्राकृतिक सीमाबाट मुक्तिको बराबर बनाइदिन्छ । श्रमलाई स्वेच्छिक क्रियाकलापमा रूपान्तरण गर्नुको अर्थ हो- अगाडिको सीमित अन्तरक्रियालाई व्यक्तिहरूकै अन्तरक्रियामा रूपान्तरण गर्नु ।

यस अवस्थामा व्यक्तिहरू व्यक्तिको हैसियतमा सहभागी हुन्छन् । यो व्यक्तिहरूको त्यो सङ्गठन हो, जस अन्तर्गत व्यक्तिहरूको स्वतन्त्र विकास र गतिविधिलाई उनीहरूले नै नियन्त्रण गर्छन् ।

कम्युनिस्टका लागि स्वतन्त्र क्रियाकलाप भनेको पूर्ण व्यक्तिका सबै क्षमताहरूको स्वतन्त्र विकासबाट जन्मेको जीवनको सिर्जनात्मक अभिव्यक्ति हो ।'

बुर्जुवा व्यक्तित्व र स्वतन्त्रताको आलोचना गर्दै व्यक्तित्व र स्वतन्त्रताप्रतिको आफ्नो चासो अभिव्यक्त गर्दै **ऋयफगलष्कत :बलषभकतय** मा मार्क्स र एङ्गेल्स भन्नुहुन्छ :

'बुर्जुवा समाजमा पुँजी स्वतन्त्र र व्यक्तित्वशाली हुन्छ, जबकि जीवित व्यक्ति पराश्रयी र व्यक्तित्वहीन हुन्छ । ...यो अवस्थाको अन्त्यलाई बुर्जुवाहरू स्वतन्त्रता र व्यक्तित्वको अन्त्य ठान्दछन् । कुरा ठीक हो । बुर्जुवा व्यक्तित्व र बुर्जुवा स्वतन्त्रताको अन्त्य निःसन्देह हाम्रो लक्ष्य हो ।'

आफूले भविष्यका लागि परिकल्पना गरेको समाजमा उत्पादनको नयाँ व्यवस्थापनमा स्वतन्त्र मानिसको भूमिकामा जोड दिँदै **ऋबउष्तबर्ा** मा मार्क्स भन्नुहुन्छ :

'भौतिक उत्पादनको प्रक्रियामा आधारित समाजको जीवन प्रक्रियाले आफ्नो रहस्यमय पर्दालाई तबसम्म उतार्ने छैन, जबसम्म यसलाई स्वतन्त्र रूपले सङ्गठित मान्छे **९ाचभभथि बककयअष्बतभम ज्ञभल०** द्वारा गरिने उत्पादनका रूपमा लिइने छैन र उनीहरूद्वारा साझा योजना अनुसार सचेत रूपमा नियमन गरिँदैन ।'

एकखाले साम्यवादी सिद्धान्तलाई कच्चा साम्यवादको संज्ञा दिँदै त्यसले गरेको मानव व्यक्तिको इन्कारलाई आलोचना गर्दै **भ्अयलयफष्अ बलम एजषयिकयउजष्अबर्ा :बलगकअचष्उत या ज्ञडद्धद्ध** मार्क्स भन्नुहुन्छ :

'यसले जीवनको प्रत्यक क्षेत्रमा मानिसको व्यक्तित्वलाई इन्कार गर्ने हुनाले यस प्रकारको साम्यवाद निजी सम्पत्तिको तार्किक अभिव्यक्ति मात्रै हो...।'

**व्यक्ति र समाजको सम्बन्ध**

व्यक्ति र समाजको सम्बन्धका बारेमा दुईखाले मान्यताहरू प्रचलनमा थिए र हाल पनि छन् । एकखाले मान्यता (जसलाई उदारवादी भनिन्छ) ले एक व्यक्तिलाई अर्को व्यक्तिबाट अलग राख्दछ र स्वतन्त्रतालाई व्यक्तिगत बनाउँछ । अर्को मान्यताले यसको ठीक विपरीत व्यक्ति, उसका हित र स्वतन्त्रतालाई समाजको अधीनस्थ ठान्दछ र तिनलाई गौण महत्त्वको मात्र होइन, समाजको सुव्यवस्थाका लागि बाधक नै मान्दछ । उदारवादको संस्थागत विकासमा सर्वाधिक महत्त्वपूर्ण ऐतिहासिक घटना फ्रन्सेली क्रान्तिको घोषणा भन्छ :

'स्वतन्त्रता ती सबै कुरा गर्ने क्षमता हो, जसले अरूलाई नोक्सानी गर्दैन : त्यसकारण, प्रत्येक व्यक्तिका प्राकृतिक अधिकारहरूको अभ्यासमा ती सीमाहरू मात्र हुनेछन्, जसले समाजका अरू सदस्यहरूका तिनै अधिकारहरूको उपभोगलाई किटानी गर्नेछन् ।'

स्वतन्त्रताको यो उदारवादी अवधारणाको समीक्षा गर्दै मार्क्स **इल त्जभ ब्भधष्कज त्तगभकतष्यल** मा भन्नुहुन्छ :

'...मानिसको स्वतन्त्राको अधिकार मानिसको मानिससँगको सहकार्यमा होइन, मानिसबाट मानिसको पृथकीकरणमा आधारित छ । यो पृथकीकरणको अधिकार हो- आफैँभित्र सीमित, खुम्चिएको व्यक्तिको अधिकार ।

यी कुनै पनि अधिकारहरू एकलकाँटे मानिस...अर्थात् त्यो मानिस, जो आफैँभित्र, आफ्ना निजी स्वार्थ र बहकावभित्र साँघुरिएको छ र समुदायबाट पृथक् छ, भन्दामाथि उठेका छैनन् ।...मानिसका यी अधिकारहरूमा ...समाज व्यक्तिभन्दा बाहिरको ढाँचाको रूपमा देखापर्छ, व्यक्तिहरूको मौलिक स्वतन्त्रताको अवरोधका रूपमा ।'

त्यस्तै, फ्रान्सेली क्रान्तिले अधिक महत्त्व दिएको निजी सम्पत्ति र त्यसको व्यक्तिवादी उपभोगको अधिकारको आलोचना गर्दै त्यही रचनामा मार्क्स भन्नुहुन्छ :

'यसले प्रत्येक व्यक्तिलाई अर्को व्यक्तिमा आफ्ना स्वतन्त्रताको प्राप्तिको सहयोगीको रूपमा होइन, बाधकका रूपमा हेर्न सिकाउँछ ।'

एक व्यक्तिलाई अरू व्यक्तिबाट पृथक् गर्ने कुरा अधिकार र स्वतन्त्रताको उदारवादी सिद्धान्त फ्रान्सेली क्रान्तिकै अर्को आदर्श 'भ्रातृत्व' सँग मेल खाँदैन । आखिर अलगथलग रहनु नै अधिकार र स्वतन्त्रताका लागि यत्रो महत्त्व राख्छ भने मानिसले भ्रातृत्वको व्यवहार र अभ्यास नै कहाँ गर्छ ? भ्रातृत्वको आवश्यकता नै कहाँ पर्छ ? पुँजीवादी सोचका मानिसहरू व्यक्तिका अधिकार र स्वतन्त्रताको प्राप्ति, अभ्यास र उपभोग समाजभित्र मात्रै सम्भव छ भन्ने कुरालाई बेवास्ता मात्रै गर्दैनन्, कतिपय अवस्थामा त समाजलाई व्यक्तिका स्वतन्त्रताको शत्रुका रूपमा प्रस्तुत गर्नसमेत पछि पर्दैनन् ।

त्यसो भए कस्तो व्यवस्थामा सबै मानिसले आफ्ना अधिकार र स्वतन्त्रताको अभ्यास र उपभोग गर्नसक्छन् त ? अरिस्टोटल भन्नुहुन्छ : 'मानिसहरू जब मित्रतामा हुन्छन्, तब न्यायको आवश्यकता नै पर्दैन ।' अरिस्टोटलका लागि सर्वाधिक महत्त्वपूर्ण कुरा मानिसहरूका बीचको मित्रवत् सहकार्य हो । त्यकारण, महत्त्वपूर्ण प्रश्न के हो भने कस्तो सामाजिक-राजनीतिक व्यवस्थाले यस्तो मित्रवत् सहकार्यको भौतिक आधार तयार गर्छ त ? यस्तो भौतिक अवस्थाको आधारभूत सर्त हो, सबै मानिसहरू समान हैसियत, अख्तियार, उत्तरदायित्व, अधिकार भएका मालिक र श्रमिक दुवै बन्नेछन् । यो अरू केही नभई समाजवादी समाजको अनिवार्य र प्रधान विशेषता हो । समाजवाद नै एउटा यस्तो सामाजिक अवस्था हो, जसमा व्यक्ति र व्यक्तिका र व्यक्ति र समाजका हित र स्वार्थहरू परस्पर विरोधी र निषेधक नभई अनिवार्य रूपले एकअर्काका सहायक र परिपूरक हुन्छन् । यस सन्दर्भमा मार्क्सका केही उद्दरणहरूको उल्लेख गरौं ।

समाजवादमा व्यक्ति र समाजका बीचको पारस्परिक सम्बन्धलाई देखाउँदै मार्क्स र एङ्गेल्स आफ्नो चर्चित रचना **ञ्यmगलष्कत :बलषभकतय** मा **भन्नुहुन्छ :**

'हामीसँग एउटा यस्तो सङ्गठन हुनेछ, जसमा प्रत्येकको स्वतन्त्र विकास सबैको स्वतन्त्र विकासको सर्त हुनेछ ।'

व्यक्ति, समूह र तिनीहरूको परस्परताको महत्त्वलाई जोड दिँदै **त्भचकबल क्षमभययिनथ** मा मार्क्स र एङ्गेल्स भन्नुहुन्छ :

'आधुनिक विश्वव्यापी अन्तरक्रिया तबसम्म व्यक्तिको अधीनमा हुनेछैन, जबसम्म यो सबैको अधीनमा हुनेछैन ।

समुदायमा मात्रै प्रत्येक व्यक्तिसँग आफ्ना क्षमताहरूलाई सबै दिशामा विकास गर्ने साधनहरू हुन्छन्, त्यसकारण व्यक्तिगत स्वतन्त्रता समुदायमा मात्र सम्भव हुन्छ ।'

साम्यवादलाई 'पूर्ण विकसित मानवता' को रूपमा दाबी गर्ने मार्क्स **भ्अयलयरुष्अ बलम एजषयिकयउजष्अबी :बलगकअचष्उत या ज्ञडद्धद्ध** भन्नुहुन्छ :

'साम्यवाद...मान्छे र प्रकृतिबीचको, मान्छे र मान्छेबीचको, ...व्यक्ति र मानव जातिबीचका द्वन्द्वको वास्तविक समाधान हो ।'

त्यसरी नै सोही रचनामा साम्यवादमा व्यक्तिहरूका अन्तरसम्बन्धलाई जोड दिँदै मार्क्स भन्नुहुन्छ :

'यो सम्बन्ध अभिव्यक्त हुन्छ, त्यो मात्रामा जसमा व्यक्तिका आवश्यकताहरू मानवीय आवश्यकता बन्छन्, त्यसकारण त्यो मात्रासम्म, जसमा अरू व्यक्ति व्यक्तिका रूपमा उसका लागि आवश्यक बनेका हुन्छन्, त्यो मात्रासम्म जसमा ऊ आफ्नो व्यक्तिगत अस्तित्वमा सामाजिक प्राणी हुन्छ ।

हामीले समाजलाई व्यक्तिका तुलनामा एउटा अमूर्तता मान्न छोड्नुपर्छ । ...उसको जीवन अभिव्यक्ति सामाजिक हो ।...मानिसको व्यक्तिगत र मानव जातिगत जीवन भिन्न होइनन्, व्यक्तिको अस्तित्वको तरिका मानव जातिको अस्तित्वको बढी विशिष्ट या सामान्य तरिका हो, या मानव जातिको जीवन व्यक्तिको बढी विशिष्ट या सामान्य जीवन हो ।

...अरूहरूसँगको प्रत्यक्ष संलग्नतामा हुने क्रियाकलाप मेरो आफ्नै जीवन अभिव्यक्त गर्ने माध्यम बनेको छ र मानव जीवन प्राप्त गर्ने तरिका ।'

मार्क्सका यी तर्कहरूले व्यक्तिलाई व्यक्तिबाट अलग राख्ने र व्यक्तिलाई समाजको अधिनस्थ राख्ने दुवैखाले मान्यताहरूको खण्डन गर्दछन् । समाजशास्त्रका वैज्ञानिक खोजका निष्कर्षहरूले व्यक्ति र समाजको सम्बन्धमा लामो कालदेखि स्थापित धारणाहरूलाई गलत सावित गरेका छन् :

'मानिसको वास्तविक संसारमा, समाज र व्यक्ति अभिन्न रूपले जोडिएका हुन्छन् । यिनीहरूका बीचमा अन्तरनिहित शत्रुता हुनुको सट्टा एकअर्कोमा अनिवार्य रूपले निर्भर हुन्छन् ।' ■

# नेपालमा कम्युनिस्ट आन्दोलन, संविधानसभा र गणतन्त्र

**' लक्ष्मीभक्त उपाध्याय**

नेपाल कम्युनिस्ट पार्टीको जन्म भएको पनि ५७ वर्ष भइसक्यो । जन्मकालदेखि नै राणाविरोधी आन्दोलनमा होमियो, ००७ सालको क्रान्ति राणा, त्रिभुवन र कोइराला मण्डलीले भारतीय प्रधानमन्त्री नेहरूको मध्यस्थतामा दिल्ली सम्झौता गरेर उर्लंदो जनआन्दोलनको लहरलाई रोक्ने सम्झौता गरी नेपाली जनता र लोकतन्त्रका लागि ठूलो धोका र गद्दारी गरे । कम्युनिस्ट पार्टीले त्यति बेलै जोडदार रूपले माग गरेको थियो । सबै दलहरूको संयुक्त भेला बोलाऊ र त्यसको सिफारिसमा संयुक्त (अन्तरिम) सरकार गठन गर, संविधानसभाको चुनाव गराऊ आदि नारा लिएर आन्दोलनमा उत्रियो । त्यसमा ००७ सालका मुक्ति सेनाका कमाण्डरहरू डा. के.आई. सिंह, रामप्रसाद राई, चित्रबहादुर गुरुङ, एकदेव आलेलगायतका नेताहरू दिल्ली सम्झौताविरुद्ध र संयुक्त सरकार गठन गरेर संविधानसभाको चुनाव गराउ भनेर आ-आफ्ना सुरले लागिरहेका थिए । यसरी आन्दोलन चल्दै गयो तर राणा-कोइराला मण्डलीको सरकारले कम्युनिस्ट नेता पक्डाउ गर्ने र पार्टीमाथि प्रतिबन्ध लगाउँदै आन्दोलन दबाउने दुस्साहस गरे । ००७ फागुनदेखि ००८ माघसम्म पूरा एक वर्ष पार्टीले उपरोक्त नारा लिएर आन्दोलन चलायो । आजसम्म त्यो आन्दोलन पूरा भएको छैन, हामी अहिले त्यसैलाई निरन्तरता दिएर आन्दोलन गरिरहेका छौं । हाम्रा दस्तावेजले बोलिरहेका छन् ।

**१. पहिलो पर्चा**

पूर्ण नागरिक स्वतन्त्रताको लडाइँ जिन्दावाद ! पूर्ण वास्तविक स्वतन्त्रता, एउटा नेपाली भाइ पनि साम्राज्यवादी लडाइँको चारा बन्न दिने छैनौं ! सोभियत युनियन नव-प्रजातन्त्रहरू आजाद चीन विश्वको मजदुर वर्गको आन्दोलन विश्वको कम्युनिस्ट आन्दोलनसँग हाम्रो एकता जिन्दावाद ! नागरिक स्वतन्त्रताका लागि क्रान्तिकारी समितिहरू जिन्दावाद !

*- २२ अप्रिल १९४९*

नेपाल कम्युनिस्ट पार्टी मार्क्सवाद-लेनिनवादको मार्गदर्शन सिद्धान्तमा अघि बढेको पार्टीले क्रान्तिको आँधीबेरीमा जनताको साथ लिनेछ । यसले के प्रतिज्ञा गर्दछ भने सच्चा स्वतन्त्रता लोकजनवादका लागि सङ्घर्षको अघिल्लो पङ्क्तिमा सदा अडिग भइरहनेछ । 'पहाड पर्वत खोला नाला जग्गा जमिन सबको । मालिक हामी दास बन्यौं किन हिस्सा सबमा सबको,' भन्ने उद्घोषका साथ पार्टी घोषणापत्र जारी भयो । १५ सेप्टेम्बर १९४९ पूर्ण नागरिक स्वतन्त्रताको लडाइँ कम्युनिस्ट पार्टीले नै उठाएको हो ।

नेपाली जनताको जनवादी आन्दोलनलाई नयाँ जनवादको मञ्जिलसम्म पुऱ्याउनका निम्ति यस्तो बाटो (सङ्घर्ष) तय गरेपछि पार्टीले जनताको प्रत्येक अङ्गका तत्कालीन मागहरूलाई लिई सङ्घर्ष गर्नु र राणा-काङ्ग्रेस संयुक्त मन्त्रिमण्डलको विघटन गरी सम्पूर्ण प्रजातान्त्रिक पार्टी तथा जनवर्गीय सङ्गठनहरूबाट प्रतिनिधि लिई यस्तो एउटा राजनीतिक सम्मेलन गर्नु जसको अन्तरिम अवधिका निम्ति अन्तरिम संसद्का रूपमा काम गर्नुका साथै आफैंप्रति उत्तरदायी हुने एक मन्त्रिमण्डलको गठन गर्नु र म्यादभित्र संविधानसभाको चुनाव गराउनु यसको कर्तव्य हुनेछ । स्पष्ट छ, यो तत्कालीन कार्यनीतिले ००७ सालको क्रान्तिपछि राजाको शक्तिलाई कुण्ठित गरी जनप्रतिनिधिको हातमा देशको सार्वभौमिक शक्ति निहित गर्ने नीति लिएको थियो ।

*('पुष्पलाल : नेपालमा कम्युनिस्ट आन्दोलनको इतिहास'बाट)*

नेपाल कम्युनिस्ट पार्टीको प्रथम सम्मेलन २००८ मा महासचिव क. पुष्पलालले पेस गरेको र सम्मेलनले पारित गरेको नयाँ जनवादका निम्ति नेपाली जनताको बाटो कार्यक्रमका पाना नं. ८ देखि १४ सम्म वर्तमान अवस्थासँग धेरै मिल्न जाने हुँदा जस्ताको तस्तै दिएको छ ।

**२. जनता नयाँ सरकार चाहन्छन्**

यस्तो अवस्थामा हाम्रो मुलुकका रगत बगाई लडी राणाशाही र विश्वका प्रतिक्रियावादीहरूका मुटु हल्लाइदिने जनताले यस सरकारलाई विश्वास गर्न छोड्नु स्वाभाविक नै हो । चारैतिर सरकारप्रतिको असन्तोष विस्फोटकको रूपमा फुटिरहेको छ । जनता यस सरकारको सट्टा अर्को सरकार चाहन्छन् भन्ने कुराको स्पष्ट प्रमाण हो ।

वास्तविकताको यस कठोर परिस्थितिको पूरा तवरले विचार गरी जनमुक्ति आन्दोलनमा आफूले पूरा गर्नुपर्ने गम्भीर जिम्मेदारीको पूरा ज्ञान राख्दै, नेपालको सर्वहारा वर्गको पार्टी, कम्युनिस्ट पार्टी पहिलेझैँ जनतासमक्ष आफ्नो कार्यक्रम र नीति लिई आउन जरुरी सम्झन्छ। हाम्रो पार्टीलाई पूरा तवरले थाहा छ कि मार्क्सवाद, लेनिनवाद, स्टालिन, माओत्सेतुङको विचारधाराले लैश भएको पार्टीले मात्र आजको साम्यवादी युगमा क्रान्तिलाई सफलतापूर्वक नेतृत्व गर्न सक्दछ। तर, मार्क्सवाद, लेनिनवाद, स्टालिन र माओका विचार कुनै रट्टु सिद्धान्त होइनन्। हाम्रो परिस्थितिको अध्ययन गरी यी सिद्धान्त र विचार लागू गर्नुपर्दछ। यस कारणले कम्युनिस्ट पार्टी वर्तमान अवस्थामा आफ्नो अन्तिम उद्देश्य साम्यवादलाई कार्यक्रमका रूपमा जनताको सामुन्ने राख्दैन। हाम्रो मुलुकको आर्थिक, राजनीतिक तथा सांस्कृतिक पछौटेपनाको अवस्थाले यस्तो कार्यक्रमलाई व्यावहारिक रूप दिनु असम्भव छ। तर, यस्तो अवस्थामै वर्तमान सरकारको ठाउँमा साम्राज्यवाद-सामन्तवादविरोधी गैरकम्युनिस्ट शक्तिहरूको जनवादी सरकार खडा गर्न सकिन्छ। यस्तो सरकार जसले सामन्त शाहीको नाश गरी किसानलाई मुक्त गर्नेछ, जसले शोषित वर्गका मागहरू पूरा गरी मजदुरका हकहरूको रक्षा गर्नेछ, जुन सरकारले साम्राज्य शाहीलाई खत्तम गरी मुलुकको स्वतन्त्र उद्योग व्यवसाय खडा गर्नमा जातीय पुँजीपति वर्गलाई मद्दत गर्नेछ, जसले मध्यम वर्ग र अरू जनताका हक र अधिकारको रक्षा गर्नेछ, तब मात्र हाम्रो मुलुक साम्राज्यवादी र सामन्त शाही शोषणको पञ्जाबाट मुक्त हुनेछ। यस सरकारले मात्र आफूलाई साम्राज्यवादी पञ्जाबाट मुक्त गरी मुलुकलाई प्रगति, उन्नति, शान्ति र स्वतन्त्रतातिर द्रुत गतिले बढाउनेछ।

**३. आउँदो विधानसभा र म्यादी सरकार**

तर, त्रिभुवन-राणा-कोइरालाको यस सरकारले यतातिर पाइला चाल्न सक्दैन। तसर्थ, माथि भनेझैँ जनवादी सरकार खडा हुनुभन्दा पहिले निम्नलिखित जरुरी सर्तहरूका निम्ति देशव्यापी मोर्चा कस्नोस् भन्ने नेपाल कम्युनिस्ट पार्टी मुलुकका सम्पूर्ण जनतासित अपिल गर्दछ :

१. वर्तमान म्यादी सरकारबाट मोहन गुटलाई तुरुन्त निकाल।

२. मुलुकभरका सम्पूर्ण जनवादी पार्टी, दल, जनता र वर्गीय र व्यक्तिहरूको एउटा जनताको राजनीतिक छलफल समिति खडा गर।

३. यस जनताको राजनीतिक छलफल समितिको सिफारिसबमोजिम तमाम जनवादी पार्टी, दल, जनता र वर्गीय सङ्गठन र व्यक्तिहरूको संयुक्त सरकार खडा गर।

४. यस सरकारले तुरुन्त राणा सामन्तहरूको सबै आर्थिक तथा राजनीतिक अधिकारहरू खोस्ने।

५. राणा र उनका पिठ्ठूहरूको जग्गाजमिन र खेती किसानहरूमा तुरुन्त बाँडिदिने।

६. उनीहरूले अहिलेसम्म जनताउपर गरेको अमानुषिक अत्याचारका निम्ति जनताको खुला न्यायालयमा उनीहरूको मुद्दा चलाउने।

७. तुरुन्त विश्वको जनवादी क्याम्प (सोभियत रूस, चीन) सित राजदूतको सम्बन्ध खडा गर्ने।

८. वैधानिक हकहरूको पेवा त्रिभुवनको हातबाट खोसी जनताको राजनीतिक छलफल समितिलाई दिने।

९. राहदानी तथा राती लगाउने कर्फ्यु (रातमा तोपको प्रथा) हटाउने।

१०. सुरक्षा र प्रेस कानुन खत्तम गर्ने, प्रेस स्वतन्त्रता र नागरिकहरूको रक्षा गर्ने। सम्पूर्ण राजनीतिक बन्दीहरूलाई मुक्त गर्ने।

११. नेपालको जनआन्दोलन दबाउनका निम्ति प्रयोग गरिएको नेहरूको फौज र अमेरिकी साम्राज्यवादीहरूको हस्तक्षेप खत्तम गर्ने।

१२. मोहन गुटका भाइ-भारदारहरूलाई सरकारी जागिरबाट बर्खास्त गर्ने।

१३. जिल्लाजिल्लाको शासन व्यवस्था चलाउनका निम्ति स्थानीय जनताले चुनेको स्थानीय सरकार खडा गर्ने।

१४. गत क्रान्तिको समयमा किसानहरूले कब्जा गरेका जमिन सरकारले किसानलाई फिर्ता दिलाउने र यसमा किसानहरूको अधिकार कायम गराउने।

**आउँदो विधानसभा र कम्युनिस्ट पार्टी**

माथि तोकिएका सर्तहरू पूरा नगरी स्वतन्त्र जनमत जाहेर गर्ने विधानसभा खडा हुन सक्दैन। तसर्थ, विधानसभा खडा गर्नुभन्दा पहिले मुलुकमा माथि तोकिएबमोजिमको काम हुनैपर्छ भन्ने हाम्रो पार्टीको विचार छ। विधानसभापछि खडा हुने नयाँ जनवादी सरकारले तोकिएबमोजिमको कार्यक्रम पूरा गर्नुपर्दछ। यो कार्यक्रम मुलुकका सामन्त र साम्राज्यवादविरोधी सम्पूर्ण जनताको युग-युगको इच्छा र आकाङ्क्षालाई प्रतिनिधित्व गर्दछ भन्ने कुरामा नेपाल कम्युनिस्ट पार्टीलाई पूरापूर विश्वास छ।

**कम्युनिस्ट पार्टी र शासन व्यवस्था**

मुलुकमा सर्वोच्च अधिकार जनताको हातमा हुनुपर्दछ। यसै अधिकारका आधारमा शासन व्यवस्था खडा हुनुपर्दछ। यस शासन व्यवस्थामा साम्राज्यवाद-सामन्तवादविरोधी सम्पूर्ण जनता-मजदुर, किसान र जातीय पुँजीपति सामेल छन्। यसको रूप नयाँ जनवादी हुन्छ। शासन गर्ने तरिका जनताको जनवादी अधिनायकत्व हुन्छ। जनताका निम्ति जनवाद, साम्राज्यवाद र तिनका दलालहरूका निम्ति अधिनायकत्ववाद हाम्रो सरकारको नीति हुनेछ। यस नीतिलाई निम्नलिखित सर्तहरूद्वारा सरिक गराइनेछ।

१.  जनताको सार्वभौमिकता अर्थात् देशको सबै शक्ति जनताको हातमा राख्ने राज्य सर्वोच्च अधिकार जनताले चुनेका प्रतिनिधिहरूको हातमा राख्ने । यी प्रतिनिधिहरूलाई निर्वाचकको बहुसङ्ख्याले चाहेमा फिर्ता बोलाउन सक्ने । यिनै प्रतिनिधिहरूले जनताको एउटा विधान ऐन बनाउने सभा खडा गर्ने ।

२.  सभापति पनि यही सभाले रोज्ने । सभापतिको हातमा कुनै विशेष अधिकार रहन नदिने ।

३.  १६ वर्ष पुगेका सम्पूर्ण पुरुष र महिलालाई सार्वजनिक समानता र प्रत्यक्ष भोटको अधिकार दिने । बालिग मताधिकारका आधारमा प्रत्यक्ष चुनाव गराउने ।

४. गुप्त मतदान प्रणालीको चलन गराउने । राजनीतिक पार्टीहरूलाई आनुपातिक प्रतिनिधित्वको अधिकार दिने ।

५.  स्थानीय र इलाकीय सरकारको व्यापक चलन गराउने । यी सरकारलाई बालिग जनताले चुन्ने र यिनीहरूलाई स्थानीय समस्यासम्बन्धी धेरै अधिकार दिने । माथिबाट नियुक्त भएका हाकिम, बडाहाकिमको चलन नचलाउने । हाकिम, बडाहाकिम र अरू अफिसरहरू स्थानीय जनताले नै छान्ने ।

६.  जुनसुकै ठाउँमा पनि घरबार गर्ने अलङ्घनीय अधिकार, व्यक्तिको अलङ्घनीय पवित्रता, छलफल, भाषण, प्रेस, सङ्घ, हडताल, धर्म सङ्घसमेत बनाउने पूर्ण अधिकार, जुनसकै ठाउँमा पनि आवत-जावत गर्ने, पूर्ण अधिकार दिने ।

७.  धर्म, जात, वर्ण र जातीयताको भेदभाव नगरी सबैलाई नागरिक अधिकार दिने ।

८.  सबै जातिहरूलाई आत्मनिर्णयको अधिकार दिने । नेपालमा बस्ने सबै जातिहरूको आपस्तको फाइदाका निम्ति कर, बल र छलले होइन, सबैको मनोमान राजीखुसीले एउटा साझा राज्य नयाँ जनवादी नेपालको खडा गर्ने ।

९.  आफ्नो मातृभाषामा शिक्षा प्राप्त गर्न पाउने अधिकार दिने । यसरी जनताको संस्थामा आ-आफ्नो भाषाको प्रयोग पाउने अधिकार दिने, नेपाली भाषा राज्यलाई मान्नैपर्दछ भन्ने कर नरहने ।

१०. सबै व्यक्तिले कुनै पनि सरकारी अधिकारीका विरुद्ध जनताको न्यायालयमा मुद्दा चलाउन पाउने अधिकार रहनेछ ।

११. जनताद्वारा निर्वाचित न्याय विभाग खडा गर्ने न्यायाधीशहरूलाई पनि जनताले चुन्ने अधिकार दिने, सरकारद्वारा नियुक्त गरिने होइन ।

१२. पुलिस व्यवस्थाको सट्टामा जनरक्षा फौज खडा गर्ने । बालगिरी र अरू दमनका निम्ति खडा गरिएका फौज खत्तम गर्ने र नेपालको रक्षाका निम्ति जनवादी पैदल र हवाई फौजको निर्माण गर्ने ।

१३. देशका मुख्यमुख्य केन्द्रहरूमा जनस्वास्थ्य रक्षा समितिहरू खडा गरी हैजा, कालाज्वर, विफर आदि महामारीलाई समाप्त गर्ने ।

४. प्रथम महाधिवेशनले पनि अङ्ग्रेज अमेरिकी साम्राज्यवाद र भारतीय एकाधिकार पुँजीपतिको शोषणको अन्त्य सामन्तवाद दलाल नोकरशाही पुँजीवादी शोषणको अन्त्य सामन्तवाद-दलाल नोकरशाही पुँजीवादी शोषणको अन्य गरी जनताको जनवादी अधिनायकत्व भएको जनवादी गणतन्त्रको स्थापना नगरुन्जेल हाम्रो आन्दोलन जारी रहनेछ ।

*(प्रथम महाधिवेशन २०१०)*

नेपाल कम्युनिस्ट पार्टीको दोस्रो महाधिवेशनले पनि नयाँ जनवादी कार्यक्रम जनताको जनवादी गणतन्त्र जनताको जनवादी अधिनायकत्व तत्काल संविधानसभाको चुनावबाट अघि बढ्ने नयाँ जनवादी कार्यक्रम हाम्रो देशको मौजुदा वर्गहरूको सम्बन्धलाई मार्क्सवाद-लेनिनवादी सिद्धान्त अनुसार राम्ररी लेखाजोखा गरी आजको मुख्य अन्तरद्वन्द्व मध्ययुगीन सामन्ती अवशेष तथा त्यसका पृष्ठपोषक राजतन्त्र र सर्वहारा किसान बुद्धिजीवी र अन्य जनताका प्रजातान्त्रिक अङ्गहरूबीच अन्तरद्वन्द्व हो भन्ने कुरा ठम्याएको थियो ।

*(०१४ साल दोस्रो महाधिवेशनबाट)*

तेस्रो महाधिवेशनले पनि जनताको अधिनायकत्व भएको जनवादी गणतन्त्रमा जोड दिँदै सामन्ती राजतन्त्र र त्यसका पञ्चायतको अन्त्य मजदुर किसानको हातमा सत्ता ।

५. नेपाल कम्युनिस्ट पार्टी यस सामन्ती वर्गीय सत्ता खत्तम गरी देशमा सर्वहारा वर्गको नेतृत्वमा सम्पूर्ण क्रान्तिकारी वर्ग तथा जनसमुदायको संयुक्त अधिनायकत्वमा एउटा जनवादी गणतान्त्रिक राज्यसत्ता कायम गरिनेछ, जसले देशमा सामन्ती व्यवस्थालाई समूल नष्ट गर्ने साम्राज्यवादलाई राष्ट्रिय जीवनबाट लखेटी विदेशी पुँजीलाई राष्ट्रियकरण गर्नेछ । राष्ट्रिय पुँजीलाई नियोजित किसिमले विकास गर्न दिई समाजवादी सङ्क्रमणका निमित बाटो खन्नेछ ।

*(नयाँ जनवादी कार्यक्रम-०२५, पुष्पलाल)*

६. नेपाल कम्युनिस्ट पार्टी (माले) २०३५ ले पनि नौलो जनवादी क्रान्ति पुँजीवादी क्रान्ति सर्वहारा वर्गको अधिनायकत्व जनताको जनवादी गणतन्त्रमा जोड दिँदै आफ्नो कार्यक्रममा भनेको छ सम्पूर्ण नेपाली क्रान्तिकारीहरू नेपाल कम्युनिस्ट पार्टी ( मार्क्सवाद-लेनिनवादी) को स्थापना संशोधनवाद घरेलु प्रतिक्रियावाद र विदेशी शत्रुहरू विरुद्ध जुध्दै नेपाली क्रान्तिलाई अघि बढाउन र विजयी बनाउनका निम्ति नै गरिएको हो । यस पार्टीले नेपाली जनता क्रान्तिकारीहरू र वीर अमर सहिदहरूको गौरवपूर्ण क्रान्तिकारी परम्परालाई बुलन्दीका साथ अघि बढाइनेछ । त्यसकारण नेकपा (माले) को नेतृत्वमुनि एकगठ होऊ । सम्पूर्ण नेपाली जनतालाई यसको रातो झण्डामुनि गोलबन्द गरौं, दृढता र आत्मत्यागका साथ सशस्त्र सङ्घर्षको बाटोमा लागौं । दीर्घकालीन जनयुद्ध चलाउँदै साम्राज्यवादी विस्तारवादी र घरेलु प्रतिक्रियावादीलाई पराजित गर्ने र सुन्दर जनवादी जनगणतन्त्र नेपालको स्थापना गर्ने काममा हात लगाऔं । मार्क्सवाद-लेनिनवाद र माओ विचारधारा जिन्दावाद ! नेपाल

कम्युनिस्ट पार्टी मार्क्सवाद-लेनिनवाद जिन्दावाद ! नेपाली नौलो जनवादी क्रान्ति जिन्दावाद ! जिन्दावाद ! (पुस २०३५- जनवरी १९७९)

७. ०४६ सालको नेकपा (माले) को चौथो महाधिवेशनले पनि राज्यसत्ता कब्जा गर्नु सामाजिक क्रान्तिको केन्द्रीय कार्यभार हो । राज्यसत्ता कब्जा नगरी अरू कुनै पनि समस्यालाई स्थायी र वास्तविक रूपमा समाधान गर्न सकिँदैन । नेपाल कम्युनिस्ट पार्टी (माले) नेपालका सर्वहारा वर्गको प्रतिनिधित्व राजनीतिक पार्टी हो, यसले राजतन्त्र र उसको निर्दलीय पञ्चायती व्यवस्था, सामन्तवाद, दलाल नोकरशाही पुँजीवाद, वैदेशिक एकाधिकार पुँजीवाद र साम्राज्यवादको शासन शोषणलाई नेपालबाट समूल नष्ट गरी देशको अर्धसामन्ती र अर्धउपनिवेशी स्थितिलाई समाप्त पारेर सर्वहारा वर्गको नेतृत्वमा आमजनताको जनवादी अधिनायकत्व भएको जनवादी गणतन्त्र कायम गर्ने र समाजवादतर्फ सङ्क्रमण गर्ने भौतिक तयारी गर्ने लक्ष्य लिएको छ ।

८. सामन्तवाद-साम्राज्यवादी शोषण उन्मूलन गरी जनताको जनवादी व्यवस्था कायम गर्नु वर्तमान क्रान्तिको केन्द्रीय कार्यभार हो, जनताको हातमा सम्पूर्ण सत्ता केन्द्रित नगरी राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक सबै क्षेत्रमा आधारभूत जनवादी सुधार परिवर्तन गर्नु सम्भव हुँदैन । राज्य व्यवस्था, सामन्तवाद दलाल नोकरशाही पुँजीवाद र साम्राज्यवादको सत्ता तथा उनीहरूको शोषण उत्पीडन समाप्त पारिनेछ । मजदुर-किसान तथा सामन्तवाद-साम्राज्यवादविरोधी सम्पूर्ण जनवादी देशभक्त न्यायप्रेमी जनसमुदायको संयुक्त जनवादी राज्यसत्ता कायम गरिनेछ । जनताको बहुदलीय जनवादी व्यवस्थाको स्थान गरिनेछ, संविधानलाई सर्वोपरि राखेर राज्यका सबै अङ्गहरू सङ्गठित र सञ्चालित हुनेछन् । नेपाललाई स्वतन्त्र, सार्वभौम, धर्मनिरपेक्ष जनताको जनवादी गणतन्त्र घोषित गरिनेछ ।

वर्तमान नेपाली जनवादी क्रान्तिका आधारभूत शत्रु सामन्त वर्ग, दलाल नोकरशाही पुँजीपति वर्ग, विदेशी एकाधिकार पुँजीवाद र अन्तर्राष्ट्रिय साम्राज्यवाद हुन्, यिनीहरूकै शोषण उत्पीडनले गर्दा आज देश अर्धसामन्ती र अर्धउपनिवेश बनेको छ । यस्ता आधारभूत शत्रुहरूको शोषण र सत्ताउन्मूलन नगरी नेपालको जनवादी क्रान्ति पूरा हुन सक्दैन ।

*(जनताको बहुदलीय जनवादी कार्यक्रम २०४९, पाँचौं राष्ट्रिय महाधिवेशन ।)*

९. नेकपाको प्रथम सम्मेलनले जनताको सार्वभौमिकता अर्थात् देशको सबै शक्ति जनताको हातमा राख्ने राज्यको सर्वोच्च अधिकार जनताले चुनेका प्रतिनिधिहरूको हातमा राख्ने यी प्रतिनिधिहरूलाई निर्वाचकको बहुसङ्ख्याले चाहेमा फिर्ता बोलाउन सक्ने यी नै प्रतिनिधिहरूले जनताको एउटा विधान ऐन बनाउने सभा खडा गर्ने । यो प्रथम सम्मेलनले संविधानसभाको चुनाव, समानुपातिक प्रतिनिधि छान्ने (सङ्घीय) सरकारको गठन, सबै जातिलाई आत्मनिर्णयको अधिकार दिने, एउटा साझा राज्य नयाँ जनवादी गणतन्त्र नेपाल खडा गर्नेलगायतका नीति निर्णय गरेको थियो । दोस्रो महाधिवेशनले पनि संविधानसभाको चुनाव राजतन्त्रको अन्त्य नयाँ जनवादी गणतन्त्र स्थापनाको निर्णय गरेको थियो ।

हामी अहिले नेपाल कम्युनिस्ट पार्टीको स्थापनाकालदेखि अहिलेसम्म भएका नाराहरू कार्यान्वयन गर्न गइराखेका छौँ । ५७ वर्षको कम्युनिस्ट आन्दोलनले उठाएका नाराहरू हरेक महाधिवेशन र सम्मेलनहरूमा निरन्तर जोडिदै आएका छन् । पाँचौं महाधिवेशनले पनि जनताको बहुदलीय जनवादी गणतन्त्रमा जोड गरेको छ । छैटौं र सातौं महाधिवेशनले पनि पाँचौंलाई निरन्तरता दिँदै आएका छन् । हाम्रा स्थापनाकालदेखिका निर्णयहरूले हामीलाई धकेल्दै ल्याएको छ । अब हाम्रा परीक्षाका घडीहरू आएको छ ।

०४६ सालको जनआन्दोलनले ३० वर्षे सामन्ती निरङ्कुश पञ्चायतको अन्त्य भयो तर पनि सामन्ती राजतन्त्रले ढुकेर बस्दोरहेछ । काङ्ग्रेसले दुईतिहाइ बहुमत ल्याएर बनाएको सरकारलाई ०१७ सालमा महेन्द्रले सैनिक 'कू' गरे भने त्यसरी नै ज्ञानेन्द्रले ०४६ सालको संयुक्त जनआन्दोलनबाट प्राप्त अधिकारलाई मध्ययुगीन सामन्ती युगतिर फर्काउने दुस्साहस गर्ने हिजोका पञ्च धुपौरे ठालूहरू र कथित दरबारिया पार्टीहरूको सहयोगमा सामन्ती राजतन्त्रलाई टिकाइराख्न लागि-परेका थिए । मुलुकलाई राजनीतिक, आर्थिक, सामाजिक र हरेक क्षेत्रमा सामन्ती ठालूहरूले कब्जा गरेका थिए । यो राजा ज्ञानेन्द्रको ठाडो प्रजातन्त्रमाथिको हस्तक्षेपलाई ०६२/६३ को सशक्त र संयुक्त जनआन्दोलनले राजा ज्ञानेन्द्रको सैनिक 'कू' लाई परास्त पार्दै जनताले लोकतान्त्रिक गणतन्त्रको बाटो समायो र संविधानसभाको चुनाव गराएर सामन्ती राजतन्त्रलाई सदाका लागि अन्त्य गर्ने दृढ सङ्कल्प गरिरहेका छौँ ।

हाम्रो पार्टी नेकपा (एमाले) ले ०५१ सालको चुनावमा सबै पार्टीहरूको भन्दा बढी सीट ल्याएर नौमहिने सरकार चलायो, त्यसले गरेका राम्रा कामबाट मुलुक अन्ततः कम्युनिस्ट पार्टी एमालेप्रति प्रभावित भयो । सिङ्गो मुलुक एमालेमय भयो । हाम्रो सरकारलाई फाल्न अमेरिकी साम्राज्यवाददेखि दुनियाँभरिका प्रतिक्रियावादी सामन्ती, राजतन्त्र, नेपाली काङ्ग्रेस, राजावादी पार्टीहरू लागेर हामीलाई गिराए । चुनाव तोक्यौँ तर अदालतले हरायो, त्यति हुँदा पनि स्थानीय निकायमा बहुमत आयो, दुनियाँभरिका प्रतिक्रियावादीहरूलाई असैह्य भयो, उपाय भएन र ०५४ सालको नेकपा (एमाले) को छैटौँ महाधिवेशनमा पार्टी फुटाउन सफल भए, त्यतिबेला नेकपा (एमाले) नफुटेको भए ०५६ को चुनावमा अत्यधिक बहुमत ल्याएर नेपाल कम्युनिस्ट पार्टीको स्थापनाको ५० औं स्वर्ण महोत्सव मनाउँदै सरकार गठन गर्ने पार्टी बिनाकारण मतभेद देखाएर पार्टी फोर्ने बहादुरता देखाइयो । यो नेपाल कम्युनिस्ट आन्दोलन र नेपाली श्रमजीवी जनताका निम्ति ठूलो ऐतिहासिक दुर्भाग्य र धोका थियो । ०५६ को चुनावमा पार्टी फोरुवा शून्यमा झऱ्यो, ४४ सीटमा एमालेलाई हराउन र काङ्ग्रेसलाई जिताउन सफल भयो । यही नै उसले विजय सम्झ्यो । यस्ता घटना कम्युनिस्ट आन्दोलनमा धेरै हुँदै गयो, जब पार्टी बलियो, शक्तिशाली बन्छ- त्यतिबेलामा प्रतिक्रियावादीमार्फत पार्टीका साथीहरू प्रयोग हुन्छन् । अत्यन्त बलियो पार्टी ठीक विजयको शिखरमा पुग्ने बेलामा अत्यन्त दुःखदायी घटना कहिल्यै नबिर्सने र बिर्सन पनि नहुने १६ वर्षे छोरो मरेजस्तै भयो । अब हाम्रो पार्टी विगतका घटनालाई सम्झँदै

सधैँ सतर्क रहँदै सिंहावलोकन गर्दै आत्मालोचना/आलोचना गर्दै पार्टीलाई शुद्ध, तन्दुरुस्त, अनुशासित बनाउँदै लानुपर्छ । मौका छोपुवा प्रवृत्ति खुट्टा तान्ने प्रवृत्ति, गुटबन्दी गर्ने प्रवृत्तिबाट पार्टीलाई मुक्त पार्दै एउटै आत्मा बनाएर लान पहिला नेतृत्व पङ्क्तिले नमुना देखाएर कम्युनिस्ट एकता, मोर्चा र तालमेलको आह्वान गर्नुपर्छ । फलानो खराब छ, म असल छु भन्ने आफ्नो पार्टीको आन्तरिक कुरा लगाएर आफ्ना साथीविरुद्ध गुहार माग्दै एकताको नारा लगिन्छ भने त्यो खतरनाक हुनेछ । त्यसले अर्को ठूलो दुर्घटना निम्त्याउनेछ ।

अहिले हामी ०६२/०६३ को दोस्रो सशक्त संयुक्त जनआन्दोलनबाट प्राप्त उपलब्धिलाई संस्थापक गर्न संविधानसभाको चुनाव गराउन अन्तरिम विधान र संसद् गठन गर्दै संविधानसभाको चुनाव गराउन गइरहेका छौँ । हाललाई लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने सामाजिक रूपान्तरण गर्दै नयाँ नेपालको निर्माण गरी मुलुक अगाडि लान बढिरहेका छौँ । तर, सजिलो छैन, हाम्राअगाडि अनेक अप्ठ्याराहरू छन् । काङ्ग्रेस औसरवादी रोल खेलिरहेको छ । राजा मौका हेरिरहेका छन् । अङ्ग्रेज अमेरीकी साम्राज्यवादीहरू दुनियाँभरिका प्रतिक्रियावादीहरू कम्युनिस्टहरूलाई देख्न चाहँदैनन्, कम्युनिस्ट अरूको शक्ति देख्न चाहँदैनन् बरु राजा रहोस्, काङ्ग्रेस रहोस्, सामन्त ठालू रहिरहन् तर कम्युनिस्ट पार्टीको सरकार नआओस्- यो चाहना विदेशी प्रतिक्रियावादीहरूको छ । कम्युनिस्टहरू पनि पूर्व र पश्चिम फर्केका छन्- ह्रश्व र दीर्घमा झगडा गर्दछन् । साझा शत्रुका बारेमा मिलेर जाऊँ भन्यो भने हुँदो-नहुँदो तर्क झिक्छन्, पार्टी फोर्नु क्रान्तिकारी सम्झन्छन्, ब्रम्हाण्डको कल्पना गर्दछन्, गुरु बन्न खोज्छन्, जान्दैनन्- बनेको घर भत्काउन आफुलाई महान् सम्झन्छन् । भर्खरै मात्र पनि मसाल-एकताकेन्द्र तीन टुक्रा र माले दुई टुक्रा भएका छन् । पार्टी मिलाउन खोज्यो भने पदको कुरो मिल्दैनन्, व्यक्तित्वको खोजी र नेतृत्वका भोका छन् । मेरो सिद्धान्त ठीक भन्छ, एक्लै हुँदा पनि बुझ्दैन, बुझ्ने कोसिस पनि गर्दैनन् । सिङ्गो कम्युनिस्ट आन्दोलनमा देखिएका यस्ता विकृतिहरूले पनि नेपाल कम्युनिस्ट आन्दोलनलाई धेरै असर पार्दै आएको छ, जसले गर्दा हामी सधैँ पछि परेका छौँ ।

बहुमत नेपाली जनता कम्युनिस्टको प्रभावमा छन् तर कम्युनिस्टको फूटले सधैँ पछाडि छौँ । दीर्घकालीन 'जनयुद्ध' द्वारा सत्ता लिन चाहने माओवादी साथीहरू फर्केर आएका छन् । शान्तिपूर्ण जनआन्दोलन र बहुदलीय प्रतिस्पर्धालाई अँगाल्दै संविधानसभामार्फत लोकतान्त्रिक गणतन्त्रमा जाने दृढताका साथ लागेका छन् तर प्रतिस्पर्धालाई स्वीकार्दा जनता चाहिन्छ, हप्काएर, तर्साएर केही हुँदैन, उल्टो जनताबाट टाढा हुन्छ । पार्टीले गरेका गल्ती, नेताले गरेका गल्ती जनताले हेरेर बसेका हुन्छन् र मौका पाउनासाथ प्रहार गर्छन् । तसर्थ, हामी कम्युनिस्टहरूको साना शत्रु सामन्ती राजतन्त्र, दलाल, नोकरशाही पुँजीवादविरुद्ध जनतालाई गोलबन्द गर्दै कम्युनिस्ट पार्टीबीच मोर्चा बनाउँदै संविधानसभाको चुनाव गराएर लोकतान्त्रिक गणतन्त्रको घोषणा गर्नु अति बुद्धिमानी हुनेछ ।

कम्युनिस्टहरूको तत्कालीन कार्ययोजना बनाएर जनताका सामु जानुपर्छ । हाम्रो पार्टी नेकपा (एमाले) सिङ्गो लोकतान्त्रिक आन्दोलन कम्युनिस्ट आन्दोलनको प्रमुख अगुवा हो । ०६२/६३ को सशक्त संयुक्त जनआन्दोलनमा पनि हाम्रो पार्टीबाट अहम् भूमिका खेलेको कुरा सर्वविदितै छ । अहिले पार्टी नेतृत्वले गुटबदी र मौका छोप्ने प्रवृत्तिलाई चटक्कै बिर्सेर एउटै आत्मा बनाएर काम गर्नसक्ने, खट्नसक्ने युवा-विद्यार्थी र सिङ्गो पार्टी तुफानी सङ्गठनमा लाग्नुपरेको छ । लोकतान्त्रिक गणतन्त्रको प्रचार-प्रसारमा लगाउनुपरेको छ । नेताको कार्यकर्ताको परीक्षाको घडी हो । यो मौकामा अलिकति अल्छी गरेर बस्नुभयो भने देश र जनताले श्राप दिनेछन्, देशका लागि धोका हुनेछ । हाम्रो चार/पाँच महिनाको सङ्घर्षको प्रचारले सदाका लागि सामन्ती निरङ्कुश राजतन्त्रको समाप्त हुनेछ, एउटा खराब युगको समाप्ति हुनेछ । जनताले एउटा जञ्जीर तोड्नेछन्, जनताको बहुदलीय प्रतिस्पर्धासहितको जनवादी गणतन्त्रमा जाने बाटो खोल्नेछन् ।

कमरेड मदन भण्डारीले भनेजस्तै हाम्रो क्रान्ति जारी छ, यहाँ लोकतान्त्रिक गणतन्त्र पनि आएको छैन, हामी त जनवादी गणतन्त्र ल्याउन हिँडेका छौँ । अहिले हामी एक खुड्किलो पार गर्दैछौँ । धेरै अप्ठ्यारा बाटाहरू छन्, लोकतान्त्रिक गणतन्त्र पुँजीवादी प्रजातन्त्रको विकसित रूप हो, यसबाट जनताको बहुदलीय जनवादी गणतन्त्र आउँदैन, सम्पूर्ण सामन्ती दलाल नोकरशाही पुँजीवादी शोषणको अन्त्य विदेशी साम्राज्यवाद-प्रभुत्ववादी शोषण नहटेसम्म, जनताको बहुदलीय जनवादी गणतन्त्र प्राप्त नगरेसम्म हाम्रो क्रान्ति जारी रहनेछ । हाम्रो पार्टीले धेरै बलिदानी सङ्घर्ष गर्दै आएको छ । ५७ वर्षको पार्टी जीवनमा हामीले गरेका त्याग, तपस्या र बलिदानी सङ्घर्षबाट नै लाखौँ कार्यकर्ताहरू निर्माण भएका छन् । क्रान्ति र जनआन्दोलनमा हाम्रो पार्टीले अहम् भूमिका खेलेको छ, त्यो सङ्घर्षमा कार्यकर्ताले तुफानी सङ्घर्ष नगरेको भए कति पाइन्थ्यो भन्न सकिन्न । कार्यकर्ताका बारेमा कमरेड पीएल भन्नुहुन्छ- आमकार्यकर्ताले यो कुरा बुझ्नुपरेको छ कि नेता प्यारो होइन, पार्टी प्यारो हो, त्यसैका लागि समस्त पार्टी कार्यकर्ताहरूले आफ्नो घरबार, परिवार त्यागी अनेकौँ दुखःकष्ट, जेलनेल झेलेका हुन् र आफ्नो प्राणको आहुति दिएका हुन्, समस्त पार्टी कार्यकर्ताको परित्याग, तपस्या र बलिदानका आधारमा नै हाम्रो पार्टी निर्माण भएको हो । नेताजीहरूको मान, इज्जत, प्रतिष्ठा, रवाफ बढ्न गएको हो । यस कुरालाई पनि आज सबै राजनीतिक कार्यकर्ताले बुझ्नुपरेको छ ।

अब हाम्रो पार्टीले 'राजनीतिमा थकाइ भन्ने शब्दावली हुँदैन' भन्ने कमरेड मदनको भनाइलाई आत्मसात् गरी हाम्रो पार्टीका समस्त कार्यकर्ता महिला, विद्यार्थी, युवा, किसान, मजदुर, बुद्धिजीवी, कलाकार, साहित्यकार, पत्रकार, बूढापाका समस्त पार्टी संविधानसभाको चुनावमा लोकतान्त्रिक गणतन्त्र प्राप्त गर्न जननेता मदनकै शब्दमा 'टाउकोमा कात्रो बाँधेर अगाडि बढ र सामन्ती राजतन्त्रको अन्त्य गराऊ ।' यही नै वर्तमान पार्टीको केन्द्रीय कार्यभार हो र मुख्य प्रहारको निसाना हो । ■

# राज्यको पुनःसंरचना र संविधानवादका केही आधुनिक अवधारणाहरु

' युवराज सङ्ग्रौला

प्रयोगवादी दृष्टिकोणबाट हेर्ने हो भने जुनसुकै संविधान त्यहाँका नागरिकहरूले विश्वास गर्न एवम् अवलम्बन गर्न उचित ठानेका आधारभूत मान्यताहरूको दस्तावेज हो । यिनै मान्यताहरूले त्यस राज्यभित्रका नागरिकहरूलाई 'एउटै राष्ट्रियताको सूत्रमा' बाँधेर राखेका हुन्छन् । राष्ट्रियता यस अर्थमा नागरिक पहिचानका लागि आवश्यक तत्त्व मात्रै होइन, त्यो मानिस ( समाजको सदस्यका रूपमा) को खास जीवन पद्धतिको विशेषता पनि हो, जसले कुनै एउटा राष्ट्रमा बस्ने मानिसलाई अर्को राष्ट्रमा बस्ने मानिसबाट अलग राख्दछ । यस अर्थमा संविधान मानिसको जीवन पद्धतिसँग प्रत्यक्ष सरोकार राख्ने दस्तावेज हो । किनभने, यसले बोकेका आधारभूत मान्यताले नै मानिसको जीवन पद्धतिको निर्धारण गरिरहेको हुन्छ ।

संविधान राज्य सञ्चालनको आधारभूत संयन्त्रका रूपमा तीनवटा आधारभूत अन्तरवस्तुहरूबाट निर्मित भएको हुन्छ ।

उपरोक्त तीनवटा अन्तरवस्तुहरूको सूक्ष्म विश्लेषण गर्ने हो भने संविधान राजनीतिक एवम् कानुनी दस्तावेज मात्र हो भन्ने दृष्टिकोण परम्परावादी दृष्टिकोण हुन जान्छ । वास्तवमा संविधानमा अन्तरनिहित रहेका मानिसका आधारभूत अधिकारहरू एवम् त्यस्ता अधिकारहरूको संरक्षण गर्न वा समाजले आधारभूत ठानेका मान्यताहरूको संरक्षण एवम् क्रियाशीलताका लागि निर्मित राज्यका संरचनात्मक निकायहरूको वैधानिकता समाजले विकसित गरेका एवम् अवलम्बन गरेका आधारभूत मान्यताहरूमा निहित रहेको हुन्छ । यस अर्थमा संविधान मूलतः समाजशास्त्रीय प्रक्रिया वा अध्ययनको विषय बन्न जान्छ । संविधानप्रतिको यस दृष्टिकोणलाई प्रगतिशील एवम् जनपक्षीय (Progressive and communitarian) संविधान भनिन्छ र यसले पश्चिमी उदारवादले ग्रहण गरेका राज्यको ढाँचा मात्र राज्य संरचनाको अकाट्य ढाँचा हो भन्ने मान्यतालाई अस्वीकार गर्दछ र यस संविधानवादको सिद्धान्तले राज्यले आफ्ना सामाजिक, आर्थिक एवम् भौगोलिक वस्तुस्थितिलाई समेत हेरेर राज्यको ढाँचा तर्जुमा गर्नुपर्दछ भन्ने मान्यतालाई अगाडि सार्दछ ।

**समाजका आधारभूत मान्यताहरू**

समाजका आधारभूत मान्यताहरूको निर्माणमा समाजशास्त्रीय पद्धतिको ठूलो भूमिका रहेको हुन्छ । वर्गीय, जातीय, एवम् सांस्कृतिक विशेषताहरूको अन्तरक्रिया एवम् पुराना र क्रमशः विकसित हुँदै प्रकट भइरहेका मान्याहरूबीचको अन्तरविरोधले सामाजिक मान्यताहरूको स्वरूप निर्धारण भइरहेका हुन्छन् । समाजका कतिपय विशेषताहरू तिनै मान्यताका आधारमा विलय हुँदै गइरहेका हुन्छन् । संविधानले विकसित मान्यतालाई ग्रहण गर्दछ अतः संविधान गतिशील दस्तावेज मात्रै होइन, यो नयाँ र प्रगतिशील मान्यताहरूलाई आत्मसात् गर्दै व्यवहारमा रूपान्तरण गर्ने माध्यम पनि हो । अतः नयाँ मान्यता अन्तरनिहित नभएका संविधानहरू विस्थापित हुनु स्वाभाविक प्रक्रिया हो ।

००७ सालको आन्दोलनले परिवार अधिनस्थ राणाशासनलाई समाप्त गर्नुपर्ने जनमान्यताको प्रतिबिम्बन गरेको थियो । त्यस मान्यतामा राज्ययन्त्र शासकहरूको सम्पत्ति होइन भन्ने जनचेतनालाई प्रकट गरेको थियो भने अर्कातिर नेपाल सयौं किसिमका संस्कृति एवम् चाहना भएका मानिसहरूको राष्ट्र हो भन्ने विकसित मान्यताको द्योतक पनि थियो । तर, 'विविधता' नै नेपाली राष्ट्रियताको आधार हो भन्ने त्यस आधारभूत मान्यतालाई संविधानका दस्तावेजहरू तयार गर्दा, त्यस मान्यतालाई संविधानको अन्तरवस्तु हो भन्ने बुझ्न सकिएन । अतः ०४७ सालसम्मका सबै संविधानहरूले नेपाली राज्यको प्रगतिशील संरचनाको ढाँचा तयार पार्न असफल भए । नेपालको राजनीतिमा घनिभूत रहेको अस्थिरता र अस्वाभाविकपन त्यसैका परिणाम हुन् ।

कुनै पनि राज्यको संविधान त्यस्ता आधारभूत मान्यताहरूको निर्धारण नगरी निर्माण गर्ने प्रयत्न भयो भने त्यसले भविष्यमा राज्यलाई गम्भीर अराजकतामा धकेल्छ । ०४७ सालको संविधानलाई उदाहरणका लागि लिन सकिन्छ । ०४७ सालको संविधानमा बेलायती ढाँचाको उदार प्रजातन्त्रलाई लाद्ने प्रयत्न नगरी नेपाली वास्तविकतालाई मध्यनजर राखी नेपालका सबै वर्ग र जाति, भाषभाषी, सम्प्रदायलाई राज्यका समान हिस्सेदार बनाउने निकायगत संयन्त्रहरूको निर्माण गरिएको भए नेपालले विगतको जस्तो पीडा भोग्नुपर्ने थिएन । तर, ०४७ ले विविधतालाई राज्य अखण्डताको आधार हो भनेर बुझ्न सकेन ।

अतः ०४७ का संविधानले बोकेका थुप्रै कमजोरीलाई मध्यनजर राख्दै नेपालको भविष्यको संविधानले बोक्नुपर्ने मान्यताहरू खुट्याउन सकिन्छ ।

(क) नेपाली समाज सांस्कृतिक एवम् भाषिक बहुलताको देश हो । सांस्कृतिक एवम् भाषिक बहुलताको निर्माणमा जातीय एवम् भौगोलिक विविधताको ठूलो भूमिका छ । नेपाल अल्पसङ्ख्यक जातिहरूको देश हो । नेपालमा जात, भाषा वा अन्य जुनसुकै चरित्रबाट चिनिएको समूह आफैँमा अल्पसङ्ख्यक रही आएको छ । बहुलता वा विविधता भएको देशमा एकात्मक राज्य प्रणालीको परिकल्पना गर्न सकिन्न । बहुलता भए पनि अल्पसङ्ख्यक समूहहरूको बहुलता भएका कारणले जातीय स्वायत्तता पनि नेपालीको राज्यको संरचना हुन सक्तैन । एकात्मक राज्य संरचनाले जसरी एउटा सम्भ्रान्त वर्गको अधिनमा आमजनतालाई राख्दछ, त्यसैगरी जातीय स्वयत्तताले एउटा जातिको अधिनमा अर्को जातिलाई राख्दछ । यसर्थ, सबै अल्पसङ्ख्यक समूहका रूपमा गठित राज्य व्यवस्थामा न एकात्मक न त जातीय स्वायत्त प्रदेशको संरचनाले जनतालाई लोकतन्त्र प्रदान गर्न सक्तछ । अतः राज्यको पुनःसंरचनाको विषयलाई बुझ्दा कुनै एकप्रकारको निरङ्कुशतालाई अर्को निरङ्कुशताले बदल्ने होइन ।

**एकात्मकताद्वारा सिर्जित सङ्कट**

राज्य पुनःसंरचना भन्नाले यस परिप्रेक्ष्यमा अभिजात्यताको निर्माण गर्ने उपरोक्त तीनवटा कारणहरूको उन्मूलन गर्ने राज्य संयन्त्रको निर्माण गर्नु हो ।

**जातीय सङ्घात्मकताद्वारा सिर्जित हुने सङ्कट**

एकात्मक राज्य प्रणालीले जातीय, भाषिक एवम् भौगोलिक विविधता भएका समाजमा 'माथितल' (Vertical) शक्ति साझेदारीको समस्या बोकेको हुन्छ । आमजनता सेवक वा प्रजाका रूपमा रूपान्तरण भएका हुन्छन् । यस 'माथितल' को शक्ति साझेदारीको समस्याले राज्य संयन्त्रमा निम्न विकृतिहरूलाई वैधानिकता प्रदान गरेको हुन्छ ।

- राज्यको कर प्रणालीमा गरिबका लागि उत्पादनका स्रोतमा कर लगाइएको हुन्छ भने सम्भ्रान्त वर्गका कर्मचारी, नेता, व्यवसायीमाथि सुविधामा मात्र कर लगाइएको हुन्छ । अतः राज्यको चरित्र शोषणमुखी हुन्छ ।
- कर्मचारीतन्त्रले विशेष सुविधा प्राप्त गर्दछ, किनभने जनताले उनीहरूलाई नियन्त्रणमा राख्न सक्ने अवस्था हुँदैन । बहुमत प्राप्त दल कर्मचारीको सहयोगमा चलेको हुन्छ, अतः जनताले सरकारमा रहेको पार्टीलाई कर्मचारीतन्त्रबाट अलग गर्न सक्तैनन् । विपक्षी दलहरूको कर्मचारीतन्त्रमाथि कुनै भूमिका रहँदैन । अतः राज्यको शासन व्यवस्थामा राजनीतिक दलका नाममा कर्मचारीतन्त्रले शासन गरिरहेको हुन्छ । जहाँ दलीय व्यवस्था छैन, त्यहाँ कर्मचारीतन्त्र नै शासकका रूपमा रहेको हुन्छ ।
- राज्यका सुविधाहरू सम्भ्रान्त वर्गलाई विशेष प्राथमिकताका साथ प्रदान गरिन्छ । जस्तै संवैधानिक आयोगका प्रमुख, मन्त्री, सचिव, न्यायाधीश आदिलाई वितरण गरिएका महँगा गाडीहरू । त्यसैगरी कर्मचारी, प्रहरी, सेना आदिलाई अलग्गै अस्पताल । यस्ता व्यवस्था समानताविरोधी अवधारणा हुन् । शासनमा सरिक भएकाहरूलाई विशेष नागरिकको दर्जा प्राप्त भएको हुन्छ ।
- मानव अधिकारको व्यापक उल्लङ्घन ।
- शिक्षाको सम्भ्रान्तीकरण । शिक्षामा पिछडिएका वर्गको पहुँच पुग्न सक्तैन । किनभने, राज्यतन्त्र सम्भ्रान्तको पक्षमा सीमित रहेको हुन्छ ।
- विपन्नताको अपराधीकरण र सीमान्तीकरण । विपन्न वर्ग गरिबीका कारणले सामाजिक विचलनमा संलग्न हुन बाध्य हुन्छ ।

जातीय सँघात्मकताले दायाँबायाँ (Horizontal) शक्तिसाझेदारीको समस्या सिर्जना गर्दछ । हाल नेपालमा एकात्मक प्रणाली अन्तर्गत केन्द्रमा सीमित बाहुन, क्षेत्री एवम् नेवारको सम्भ्रान्त वर्गले शक्ति अधिनमा राखेको छ र त्यसलाई राजा र सेनाको सहयोगको ठूलो भूमिका रहन्छ । त्यस्तो निरङ्कुश सम्भ्रान्ततताका विरुद्धमा सम्पूर्ण दलित, महिला, जनजाति एकै ठाउँमा रहेर सङ्घर्ष गरिरहेका छन् । तर, जातीय सङ्घात्मक राज्यको निर्माण हुनासाथ सम्भ्रान्त वर्गविरुद्धको यो 'माथितल' को सङ्कट 'दायाँबायाँ' को सङ्कटमा रूपान्तरण हुनजान्छ । फलस्वरूप निम्न जटिल समस्याहरूको सिर्जना हुन जान्छ ।

- एउटा सङ्घात्मक राज्यमाथि एउटा जाति मालिक र अरू जाति प्रजामा रूपान्तरण हुन्छन् । यस किसिमको सङ्घात्मक प्रणालीले वर्गीय समस्याको समाधान गर्दैन बरु वर्गीय विवेदलाई झन् गहिरो बनाउँछ ।
- बहुमत जातिबाहेक अरू जातिले त्यस राज्य/प्रान्तलाई आफ्नो मान्दैनन् । प्रत्येक त्यस्ता राज्यमा खास जातीय सम्भ्रान्तताको जन्म हुन्छ तर समस्याको समाधान वर्गीय अन्तरविरोधबाट नभई जातीय अन्तरविरोधमा केन्द्रित रहन्छ । यसले अहिलेको एकात्मक नेपालमा देखिएका समस्याहरूलाई प्रत्येक प्रदेश वा प्रान्तमा विस्तारित गर्नेछ ।
- जातीय-सङ्घीय राज्यहरूबीचको सम्बन्ध जातीयताकै आधारमा परिभाषित हुने गर्दछ । कुनै जातीय राज्यले आफ्ना जातका व्यक्तिहरूप्रति अर्को राज्यले गरेको व्यवहारकै कारण ती दुइका बीचमा समस्याको सिर्जना हुन सक्तछ ।
- नेपालको आन्तरिक मामिलामा जातीय प्रदेशका सरकारहरूमार्फत विदेशी हस्तक्षेप हुन सक्तछ ।
- जातीय संस्कृति र भाषाको संरक्षणका नाममा उग्रवादीहरू विकास र प्रगतिका बाधक बन्न सक्तछन् ।

राज्यको पुनःसंरचनामा वर्तमान नेपाली समाजको आधारभूत उद्देश्य निहित रहेको छ । तर, त्यस्तो संरचनाको आधारभूत मान्यता के हो भनेर छलफल पनि हुन सकिरहेको छैन । यस्तो मान्यताको निर्धारण नै नगरी कसरी जनपक्षीय संविधानको निर्माण गर्न सकिन्छ ? यो प्रश्नको उत्तर नेपाली राजनीतिले दिन सकिरहेको छैन ।

नेपाली राज्यको पुनःसंरचना गर्दा एकात्मक राज्य व्यवस्थालाई बदल्नु आवश्यक छ । राज्यको शक्तिलाई केन्द्र र प्रदेशमा विभाजन गर्नु अनिवार्य छ । तर, त्यसो गर्दा कुनै जातको बाहुल्यलाई आधार बनाउने हो भने सङ्घभित्रको कुनै खास क्षेत्रमा कुनै जातको बाहुल्य रहेमा त्यहाँ अर्को सङ्घको परिकल्पना हुनसक्ने खतरा रहन्छ र राज्यको प्रादेशिक विभाजनको एजेन्डा नै सदासर्वदा राजनीतिक एजेन्डा बन्न जान्छ । भारतलाई उदाहरणका रूपमा लिन सकिन्छ ।

प्रदेशभित्रका अल्पसङ्ख्यकहरूको अधिकारको संरक्षण र समावेशीकरण त्यस अर्थमा पुनःसंरचनाको आधारभूत मान्यता रहनुपर्दछ । प्रदेशको विभाजनले प्रत्येक प्रदेशमा खास जातिको बाहुल्य रहन जाने भौगोलिक विशेषतालाई मध्यनजर राख्दै त्यहाँ भविष्यमा बहुसङ्ख्यकबाट अल्पसङ्ख्यकमाथि हुन सक्ने अन्यायलाई निषेध गर्ने आधारभूत मान्यताबाट राज्यको पुनःसंरनाको निर्माण गर्नुपर्ने हुन्छ । अतः प्राचीन समयदेखि चलिआएको सभ्यता, नदी प्रणालीले निर्माण गरेको भौगोलिक अवस्था र जीवन पद्धति, कुनै एक स्थानमा पहुँचका लागि चाहिने निकास, खास भौगोलिक बनावट र प्राकृतिक स्रोतको समतामूलक वितरणजस्ता कुरालाई पुनःसंरचनाको आधार बनाउन सकिएन भने नेपालको भविष्य अन्धकारतर्फ लम्कनेछ ।

समग्रीकृत राज्य प्रणाली (Consociational State Structure) नै त्यस अर्थमा अब बन्ने संविधानको सबैभन्दा आधारभूत मान्यता हो, जसले विविधतालाई राष्ट्रिय एकताको आधार बनाउँछ र सामाजिक विकासको जग पनि राष्ट्रियतामा अन्तरनिहित हुने वातावरणको सिर्जना गर्दछ । राष्ट्रियताको संरक्षण र सामाजिक विकासको प्रक्रियाका बीचमा अन्तरसम्बन्ध स्थापना गर्न सकिएन भने राज्यले विघटनको बाटो लिने खतरा रहन्छ ।

**राष्ट्रविकासको सकारात्मक चक्र**

उपरोक्त छलफलले संविधानको निर्माणलाई संविधानको लेखन होइन भनेर भन्ने ठोस आधार प्रदान गर्दछ । यदि संविधानको निर्माण गर्ने कार्यमा समाजशास्त्रको प्रचुर प्रयोग गर्न सकिएन र संविधान राजनीति एवम् कानुनको मात्र विषय हो भन्ने ठानियो भने राजनीति र कानुनलाई मानव सभ्यताबाट अलग्याइएको हुन जान्छ । नेपाली समाज यस रोगबाट पूर्ण रूपमा ग्रस्त रहेको छ । हालको अन्तरिम विधान पनि यसबाट अलग रहेको छैन ।

(ख) राज्यको अर्को आधारभूत मान्यता राजनीतिक प्रणालीसँग सम्बन्धित रहेको हुन्छ । जस्तै भविष्यको नेपाली समाज आफूलाई समाजवादी, साम्यवादी, लोकतान्त्रिक समाजवाद, पुँजीवाद वा परम्परावादी राज्यप्रणालीमध्ये कुन राज्यप्रणालीको विकास गर्न चाहन्छ ? यस्तो राजनीतिक मान्यताको अग्रीम निर्धारणबिना संविधानको निर्माण गर्न सम्भव हुँदैन । यस्तो मान्यताको निर्धारण राजनीतिक सहमतिका आधारमा गरिन्छ । नेपालमा अहिलेसम्म त्यस्तो राजनीतिक सहमति निर्माण गरिएको छैन । अतः भविष्यमा बन्ने संविधानको राजनीतिक आधार नै तयार नपारी संविधानसभाको मिति तोक्ने कार्यतर्फ सरकार अग्रसर रहेको छ ।

(ग)जनताको निर्वाध राजनीतिक, आर्थिक एवम् सामाजिक स्वतन्त्रता मान्यताको अर्को पक्ष हो । विगतमा संविधानले राजनीतिक अधिकारको संरक्षण गरे पनि सामाजिक र आर्थिक विकासका अवसरलाई आधारभूत अधिकारका रूपमा स्वीकार गरेको थिएन । सामाजिक र आर्थिक विकासका अधिकारको प्रत्याभूति र संरक्षण त्यस अर्थमा संविधानमा अन्तरनिहित रहनुपर्ने अर्को आधारभूत मान्यता हो ।

यस्ता दर्जनौं आधारभूत मान्यताहरूको खोजी समाजशास्त्रीय प्रणालीद्वारा गरिनु आवश्यक छ । अन्यथा संविधानसभाको निर्वाचनले मात्रै संविधानको राम्रो व्यवस्था गर्ने होइन । संविधानसभालाई यस्ता आधारभूत मान्यताको दायराभित्र राख्न सकिएन भने त्यसले बनाउने संविधानले समस्यालाई झन् जटिल बनाउन पनि सक्तछ । दुर्भाग्यवश नेपालको वर्तमान राजनीतिले यस्ता मान्यताको निर्धारणमा ध्यान दिन सकिरहेको छैन ।

**आधारभूत अधिकारहरूको पहिचान र प्रत्याभूति**

संविधान स्वयम्को वैधानिकताको स्रोत नागरिकहरूका आधारभूत अधिकारको प्रत्याभूति र संरक्षणमा अन्तरनिहित रहेको हुन्छ । जनपक्षीय एवम् प्रगतिशील संविधानवादको सिद्धान्त अनुसार, संविधान र कानुनको व्यवस्था राज्यले नागरिकहरूका अधिकारहरूको अपहरण नगरोस् वा त्यस्ता अधिकारको प्रयोगलाई कुण्ठित पार्न नपाओस् भन्नका लागि गरिएको हुन्छ । अतः राष्ट्रिय सहमति र जनचाहनाबमोजिम संविधानले प्राथमिकताका आधारमा प्रत्याभूत र संरक्षण गर्नुपर्ने अधिकारहरूको पहिचान गर्नुपर्दछ । यस सम्बन्धमा निम्न कुराहरूलाई मध्यनजरमा राख्नुपर्दछ :

(क) नेपालले नागरिक एवम् राजनीतिक अधिकारहरू र आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकारहरूका संयुक्त राष्ट्रसङ्घीय अनुबन्धहरूको अनुमोदन गरेको छ । अतः ती अनुबन्धमा प्रत्याभूत अधिकारहरूलाई संविधानमा मौलिक हकका रूपमा समाहित गर्नुपर्दछ । त्यस्तो गर्न सकिएन भने संविधान र नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताका बीचमा भ्रम रहन सक्तछ ।

(ख) नेपालमा ३८ प्रतिशत जनता गरिबीको रेखामुनि जीवनयापन गर्न बाध्य छन् । अर्कातर्फ ९० प्रतिशत जनता जीवन धान्ने खेतीपातीमा निर्भर रही गाउँघरमा जीवनयापन गर्दछन् । अतः गरिब जनताको सामाजिक र आर्थिक आवश्यकता संविधानको प्राथमिकताको विषय हुनुपर्दछ ।

(ग)बर्सेनी करिब १० हजार महिला गर्भसम्बन्धी रोग वा सुत्केरी हुन नसक्नाका कारणले मर्ने गर्दछन् । राज्यले जनताको स्वास्थ्यलाई बाँच्न पाउने अधिकारसँग जोड्ने प्रयत्न गरेको छैन । अतः प्रजनन अधिकार मौलिक हकका रूपमा रहनुपर्ने हुन्छ ।

(घ) शिक्षा डरलाग्दो भेदभावको सिकार भएको छ । गरिबका छोराछोरी पढ्ने स्कुलमा भवन छैनन्, शिक्षक छैनन् एवम् पढ्ने पुस्तकहरू छैनन् । बूढानीलकण्ठ, वीरेन्द्र प्रहरी स्कुल तथा सैनिक विद्यालयजस्ता सम्भ्रान्तका छोराछोरी पढ्ने स्कुलहरूलाई सरकारको अनुदान प्राप्त हुन्छ । धनीमानीका छोराछोरी निजी विद्यालयमा पढ्ने गर्दछन् । परीक्षा प्रणाली भने

गाउँघरका विपन्न एवम् निजी विद्यालयका लागि एकै प्रकारको छ । ५० प्रतिशतभन्दा बढी विद्यार्थीहरू एसएलसी परीक्षामा असफल हुन्छन् र ती सबै गाउँघरका गरिब हुन्छन् । सहरका सम्पन्न स्कुलमा पढ्ने विद्यार्थीहरूको ठूलो हिस्सा विदेश पलायन हुन्छ । यसरी राष्ट्रको ठूलो धनराशि परायदेशका लागि जनशक्ति उत्पादन गर्नमा खर्च हुन्छ । अतः शिक्षालाई विकासको अधिकारका रूपमा प्राथमिकतामा राख्नुपर्ने आवश्यकता छ ।

अवसरको समानता र आधारभूत अधिकारहरूको प्रत्याभूति लोकतन्त्रका न्यूनतम मापदण्ड हुन् । नेपालको वर्तमान समाज यी दुवै आधारभूत मापदण्डविहीन रहेको छ । अन्तर्राष्ट्रिय अनुबन्धहरूको आत्मीकरण भएको अवस्था एकातर्फ छैन भने अवसरमा रहेको गरिब र सम्भ्रान्त बीचको विशाल खाडलले राज्य धनीको मात्र, कथित उच्च जातको मात्र र कर्मचारीतन्त्रको मात्र भएको छ । अतः भविष्यमा बन्ने संविधानले निम्न अधिकारलाई लोकतन्त्र संस्थापनाका आधारभूत मापदण्डका रूपमा स्वीकार गर्नु आवश्यक छ ।

**(क) गाँसबास, खानपानको अधिकारः** राज्यको पहिलो कर्तव्य उसका नागरिकहरूको जीवनको संरक्षण हो । राज्यले उत्पादनका साधन वा रोजगारी वा बेरोजगारी भत्ता नागरिकलाई उपलब्ध गराउन सक्नुपर्दछ । यी आधारभूत आवश्यकताको प्रत्याभूतिबिना राजनीतिक अधिकारको कुनै अर्थ वा तात्पर्य रहँदैन । सामाजिक, आर्थिक एवम् राजनीतिक अधिकारको महत्त्व वा तात्पर्य एकअर्कामाथि अन्तरनिहित रहेको हुन्छ । अतः संविधानले यी दुवै किसिमका अधिकारलाई समान महत्त्व दिएर पक्षपोषण गर्नुपर्दछ । विगतका संविधानमा यस सम्बन्धमा अत्यन्त गम्भीर त्रुटि रहेको छ । विगतमा सामाजिक एवम् आर्थिक अधिकारको अभाव केवल राजनीतिक अधिकारहरूको प्रत्याभूतिले राजनीतिलाई सम्भ्रान्तहरूको एकलौटी अधिनमा राख्ने गम्भीर त्रुटि गरेको थियो । यसै कारणले ०४७ सालमा पुनःस्थापित प्रजातन्त्रलाई समावेशी होइन, गरिब एवम् सीमान्तीकृत वर्गको विस्थापन गर्ने प्रजातन्त्रका रूपमा परिणत गरेको थियो । यस तथ्यलाई राजनीतिक दलहरूले महसुस गर्न सकेनन् । संविधानमा यस्तो गम्भीर त्रुटि हुनुको कारण त्यो संविधान मूलतः वकिलहरूले लेखेको संविधान थियो । क्रमशः

# आणविक विवादसम्बन्धी सहमति र यसको असर

**' राजन भट्टराई**

अन्ततः लामो समयपछिको अनिश्चिततापछि उत्तरकोरिया आफ्नो जारी आणविक हतियारको कार्यक्रमलाई स्थगित गर्न सहमत बनेको छ । गत फेब्रुअरी १३ मा बेइजिङमा सम्पन्न उत्तरकोरिया र अन्य पाँच राष्ट्रहरू (चीन, अमेरिका, रुस, जापान र दक्षिणकोरिया) का बीच भएको सहमति अनुसार आगामी दुई महिनाभित्र उक्त सहमतिलाई कार्यान्वयन गरिनेछ । यसबाट एकातर्फ कोरिया प्रायद्वीप आणविक हतियारमुक्त क्षेत्र बन्नेछ भने अर्कोतर्फ विगत छ दशकभन्दा लामो कोरियाली क्षेत्रमा तनावको अन्त्य भई स्थायी शान्ति स्थापनाका लागि बाटो पनि खुल्नेछ । स्मरण रहोस्, सन् १९५० देखि १९५३ सम्म भएको दुई कोरियाको युद्धको औपचारिक युद्धविराम भएको छैन भने शीतयुद्धको तुषका रूपमा रहेको दुई कोरिया विभाजनको समस्या शीतयुद्ध अन्त्य भएको करिब १५ वर्षपछिसम्म पनि कायमै छ । त्यस्तै यो सहमति कार्यान्वयन भएमा, यसभन्दा पहिले सन् १९९४ मा पनि यसै प्रकृतिको सहमति उत्तरकोरिया र अमेरिकाका बीच भएको थियो तर पछि अमेरिका त्यसबाट पछि हटेपछि समस्या पुनः चर्किएको थियो, दोस्रो विश्वयुद्धपछि पहिलोपटक उत्तरकोरिया र अमेरिकाका बीच औपचारिक कूटनीतिक सम्बन्ध स्थापना हुनेछ भने उत्तर र दक्षिणका बीचको एकीकरणका लागि पनि मार्ग सहज बन्नेछ ।

यसपालिको सहमतिका लागि चीनको भूमिकालाई निर्णायकका रूपमा लिइएको छ । करिब करिब युद्धको अवस्थामा पुगेको अमेरिका र उत्तरकोरियाको सम्बन्धलाई पुनः वार्ताको टेबुलमा ल्याएर सहमतिमा पुऱ्याउन चीनले प्रमुख भूमिका खेलेको थियो । गत अक्टोबरमा उत्तरकोरियाले अप्रत्याशित रूपमा आणविक हतियारको परीक्षण गरेर आफूसँग आणविक हतियार रहेको दाबी गरेपछि अमेरिकी राष्ट्रपति बुस र उनका नव कट्टरपन्थी सहयोगीहरूका लागि यो घटना छाङ्गाबाट खसाल्ने समाचार बन्नपुग्यो । यसभन्दा अघि उत्तर कोरियालाई 'सैतानका थुप्रो' मध्येको एक भनी उसलाई दबाब र धम्कीबाट नै तह लगाउने सोचमा रहेको अमेरिका आणविक हतियारको परीक्षणपछि एकाएक उत्तरकोरियासँग द्विपक्षीय वार्तामा बस्न राजी भयो भने उत्तरकोरियामाथि भविष्यमा आक्रमण नगर्ने सहमति गर्न पनि सहमत भयो । यसैबीच छ राष्ट्रका बीच बेइजिङ सहमतिभन्दा पहिले अमेरिका र उत्तरकोरियाका बीच बर्लिनमा द्विपक्षीय वार्ता भएको थियो र कतिपय विश्लेषकहरू धेरै कुराहरूमा दुई देशका बीच त्यो समयमा नै सहमति बनिसकेको थियो पनि भन्दैछन् । यद्यपि, चीनले यस बीचमा आफ्ना दूतलाई पटकपटक प्योङयाङ पठाएर उत्तरकोरियाली नेतृत्वलाई यसमा सहमत गराएको थियो भने छ राष्ट्रहरूको बैठकको पनि आयोजना गरेर सहमतिलाई औपचारिक दिलाउने काम पनि बेइजिङकै पहलमा भएको छ ।

अहिलेको सहमति अनुसार प्योङयोङले सहमति भएको दुई महिनाभित्र उसको याङबुनको आणविक भट्टी बन्द गरी संयुक्त राष्ट्रसङ्घको प्रतिनिधिलाई अवलोकन गर्न दिनुपर्छ । यसको बदलामा उत्तरकोरियाले ५० हजार टन **जइ ९ज्भबखभथ ागभ्रि इर्ष०** पहिलो चरणमा चीन, रुस, दक्षिणकोरिया र अमेरिकाबाट प्राप्त गर्नेछ । त्यसपछि उत्तरकोरियाले आफूसँग भएको सबै आणविक हतियारसम्बन्धी विवरणहरू उपलब्ध गराएपछि उसले पुनः ९५ हजार टन **जइ** प्राप्त गर्नेछ । यससँगै पाँचवटा कार्यटोलीहरू निर्माण गरिनेछ, जसले उत्तरकोरियाको आणविक निशस्त्रीकरण, अमेरिका-उत्तरकोरिया सम्बन्ध, जापान-उत्तरकोरिया सम्बन्ध, उत्तरकोरियालाई दिइने आर्थिक सहयोग र पूर्वी एसियाको दीर्घकालीन सुरक्षा र शान्तिका लागि काम गर्नेछ । यसैबीचमा अमेरिकाले उत्तरकोरियाको नाम आतङ्कवादीहरूलाई सहयोग गर्ने मुलुकको सूचीबाट हटाउन पर्नेछ भने उसमाथि लगाइएको नाकाबन्दीलगायत उसको मकाओको बैङ्कमा रहेको खातामाथिको प्रतिबन्ध फुकुवा गरिदिनुपर्नेछ ।

यो सहमतिबाट उत्तरकोरियाले आफ्ना दुई महत्त्वपूर्ण मागहरू पूरा भएको ठानेको छ । पहिलो अमेरिकासँगको कूटनीतिक सम्बन्ध स्थापना, जुन उत्तरकोरियाका लागि धेरै नै महत्त्वपूर्ण रहिआएको छ । दुई कोरियाका बीच सन् १९५३ मा स्थगित युद्धयता औपचारिक शान्ति सम्झौता हुनसकेको छैन र खाली युद्धविराम मात्र भएको थियो । उत्तर र दक्षिणकोरियाका बीचको सम्बन्ध सुधारमा उत्तरकोरियाले अमेरिका र उसका ३७ हजार सैनिक, जो दक्षिणकोरियामा तैनाथ छन्, लाई प्रमुख बाधक ठान्दै आएको छ । त्यति मात्र होइन, अहिलेसम्म पनि दक्षिणकोरियाको सेना मूलतः अमेरिकी सेनाको नेतृत्वमा रहिआएको छ र उत्तरकोरियाबाट हुनसक्ने सम्भावित हमलाबाट दक्षिणकोरियालाई सुरक्षा दिने नाममा तैनाथ अमेरिकी सेनाको उपस्थितिलाई लिएर खासगरी शीतयुद्धको अन्त्यपछि दक्षिणकोरियाभित्रै पनि त्यसको विरोध व्यापक रूपमा हुँदै आएको छ । उत्तरकोरियाले दुई कोरिया एकीकरणमा अमेरिकाको भूमिकालाई प्रमुख बाधक रहेको भनी भन्दै आएको छ । खासगरी अमेरिकामा तैनाथ अमेरिक सैनिक र दक्षिणकोरियाको सुरक्षाको अमेरिकी जिम्माका कारण उत्तरकोरियाले दुई कोरिया सम्बन्धलाई अगाडि बढाउनुअघि उत्तरकोरिया-अमेरिका सम्बन्ध सुधार्नपर्ने र दक्षिणकोरियाबाट अमेरिकी सेना फिर्ता हुनुपर्ने माग चर्को रूपमा उठाउँदै आएको थियो ।

उत्तरकोरिया र दक्षिणकोरियाका बीच सम्बन्ध सामान्यीकरण भएपछि र अमेरिका अनि उत्तरकोरियाका बीच कूटनीतिक सम्बन्ध स्थापना भएपछि दक्षिणकोरियाको सुरक्षार्थ तैनाथ अमेरिकी सैनिकको उपस्थितिको औचित्य पनि कमजोर हुनेछ । यसले अन्ततोगत्वा अमेरिकी सेना दक्षिणकोरियाबाट फिर्ता जानपर्ने मागलाई तीव्रता दिनेछ । यसबाट अमेरिकाको विगत छ दशकदेखिको यस क्षेत्रमा आफ्नो आधिपत्यमाथि प्रश्न उठ्न थाल्नेछ भने उदाउँदो एसियामाथि उसको विगतको जस्तो नियन्त्रित भूमि पनि हुनेछैन । त्यति मात्र होइन, हिजो पूर्वी एसियाको स्थायित्व खासगरी ताइवानलाई चीनको आक्रमणबाट जोगाउन र जापानको रक्षाका नाममा दक्षिण चाइना सागरमा स्थापित युद्धपोतक जहाज र जापानको ओकिनावा टापुमा तैनाथ अमेरिकी सेनाको उपस्थितिका बारेमा पनि प्रश्न उठ्न थाल्नेछ । यसबाट विगत छ दशकयताको त्यस क्षेत्रको सुरक्षा संरचनामा परिवर्तन ल्याइदिनेछ भने पूर्वी एसियाली राष्ट्रहरूका बीचको आर्थिक सम्बन्धका साथसाथ राजनीतिक र सामरिक सम्बन्धमा पनि सुधार आउने सम्भावनालाई नकार्न सकिन्न ।

त्यसैगरी, यो सहमति कार्यान्वयन भएमा चीनको भूमिका बढ्नेछ । यद्यपि, चीनको अहिले दुवै उत्तर र दक्षिणकोरियासँग राम्रो सम्बन्ध रहिआएको छ । तर, यसबीचमा उत्तरकोरियाको आणविक हतियारको विषयका कारण पूर्वी एसिया तनावमय बनेको थियो र अमेरिकाको भूमिका एक्कासि बढेको थियो त्यस क्षेत्रमा । जुन चीनको दीर्घकालीन हितमा हुनसक्दैन थियो । आणविक हतियार सम्पन्न उत्तरकोरिया रहन दिनु भनेको जापान र दक्षिणकोरियालाई पनि आणविक हतियार सम्पन्न हुनका लागि मार्ग खोल्नु हुने थियो भने अर्कोतर्फ दोस्रो विश्वयुद्धयतादेखि जापान र दक्षिणकोरियाको सुरक्षाको जिम्मा लिएको अमेरिकी भूमिकालाई त्यस क्षेत्रमा अझ स्थायी रूपमा रहन दिनु र उसको भूमिकालाई बढाउनका लागि मात्र सहयोगी बन्न सक्थ्यो । यो कुरा चीनले राम्ररी बुझेको थियो र यसकारण पनि उत्तरकोरियालाई हालको सहमतिमा पुऱ्याउनका लागि चीनले महत्त्वपूर्ण भूमिका खेलेको हो । त्यसैगरी यो सहमतिले चीनको अन्तर्राष्ट्रिय छविलाई माथि उठाइदिएको छ । खासगरी शक्तिशाली हुँदै गरेको चीनले अन्तर्राष्ट्रिय राजनीतिमा आफूलाई कसरी प्रस्तुत गर्ने हो भनेर नियालिरहेको अन्तर्राष्ट्रिय जनमतले उसले यस मामलामा देखाएको जिम्मेवारपूर्ण भूमिकाका कारण अन्तर्राष्ट्रिय जनमतलाई थप आश्वस्त पार्न सफल भएको छ । चीनका शुभचिन्तकहरूका बीच मात्र होइन, यसका कट्टर विरोधीहरूसमेतले चीनले यस मामलामा खेलेको भूमिकाको प्रशंसा गरेका छन् । हालैको आफ्नो जापान, अस्टेलिया र पाकिस्तान भ्रमणका क्रममा अमेरिकी उपराष्ट्रपति जो कट्टर चीनविरोधीका रूपमा परिचित छन्, उनले समेत चीनको यस भूमिकाको खुलेर समर्थन गरेका थिए ।

पूर्वी एसियामा भएको यो सहमतिले त्यस क्षेत्रको सुरक्षा व्यवस्थामा मात्र होइन, सिङ्गो शक्ति सन्तुलनमा पनि परिवर्तन ल्याउने देखिन्छ । उत्तर र दक्षिणकोरिया बीचको सम्बन्ध सुध्रिनु अनि चीन र दुई कोरियाका बीचको सम्बन्धमा नयाँ आयाम थपिनाले जापानको भूमिकामा पनि परिवर्तन ल्याउनेछ । जापानको दक्षिण कोरिया र चीनसँग आर्थिक रूपमा सुदृढ सम्बन्ध भए पनि राजनीतिक क्षेत्रमा खासगरी दोस्रो विश्वयुद्ध पहिलेका जापानी गतिविधिका कारण समयसमयमा तनाव देखिँदै आएको छ । यस मामलामा यस क्षेत्रमा जापान एकपछि अर्को गरी एक्लिँदै गइरहेको छ । अब अझ उत्तर र दक्षिणकोरियाका बीच सुध्रदो सम्बन्ध र बढ्दो चिनियाँ भूमिकाले जापानको हालको अवस्थालाई अझ खुम्च्याइदिनेछ । त्यति मात्र होइन, जापानले विगतमा आफूबाट छिमेकी मुलुकहरूमाथि गरिएका ज्यादतीहरूप्रति पश्चात्ताप गर्न आनाकानी गरिरहने र भविष्यमा यस किसिमका

घटना नदोहोरिने प्रण नगर्ने विश्वासिलो वातावरण नबनाउने हो भने उसमाथि छिमेकी मुलुकहरूको अविश्वसनियता अझ बढ्नेछ। जसका कारण चीन, दुई कोरिया मात्र होइन, सिङ्गो दक्षिण पूर्वी एसियाली राष्ट्रहरूसँगको उसको सम्बन्ध चिसिन जानेछ।। नवनिर्वाचित जापानी प्रधानमन्त्रीले कम्फर्ट महिलाहरूका बारेमा बोलेको विषयलाई लिएर फिलिपिन्सदेखि दक्षिणकोरिया र चीनले आपत्ति प्रकट गरिरहेका छन्। त्यति मात्र होइन, जापानलाई विगतका गल्तीप्रति क्षमायाचना गरी उनीहरूलाई क्षतिपूर्ति दिनका लागि अन्तर्राष्ट्रिय रूपमा ठूलो दबाब पर्दै आएको छ। स्मरण रहोस्, सन् १९१० देखि १९४५ सम्म दुवै कोरिया जापानको कब्जामा थिए भने त्यसै समयमा जापानी सेनाले चीन र सिङ्गो दक्षिणपूर्वी एसियाली मुलुकहरूमाथि आक्रमण गरी ती मुलुकहरूमाथि आफ्नो कब्जा जमाउने प्रयत्न गरेको थियो भने अर्कोतर्फ ठूलो सङ्ख्यामा रहेका ती मुलुकका महिलाहरूलाई वेश्यवृत्तिमा लगाउन अपहरण गरेर लगिएको थियो।

उत्तरकोरियासँगको सहमतिले अमेरिकाको आन्तरिक राजनीतिमा पनि ठूलै उथलपुथल ल्याइदिएको छ। हिजो क्लिन्टनको कार्यकालमा लगभग यस्तै किसिमको सहमतिलाई आफू सत्तामा आएपछि राष्ट्रपति बुसले लत्याइदिएका थिए र उत्तरकोरियासँग सहमति होइन, उसलाई आफ्ना मान्यताहरूमा झुकाउने धम्की दिएका थिए। सन् २००२ जनवरीमा अमेरिकाका दुवै सदनलाई सम्बोधन गर्दै उनले उत्तरकोरिया, इरान र इराकलाई सैतानको थुप्रोको उपमा दिएका थिए। त्यसयता उत्तरकोरियासँग भएका विगतका सबै सहमतिहरूलाई एकपक्षीय रूपमा तोडेका थिए। तर, अहिले करिब पाँच वर्षपछि आएर लगभग क्लिन्टनकालकै जस्तो सहमति उत्तरकोरियासँग गर्नाले अहिले उनी र उनको प्रशासनले विपक्षीहरूबाट तीखो आलोचना सहनुपरेको छ। उत्तरकोरियासँग सहमति गरेपछि बुस प्रशासनको दोहोरो मापदण्डको पनि पर्दाफास भएको छ। हिजो आणविक हतियार नभएको इराकमाथि हतियार छ भन्ने झूटो प्रचार गरी इराकमाथि आक्रमण गर्न पुग्नु अनि इरानले इन्धन उत्पादनका लागि भनी अगाडि बढाएको आणविक कार्यक्रम रोक्नका लागि इरानमाथि आक्रमणको धम्की दिने बुस-प्रशासन आज आणविक हतियारले सुसम्पन्न उत्तरकोरियासँग भने सहमति गर्न बाध्य हुनुले बुस र उसका नवकट्टरपन्थीको जमात सहमतिको भाषा होइन, हतियारको भाषा मात्र सुन्ने रहेछ भन्ने कुरा यो सहमतिपछि प्रस्टिएको छ।

त्यति मात्र होइन, उत्तरकोरियासँगको यो सहमतिका कारण राष्ट्रपति बुस र उनका नवकट्टरपन्थीहरूका बीचमा विभाजन देखापरेको छ। नवकट्टरपन्थीमध्येकै एक बुसका सहयोगीका रूपमा चिनिने पूर्व संयुक्त राष्ट्रसङ्घका अमेरिकी प्रतिनिधि जोन बोल्टनले त यसको खुलेर विरोध गरिसकेका छन्। त्यति मात्र होइन, विदेश सचिव कोण्डालिजा राइसको अगुवाइमा भएको यो सहमतिका बारेमा उपराष्ट्रपति डिकचेनीलाई पनि पहिला जानकारी गराइएको थिएन भन्ने भनाइ बाहिर आएको छ। यद्यपि, सार्वजनिक रूपमा भने उनले सहमतिको समर्थनमा नै आफूलाई उभ्याएका छन्। इरानसँग टसल गरिरहेको अवस्थामा उत्तरकोरियासँग गरिएको यस सहमतिको विपक्षी पार्टी डेमोक्र्याटका सासदहरूले खराब सम्झौता भनी टिप्पणी गरेका छन्। त्यति मात्र होइन, हिजो यसभन्दा 'राम्रो किसिमको' सम्झौता डेमोक्र्याटको राष्ट्रपति हुँदा गर्न लाग्दा विरोध गर्ने बुस र उनका सहयोगीहरूले अहिले अर्को राष्ट्रसँग आणविक हतियारकै बारेमा विवाद भइरहँदा त्यसभन्दा 'खराब' किसिमको सम्झौता किन गरियो भनी प्रश्न उठाएका छन्। यसरी अमेरिकाभित्रैबाट चर्को विरोध भएका कारण पनि हालको सम्झौता कार्यान्वयन नभइन्जेल र परिणाम बाहिर नआउन्जेल यसका बारेमा निश्चिन्त हुनसक्ने स्थिति भने छैन। ■

# समावेशीकरणको सवाल : पिछडिएका वर्ग र जाति

**' गोपाल ठाकुर**

देश निर्माणमा जबसम्म सबै तह र तप्काका जनताको सहभागिता हुँदैन, तबसम्म बलियो राज्यको कल्पनासम्म पनि गर्न सकिँदैन। तर, दुई सय ३८ वर्ष राजतन्त्रको क्षत्रछायाँमा पालित सामन्तवाद र राजतन्त्रलाई संवैधानिक बनाउने अहिलेसम्मको असफल प्रयासस्वरूप २००७ सालदेखि जारी प्रजातन्त्रको अभ्याससमेतले यस तथ्यलाई आत्मसात गर्नसकेको देखिँदैन।

फलस्वरूप हाम्रा केही विशेषताहरू अब किंवदन्तीमा मात्र सीमित हुने अवस्थामा आइपुगेका छन्। उदाहरणका लागि 'हरियो वन नेपालको धन' भन्ने गरिन्थ्यो केही दशक पहिले तर आज मूरुभूमीकरण बढ्दो छ। देशको अर्थतन्त्रमा राम्ररी सघाउने गलैंचा उद्योग धराशायी भएको छ।

मधेसको सीमावर्ती क्षेत्रमा धान-चामल निर्यात कम्पनीहरू थिए, आज धान-चामल आयात कम्पनी खोल्ने बेला आइसकेको छ। तर पनि, हामी नेपाललाई कृषिप्रधान देश भन्न छाडेका छैनौँ, थाकेका छैनौँ। यी नकारात्मक परिणामका लागि राज्य र जनताबीचको सम्बन्धमा रहेको चिसोपना नै काहीँ न काहीँ जिम्मेवार हुन आउँछ। यसका लागि अभिजात वर्गीय खस

अधीनस्थ केन्द्रीकृत राज्य मूल कारक तत्त्व हो । यो समुदायले यदाकदा जनदबाबमा आएर केही प्रगतिशील सुधार वा कहिलेकाहीं क्रान्तिकारी कुरा पनि गर्ने गरेको देखिन्छ तर व्यवहारमा 'विष कुम्भम् पयो मुखम्' भन्दा माथि उठ्न सकेको छैन ।

००७ सालमा स्थापित र संयुक्त जनान्दोलन ०४६ द्वारा पुनःस्थापित प्रजातन्त्रमा देशका सम्पूर्ण जातीय, भाषिक, क्षेत्रीय समुदायले आफ्नो उचित सहभागितासहित राष्ट्र निर्माणको मूलधारमा समाहित हुने अपेक्षा गरेका थिए । तर, त्यसो हुन सकेन । फलतः आदिवासी जनजाति, दलित र महिला समुदायले सङ्गठित वा असङ्गठित जुन रूपमा भए पनि राज्य संयन्त्रमा आ-आफ्नो सहभागिताको सवाललाई लिएर आन्दोलित हुनथाले । अलिक ढिलै भए पनि राज्यले प्रतिष्ठान र आयोग बनाउँदै थमथम्याउने प्रयास पनि गऱ्यो । तर, देशको धरातलीय यथार्थलाई बिर्सेर, देशको आधा जनसङ्ख्या ओगट्ने र तीन चौथाइ राजस्व बेहोर्ने मधेसलाई बिर्सेर ।

मधेसको कुरा मात्र गर्दा पनि साम्प्रदायिक हुने त्रास पञ्चायतकालमा मात्र होइन, बरु स्थापित वा पुनःस्थापित प्रजातन्त्रमा पनि बनिनै रह्यो । तर, पेट भोको भएपछि सबै त्रास आफैँ हराउँदो रहेछ । मधेसको सवाललाई लिएर नेपाल सद्भावना परिषद् हुँदै नेपाल सद्भावना पार्टीसहित कैयौं सामाजिक सङ्गठनहरू पनि देखापरे । तर, मधेसको मुद्दालाई कमजोर बनाउन ठूलै षड्यन्त्र भयो । आज राज्यमा समावेशीकरणको प्रक्रियामा मूलतः सामेल गरिनुपर्ने समुदायहरूमा आदिवासी जनजाति, दलित, महिला, मधेसी र कर्णाली क्षेत्रका निवासीहरूको नाम अगाडि आएको देखिन्छ ।

यसो भन्नुजस्तो षड्यन्त्र केही पनि हुँदैन । आदिवासी जनजाति, दलित र महिलामा पहाडी र मधेसी दुवै समुदाय पर्दछन् । हुन त आदिवासी जनजाति र दलितको परिभाषासँग पनि असहमतिका थुप्रै आधारहरू छन् तर अहिलेसम्म बनेका प्रतिष्ठान र आयोगहरूको बनोट हेर्ने हो भने त्यहाँ मधेसी आदिवासी जनजाति, दलित र महिलाको उपस्थिति नगण्यभन्दा पनि फरक पर्दैन । तर, जब मधेसीहरूको आवाज पनि एउटा खास उचाइमा पुग्यो, मधेसी पनि नेपालको उपेक्षित समुदायमा सामेल भयो ।

तसर्थ, अहिले पनि साँचो अर्थमा यी पछि परेका समुदायहरूलाई सशक्तीकरणको प्रक्रियामा समावेश गर्नुपरेको छ भने स्पष्ट अर्थमा धरातलीय, भाषिक र सांस्कृतिक पहिचानका आधारमा पहाडी र मधेसी गरी आदिवासी जनजाति, दलित र महिलाको सवाललाई र लैङ्गिक रूपमा पुरुष र महिला गरी आदिवासी जनजाति र दलितको सवाललाई अलगअलग रूपमा हेरिनुपर्दछ ।

तर, यति हुँदाहुँदै पनि सामाजिक विभेदका आधारमा परिभाषित यी समुदायहरू भन्दा फरक पनि एउटा समुदाय छ मधेसमा । त्यो हो, परम्परागत वर्णव्यवस्थामा वैश्य र समग्रमा भन्ने हो भने माथिल्लो जाति भनाउँदा अभिजातीय समुदाय, आदिवासी जनजाति र दलितको परिभाषाभित्र न अटाउने अन्य मधेसी समुदाय, जसलाई पिछडिएका जाति/समुदाय भन्न उपयुक्त होला ।

तर, अहिले ती समुदायलाई चिनाउन 'पिछडा वर्ग' **९इतजभच द्यबअपधबचम ऋबिकक यच इद्यऋ०** शब्दावलीको प्रयोग गरिँदैछ । यसका लागि नेपाल पिछडावर्ग महासङ्घले राष्ट्रिय सम्मेलन गरी काठमाडौँ घोषणापत्र-०६१ जारी गरी आफ्ना विभिन्न मागहरू राख्दै आन्दोलन पनि गरिरहेको छ ।

केन्द्रीय तथ्याङ्क विभागको यो तालिकाले यो समस्या पहाडमा छैन भन्ने कुरा स्पष्ट गर्दछ, जसलाई पिछडावर्ग महासङ्घले आफ्नो काठमाडौँ घोषणापत्रमा उद्धृत गरेको छ ।

| **जाति/समुदाय** | **मधेसी जातिहरूको नाम र उपस्थिति** | | **पहाडी जातिहरूको नाम र उपस्थिति** | |
|---|---|---|---|---|
| उच्च र सम्पन्न | ब्राह्मण, राजपुत, कायस्थ, मारबाडी | २,७४,६३७-१.१९ प्रतिशत | बाहुन, क्षेत्री, ठकुरी, सन्यासी | ७०,२३,२२०-३०.३४ प्रतिशत |
| पिछडिएका जाति | २५ जाति | ४१,५९,०७८-१८ प्रतिशत | छैन | |
| आदिवासी जनजाति | ११ जाति | १८,४०,१०७-८ प्रतिशत | ४८ जाति | ६४,२७,०७७-२६.६३ प्रतिशत |
| दलित | १२ जाति | ८,९२,०२४-३.४५ प्रतिशत | ४ जाति | १२,६६,८०५-५.४७ प्रतिशत |

तर, माथिको तालिकामा पिछडिएका जातिको सङ्ख्या २५ भनिए तापनि त्यस महासङ्घले समावेश गरेका निम्न जातिहरू यस श्रेणीमा पर्दछन् :

कोइरी (कुशवाहा), कुर्मी, कुम्हार, कहाँर, कैंवट, कानु, कमार, कलवार, कलाल, तेली, नुनिया, बनिया, भैंडिहर, माली, मल्लाह, मुसलमान, बढई, बरई, यादव, राजभर, राजधोब, रौनियार, लोहार, लोध, सुडी, सैनी, सोनार, हलुवाई, हजाम आदि ।

भाषिक हिसाबले यस समुदायले बोल्ने भाषाहरूमा मगही, मैथिली, भोजपुरी, अवधी, उर्दू र सम्पर्क भाषा हिन्दी हुन् ।

वास्तवमा वर्ग भन्नेबित्तिकै आर्थिक हैसियत र जाति भन्नेबित्तिकै सामाजिक हैसियत स्पष्ट हुनुपर्ने हो । तसर्थ, पिछडा वर्ग भन्ने हो भने यसको यो नाम जातिनिरपेक्ष हुनुपर्दछ । स्पष्ट छ, एउटा चमार धनी हुनसक्छ र एउटा ब्राह्मण गरीब । जस अनुसार, गरिब ब्राह्मण पिछडावर्गमा पर्न आउँछ भने धनी चमार अभिजात वर्गमा । त्यति मात्र होइन, आर्थिक हैसियतले सामाजिक हैसियतमा पनि असर पार्छ । उदाहरणका लागि वैश्य वर्णमा अछूत मानिएका तेली, कलवार, कलाल, सुडीजस्ता जातिसँगको छुवाछूत उनीहरूको सबल आर्थिक हैसियतले समाप्तप्रायः भइसकेको छ भने कहिल्यै पनि छुवाछूतको विभेद बेहोर्नु

नपरेका लोहार, हजाम र मालीजस्ता जातिहरूले आज पनि सम्मानित सामाजिक हैसियत पाउन सकेका छैनन् । यी जातिहरूको साझा सामाजिक पहिचान 'पउनी' हो, जसमा अछूत चमार पनि पर्दछ । तर, चमार मात्रै होइन, सबै पउनीका लागि एउटा उखान छ- 'पउनी के दउनी कइसन ?' अर्थात् पउनीले दाइँ गर्नु हुँदैन ।

तर, विडम्बना के हो भने छुवाछूतको कारणले चमार दलित समुदायमा सामेल छन्, जबकि समान हैसियतका लोहार, हजाम र माली त्यहाँ छैनन्, साथसाथै छुवाछूत बेहोर्नुपर्ने भए पनि आर्थिक हैसियत माथि हुने भएकाले तेली, कलवार, कलाल र सुडीजस्ता जातिहरू पनि दलित समुदायभित्र छैनन् ।

यहाँ एउटा प्रश्न यो पनि छ, पहाडका सुनार, कामी वा लोहार जो दलित छन्, मधेसी सुनार वा लोहारकहाँ पुग्दा छुवाछूत बेहोर्नु नपर्ने हुन्छ भने मधेसी सुनार र लोहार अछूत नभए पनि पहाडमा बाससमेत नपाएका कैयौँ उदाहरणहरू छन् ।

एकातिर यस्ता जटिलता छन् भने अर्कातिर जातिको हिसाबले उच्च भए पनि आर्थिक हैसियत गिर्दो भएकाले राज्यबाट केही प्रोत्साहन नपाउने हो र आर्थिक हैसियत उच्च हुँदाहुँदै पनि तल्लो वा पिछडिएको जाति/समुदायका नाममा राज्यबाट अझ आरक्षित हुँदै जाने हो भने सम्पन्नता र विपन्नताको खाडल पुरिनुको सट्टा बढ्दै जाने खतरा पनि त्यत्तिकै मननयोग्य कुरा हो ।

मूल रूपमा पहिचान र आर्थिक वृद्धिमध्ये कुनै एकबिना अर्को महत्त्वहीन हुन पुग्दछ । उदाहरणका लागि आर्थिक हैसियतले निकै उच्च स्थानमा रहे पनि मारबाडी समुदाय अहिलेसम्म पनि यस देशका अनुहारहरूमा आफूलाई पाउन सकिरहेका छैनन् भने पहिचानको समस्या नरहे पनि छाक टार्ने समस्याले कर्णाली प्रदेशवासीहरू पीडित छन् ।

यी दुवै समस्याले आखिर राष्ट्रलाई नै कमजोर बनाउँछ, जबकि यी पिछडिएका मधेसीहरू दुवै समस्याले एकसाथ पीडित छन् । यस स्थितिमा रहिरहनु वा यिनीहरूलाई राखी राख्नु राष्ट्रिय विखण्डन निम्त्याउनु हो ।

तर, दुवैबीच सन्तुलन कायम गरी समतामूलक प्रबर्द्धन गर्ने नीति राज्यले लिएको खण्डमा सामाजिक र आर्थिक दुवै विभेदबाट सिङ्गै राष्ट्रलाई मुक्त गर्ने प्रवल सम्भाव्यता छ । यस सम्भाव्यतालाई मूर्त रूप दिनका लागि राज्यका हरेक अङ्गमा देशको सबै तह-तप्काको समावेशीकरण हुनु अनिवार्य छ । फेरि पनि अहिले सबैभन्दा सस्तो उराठलाग्दो शब्द 'समावेशी' बन्न पुगेको छ । कुनै निकायमा सयमा उनान्सय एकखालको र सयौँ व्यक्तिका रूपमा एक जनालाई नमुनाका रूपमा ल्याएर समावेशी बनाउने कसरत पनि हिजोआज खुबै चल्ने गरेको छ । त्यो एक जना पनि सकभर रामभक्त हनुमानै खोजिन्छ ।

यदि यस्तै हुने हो भने यो शब्दजालको खेती मात्रै हुनेछ, जो प्रत्युत्पादक नै हुन्छ अन्तमा । तर, न्याउरी मारी पछुतोले सच्चिनका लागि केही बाँकी नै रहँदैन । त्यसैले साँच्चिकै नयाँ नेपालको निर्माण गर्ने हो भने समावेशी होइन, देशका सबै तह र तप्काले राज्य संयन्त्रमा समानुपातिक प्रतिनिधित्व पाउनु पर्छ । यसका लागि सङ्घीय शासन व्यवस्था अपरिहार्य छ । त्यसै गरीकन सबैले समान अधिकारको प्रत्यभूतिका लागि कहिल्यै ग्रहण नलाग्ने गरी लोकतन्त्रको सुनिश्चितता हुनु अपरिहार्य छ, जो कुनै पनि स्वरूपको राजतन्त्र अन्तर्गत सम्भव छैन । अतः मध्युगीन सामन्तवादको अन्त्य गर्दै सबै वर्ग र समुदायको राज्यसंयन्त्रमा पहुँच सुनिश्चित गर्नका लागि बिनाछलकपट अविलम्ब देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाले मात्र देश र मधेस सबैको हित सुनिश्चित गर्ने देखिन्छ । तात्कालिक कार्यनीतिका रूपमा आर्थिक, सामाजिक र जातीय विभेदको अन्त्यका लागि त्यस नयाँ नेपालमा पनि सकारात्मक विभेदको व्यवस्था पनि केही समयका लागि अपनाउनु पर्ला, जसमा पिछडिएका वर्ग र जातिले तुलनात्मक रूपमा बढी अवसर प्राप्त गर्न सकोस् ।

यसका लागि न त कुनै पनि बहानामा संविधानसभाको निर्वाचन पर सार्न, न संविधानसभाको हाउगुजी देखाई हाल आ-आफ्नो पहिचान र सहभागिताको सुनिश्चितताका लागि मधेसी, दलित, महिला र आदिवासी जनजातिले उठाएका जायज मागहरूलाई बेवास्ता गर्नु नै बुद्धिमानी होला । ■

# प्रवासीद्वारा सचेत रहन आग्रह

अखिल भारत नेपाली स्वतन्त्र विद्यार्थी युनियनको १६ औं अखिल भारत सम्मेलन 'लोकतान्त्रिक गणतन्त्र स्थापना हाम्रो अभियान, रोजगारमूलक शिक्षा अभानेस्ववियुको आन्दोलन !' मूल उद्घोषका साथ १०-११ फरबरी २००७ का दिन हरियाणा राज्यको फरिदाबादमा सम्पन्न भएको छ । प्रमुख अतिथिका रूपमा आमन्त्रित नेकपा (एमाले) केन्द्रीय कमिटी सदस्य एवम् भाप्रसक इन्चार्ज छविलाल विश्वकर्माले उद्घाटन गर्नुभएको सम्मेलनमा प्रवासी नेपाली सङ्घ भारतका अध्यक्ष रामलाल काफ्ले, सल्लाहकार विष्णु गिरी, महासचिव खेमचन्द्र ढकाल, अल इन्डिया स्टुडेन्ट फेडरेसनका अध्यक्ष पी मुरलीधन, स्टुडेण्ट फेडेरेसन अफ इन्डियाका अध्यक्ष अनिल रायल, अल इन्डिया स्टुडेण्ट एसोसिएसनका महासचिव रवि राय, केन्द्रीय नेता उमा, प्रवासी नेपाली सङ्घ भारतका उत्तराञ्चल र हरियाणा राजस्थान संयुक्त राज्य समितिका प्रमुख सल्लाहकार क्रमशः धनप्रसाद तिवारी, खगेश्वर काफ्ले, अभानेस्ववियुका संस्थापक नेतात्रय लक्ष्मीप्रसाद काफ्ले, टीकाराम पोखेल, कमलापति खरेल, दिल्लीका नेता मदन भारती र हरियाणाका नेता सीता अधिकारीले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

आमन्त्रित अतिथि भाकपासम्बद्ध विद्यार्थी सङ्गठन अल इन्डिया स्टुडेन्ट फेडरेसनका नेता पी मुरलीधरनले भारतमा भर्खरै सम्पन्न जनआन्दोलन भारतलगायत सम्पूर्ण लोकतान्त्रिक मुलुकलाई प्रेरणा भएको तर्क पेस गर्नुहुँदै वर्णाश्रयी राजावादी भाजपाको योजनामा विश्व हिन्दू परिषद् नेपालमा सयौँ जोगीहरूको भीड जम्मा गराई राजालाई ब्यूँताउने र संविधानसभाको निर्वाचन एवम् वर्तमान दलीय सरकारलाई असफल पार्ने प्रयत्नमा रहेकाले सचेत रहन सबैलाई अनुरोध गर्नुभयो । यसरी नै

भाकपा (माले) सम्बद्ध विद्यार्थी सङ्गठन अल इन्डिया स्टुडेन्ट एसोसिएसनका नेता र भाकपा मार्क्सवादी सम्बद्ध विद्यार्थी सङ्गठन स्टुडेन्ट फेडेरेसन अफ इन्डियाका नेताहरूले नेपाली जनताको आन्दोलनलाई प्रेरणाका रूपमा ग्रहण गरेको तर्क राख्दै लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना गर्ने नेपाली जनताको अभीष्ट पूरा होस् भनी शुभकामना प्रकट गर्नुभयो ।

भारतका विभिन्न नौवटा राज्यबाट प्रतिनिधित्व गर्नुभएका ७३ जना प्रतिनिधिहरू सहभागी सम्मेलनले मुलुकभित्र हुन गइरहेको संविधानसभाको निर्वाचनलाई जनताको पक्षमा जीत सुनिश्चित गर्न पहलकदमी लिने, समावेशी प्रकृतिको लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापना गर्न जागरुकता अभिवृद्धि गर्ने, प्रवासी नेपालीहरूको मताधिकारको सुनिश्चितताका लागि दबाबमूलक ढङ्गले पहलकदमी लिने, संविधानसभाको निर्वाचनपछि बन्ने नयाँ संविधानमा प्रवासी नेपालीका हक अधिकार किटान गर्न दबाबमूलक पहलकदमी लिने, युवा विद्यार्थीहरूले झेलिरहेका आमसमस्या समाधानका लागि सम्बन्धित निकायसमक्ष दबाब सिर्जना गर्ने, भारतका विभिन्न राज्य अन्तर्गत विभिन्न विश्वविद्यालय, महाविद्यालय र विद्यालयमा भाषा शिक्षा ग्यारेन्टी गर्न पहल गर्दै अन्य प्रकारका समस्या समाधान गर्न सम्बन्धित सबैको ध्यानाकर्षण गराउने आदि विषयहरूमा आधारित विभिन्न सातवटा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रस्ताव पारित गरेको छ ।

सम्मेलनको बन्दसत्रबाटै सङ्गठनका संस्थापक नेता लक्ष्मीप्रसाद काफ्ले, कमलापति खरेल र टीकाराम पोखेललाई प्रमुख अतिथिद्वारा सम्मान तथा अभिनन्दन गर्ने काम भएको छ ।

सम्मेलनले युवराज बाँस्कोटाको अध्यक्षतामा एक पद रिक्त रहने गरी १३ सदस्यीय केन्द्रीय कमिटीको निर्वाचन गरेको छ । जसमा क्रमशः उपाध्यक्ष हरदेव जोशी, महासचिव निर्मल पाण्डे, सचिव मिनाक्षी सिंह, कोषाध्यक्ष मित्रप्रसाद घिमिरे र सदस्यहरूमा कमल थापा, जसपाल पुन, प्रेमराज उपाध्याय, रेणुकृष्ण अधिकारी, सीमा प्रजापति र रीटा जिसी हुनुहुन्छ । निर्वाचित समितिको प्रथम बैठकले सर्वसम्मतबाट दीपक भट्टलाई प्रमुख सल्लाहकारका रूपमा मनोनीत गरेको छ ।

# ‘खाद्य सम्प्रभुता’ का लागि अन्तर्राष्ट्रिय सम्मेलन

**‘ खेम सुवेदी**

पश्चिमी अफ्रिकाको देश माली विश्वको गरिब मुलुकहरूको कोटीमा पर्दछ । एक करोड ४० लाख जनसङ्ख्या रहेको मालीको राजधानी बामाको हो । ८० प्रतिशत कृषि पेसामा निर्भर त्यहाँका जनताले धान, गहुँ, जौ, कोदो, जुनेलो, मकै, फलफूल र तरकारी आदि उत्पादन गर्दछन् । आठ धार्मिक सम्प्रदाय रहेको यस मुलुकमा साना-ठूला गरी एक सयजति राजनीतिक दलहरू रहेका छन् भने छवटा मुख्य प्रतिस्पर्धी पार्टीहरू एडेमा पास्ज, सीएनआईडी, यूएसआरडीए, ओरपीआर, यूआरडी र पारेना रहेका छन् ।

रिपब्लिक डेमोक्रेटिक देश मालीका राष्ट्रपति अमाडो टुमानी टुरे भने स्वतन्त्र उम्मेदवार भई राष्ट्रपति पदमा निर्वाचित भएका हुन् । ७० प्रतिशत मुस्लिम समुदायको बसोवास रहेको त्यहाँको राष्ट्रिय भाषा वाम्वारा हो भने काला जातिको मात्र बाहुल्य रहेको आमजनताको जीवनस्तर निकै दयनीय रहेको छ । आर्थिक विपन्नताले जकडेको मुलुक मालीको मुद्रा फ्याङ्क हो भने एक डलर बराबर पाँच सय रुपियाँ रहेको छ । सेनेगल, गिनी, अल्जेरिया, बुरकिनाफासो, मुरिटानिया र नाइजरजस्ता देशको बीचमा अवस्थित यस देशको राष्ट्रिय जनावर अरना भैँसी रहेको वामाको सहरको मूलचोकमा राखिएको ठूलो आकृतिको मूर्तिबाट पनि पुष्टि गर्दछ भने त्यसले पर्यटकहरूलाई आकर्षित गर्ने महत्त्वपूर्ण योगदान पुऱ्याएको मान्न सकिन्छ । नेपालको जस्तो राजा महाराजाको प्रतिमा नभई राष्ट्रिय पहिचान गर्ने दुर्लभ जनावर र जैविक विविधता समेटिएका मूर्तिहरू चोकचोकमा स्थापना गरिएको रचनात्मक पक्ष रहेको पाइयो ।

अन्तर्राष्ट्रिय विमान अवतरण हुने वामाको सहरदेखि दक्षिणमा रहेको सेलिङ्गे बजार जहाँ लेक रिभर नामको नदी बगिरहेको छ, त्यसैको नाकमुनि विश्वका ८० देशका पाँच सय प्रतिनिधिहरूको जमघट, आ-आफ्नो देशका व्यानर, झण्डा एवम् राष्ट्रियता झल्कने पहिरनसमेतबाट मालीको ऐतिहासिकतालाई प्रमाणित गरिरहेको देखिन्थ्यो ।

सामाजिक क्षेत्रकी अग्रणी तथा किसान आन्दोलनकी सशक्त योद्धा नेलिनीको नामबाट यही फेब्रुअरी २३-२७ (अर्थात् ०६३ फागन १२-१३) गतेसम्म सञ्चालन भएको ‘खाद्य सम्प्रभुताका लागि अन्तर्राष्ट्रिय सम्मेलन २००७’ ले विश्वका सबै महादेशमा सकारात्मक छाप छोड्न सफल भएको छ । खाद्य सम्प्रभुता मानव जीवनको अपरिहार्य र नैसर्गिक मौलिक अधिकार हो, विश्वका कुनै पनि कुना-कन्तरामा बसोवास गर्ने व्यक्तिहरू भोको पेट बस्नु भनेको मानव अधिकारको घोर उल्लङ्घन हो, त्यसैले प्रत्येक देशका सरकारको दायित्व रहनुपर्दछ कि ती देशका जनसमुदायको खाद्यमाथिको अधिकार सुनिश्चित गर्नु, विश्व सम्मेलनले औँला ठड्याएर सिङ्गो विश्वको ध्यानकेन्द्रित गरेको छ भने ‘नलिनी’ घोषणापत्र विश्व जनमत सङ्गठित गर्दै

साम्राज्यवाद, विश्व व्यापार सङ्गठन, अन्तर्राष्ट्रिय मुद्राकोष एवम् बहुराष्ट्रिय निगमजस्ता शक्ति र सङ्गठनमाथि दबाब सिर्जना गर्न सफल रही कोसेढुङ्गा सावित भएको छ ।

पश्चिम र मुख्य एसिया, अफ्रिका, दक्षिण एसिया, उत्तर अमेरिका, दक्षिण पूर्वी एसिया, ल्याटिन अमेरिका र केरिवियन, यूरोप र अस्ट्रेलियाका देशहरू सहभागी रहेको सम्मेलनमा साना तथा व्यावसायिक किसान र किसान सङ्गठन, मछुवारा, आदिवासी जनजाति, उपभोक्ताहरू, महिला समुदाय, श्रमिक (कामदार) दुवा समुदाय, वातावरणविद्, गैरसरकारी संस्था र सरकारी प्रतिनिधिहरूको प्रतिनिधित्व रहेको थियो । सबै क्षेत्र समेटिएको फोरममा सातवटा विषयवस्तुहरूलाई प्रवेश गराई सात समूहमा छलफल र बहस चलाइएको थियो । ती विषयहरू थिए- स्थानीय बजार र बजार नीति, स्थानीय ज्ञान र सीप, जैविक विविधता, प्राकृतिक श्रोत र साधनमाथिको पहुँच, द्वन्द्व र भूपरिवेष्ठित समस्या, सामाजिक गतिविधि र प्रकाशनको चाप चरिचरनको विकास, उपभोक्ता र सहरी आन्दोलन, उत्पादन पद्धति एवम् त्यसबाट जनतामा पर्ने प्रभाव, जीवनस्तर र वातावरणीय प्रभावजस्ता महत्त्वपूर्ण एवम् दूरगामी प्रभाव पार्ने विषयवस्तुहरूलाई 'खाद्य सम्प्रभुता' सम्बन्धी प्रावधान राखिने प्रतिबद्धता प्रकट गर्नुहुँदै बहुराष्ट्रिय निगम एवम् त्यस्ता विरोधी शक्तिहरूको खुलेर विरोध गर्नुभएको थियो । र, निकै व्यवस्थित रूपबाट सातवटा समूहमा विषयवस्तुसहित विभक्त छलफलका क्रममा भाषागत रूपमा मुख्य रूपले स्पेनिस, फ्रान्सिस, स्थानीय भाषा, बाम्बारा र अङ्ग्रेजीलाई महत्त्व दिइएको थियो भने आ-आफ्नो देशको भाषामा अभिव्यक्त गर्ने सहजतासमेत प्रदान गरिएको थियो, जसलाई अङ्ग्रेजीमा रूपान्तरण गरिन्थ्यो ।

सम्मेलन अवधिभर सबै प्रतिनिधिहरूलाई डिजिटल रेडियो प्रदान गरिएको थियो भने बसोवासका लागि मालीकै जनता बस्ने ढाँचाका एक सय २० वटा कटेज (घर) बनाइएको थियो । सम्मेलन अवधिभर खानपिनको व्यवस्था स्थानीय जनसमुदायको मौलिकतामा ढालिएको थियो । सम्मेलनमा नेपालका तर्फबाट अखिल नेपाल किसान सङ्घको पहलमा अखिल नेपाल महिला सङ्घ, प्ररायुसङ्घ, अनेरास्ववियु र गैससससमेत १३ सदस्यीय प्रतिनिधि रहेको थियो । नेपालको अन्तरिम संविधान 'खाद्य सम्प्रभुता' को प्रवेश विश्वसामु नमुना मात्र होइन, सम्मेलनस्थलमा ऐतिहासिक नै बन्यो । नेपाल राष्ट्रबारे अनभिज्ञ रहेका कतिपय देशका सहभागीहरूलाई 'खाद्य सम्प्रभुता' को विषय नेपाल राष्ट्रको पहिचान बन्न पुग्यो । नेपालीहरूका लागि यो गौरवको विषय बनेको छ । समापनका अवसरमा मेक्सिको र भेनेजुएलाका राजदूतहरूका अतिरिक्त मालीका सरकारी प्रतिनिधिहरूको उपस्थिति रहेको थियो भने सम्बोधनकै क्रममा 'खाद्य सम्प्रभुता' नेपालको अन्तरिम संविधानमा राखिएकोमा वक्ताहरूले प्रशंसा गर्दै विश्वका अन्य मुलुकलाई दबाब सिर्जना गर्न उदाहरण बनेको अभिव्यक्ति दिएका थिए । वक्ताहरूले बहुराष्ट्रिय निगम, विश्व व्यापार सङ्गठन र सबैखाले बाधा-व्यवधानविरुद्ध सशक्त आवाज उठाएका थिए ।
'खाद्य सम्प्रभुता' का लागि निर्णायक सङ्घर्ष गर्ने अठोटका साथ मुट्ठी उठाएर सहभागी देशहरूले ऐतिहासिक नेलिनी घोषणापत्र जारी गर्दै गीत र सङ्गीतमार्फत सिङ्गो विश्वको ध्यानाकर्षण गरेको दृश्य उल्लेख्य रूपमा सहभागी पत्रकार एवम् सञ्चारकर्मीद्वारा उपकरणहरूमा समेट्ने कार्यले समापन क्षण अविस्मरणीय बनेको थियो ।

# संसारलाई केही दिन पहिला आफैं जल्न सक्नुपर्छ

**' लक्ष्मण पौडेल**

जतिबेला ईश्वरको बरदान ठानेर, सर्वहारा श्रमजीवीमाथि हत्या, उत्पीडन र शोषण गरिरहेका थिए, जसका विरुद्धमा मजदुर-सर्वहारावर्गको कुनै सङ्घ र कुनै दर्शन थिएन । मार्क्सले जतिबेला संसारमा कम्युनिस्ट घोषणापत्रमार्फत 'संसारका मजदुर एक होऔँ' भनेर उद्घोषण गरिरहँदा संसार, समाज र मानिसहरूलाई पत्याउन मुस्किल भएको थियो । तत्कालीन राज्य, पोप, सामन्त तथा पुँजीपतिवर्ग र तिनका अनुयायीले उहाँ र उहाँको दर्शनलाई इन्कार मात्र गरेनन्, शान्तिले उहाँ आफैं जन्मेको भूमिमा बस्न र बाँच्न पाउने अधिकारबाट समेत वञ्चित गरे । जुन साश्वत दर्शनको निर्माण गर्न उहाँ सफल हुनुभो, जुन दर्शनको आलोकमा विश्वभरि नै ठूल्ठूला क्रान्ति र परिवर्तनको अभ्युदय भयो तर उहाँको वास्तविक जीवन यति दुःखद र विषादपूर्ण रह्यो, मार्क्सको समग्र जीवन आफैँमा वियोगान्त महाकाव्यझैँ बन्न पुग्यो । सर्वविदितै छ, सच्चाइका लागि सुकरातले विषको प्याला ग्रहण गरे । पृथ्वी गोलो छ भनेकै कारण जर्नादो ब्रुनोको पोपहरूले प्राणै हरण गरे । प्रजातन्त्र चाहिन्छ भन्दा गङ्गालाल-दशरथ चन्दहरूलाई राणाहरूले फाँसीमा लड्काए । श्रमजीवी किसानको मुक्तिको कामना गर्दा किसान नेता भीमदत्तले काटिनुपऱ्यो । यसरी मानवमुक्ति र स्वतन्त्रताको कामना गर्ने असङ्ख्य वीर सपुतहरूलाई संस्मरण गर्न सकिन्छ । यहाँले सग्लो र बलिरहेको मैनबत्तीलाई हेर्नुभएको छ ? ऊ जल्दै र बल्दै, तप ! तप ! आँसु बहाउँदै, स्वयम् आफू पग्लदै होचो र पुड्को भएर समाप्त हुन्छ तर उसको विशेषता के हो भने ऊ उज्यालो छर्दै आफ्नो अन्त्य गर्छ ।

संसारलाई शान्ति र सद्भावको सन्देश दिने बुद्ध रहेनन् । ईशु, इस्लाम र गान्धी रहेनन् । न मार्क्स, लेनिन र माओत्सेतुङ नै सदासदा जीवित हुनसके । अहिले केवल उनीहरूले संसारलाई दिएको महान् योगदान र उनीहरूका साश्वत विचारदर्शन मात्रै मानिसहरूको मनमस्तिष्कमा विराजमान छन् । तपाईं भन्नुहोला म पद र शक्तिले सम्पन्न छु, म वर्तमान हुँ तर तपाईंले यी शब्द एकपटक प्रकट गर्दा नगर्दै समयको गतिमा तपाईं एकपल सही, मृत्युको मुखमा धकेलिइसकेको पाउनुहुनेछ । हिजो हामी बालक नै थियौं, आज त्यो हामीबाट फुत्किसक्यो, जवानीका सुन्दरतम् दिनहरू थाहा नै नपाई व्यतीत भयो । अनुहारको त्यो सुन्दर चमकदमक खुइलिइसक्यो । यसरी हामी समयको नियममा बाँधिएर गुज्रिरहेका छौं । समय बलवान छ । काम असङ्ख्य छन् । जनताको मुक्तिका दिनहरू अझै धेरै पर देखिन्छ । के हाम्रो जीवन र हाम्रो सङ्कल्पका बीच तालमेल मिलेको छ ? गराइ र भनाइबीच किन यत्रो विषमता, सिद्धान्त र व्यवहारबीच किन यत्रो खाडल ?

आज एक्काइसौं सदीसम्म आइपुग्दा पनि मार्क्सका भावना र विचार-दर्शन किन अमर र साश्वत छन्, त्यसको एउटै कारण हो- समयको सही पहिचान । समयको सही सदुपयोग, समय र समाजको ठोस विश्लेषण, सिद्धान्त र व्यवहारका बीचको समयोचित तालमेल । स्वयम् आफैंले केही त्याग गर्ने र आफ्नो सङ्कल्प पूरा गर्न आफैं बलिदान हुने दृढ अठोट । जडता र पलायनको दलदलमा फसेका नेपालका दर्जनौं कम्युनिस्ट पार्टीहरू, बाइसे, चौबीसे रजौटाजस्तै भूरेटाकुरे नेताहरूकै बीचबाट जननेता मदन भण्डारीको अभ्युदय भएको थियो । समयको स्पन्दनलाई समात्न सफल हुनुभएकै कारण उहाँले हाम्रो पार्टीलाई यो उचाइमा पुऱ्याउन सफल हुनुभएको हो ।

कम्युनिस्ट पार्टीलाई लोकप्रिय र जनआधारित बनाउन जनताको बहुदलीय जनवादको निर्विवाद दृष्टिकोण, समयकै सबैभन्दा उन्नत विचार, आज सबैका सामु सत्य सावित हुनपुग्यो । ठीक यसैबेला रुससहित पूर्वी युरोपका मुलुकहरूमा कम्युनिस्ट पार्टी र तिनका सत्ता अलोकप्रिय र तानाशाही भएकै कारण जनताको घृणा र आक्रोशको सिकार भइरहेका थिए । १९१७ को महान्क्रान्ति र विश्वकै सर्वहारा श्रमजीवीहरूको आस्था र विश्वासको महान् धरोधर सोभियत सङ्घ काँचको घडाझैँ फुटेर ध्वस्त भएको थियो । लेनिनको सालिकलाई विश्वसाम्राज्यवादका एजेन्टहरूले क्रेन लगाएर ढालेका थिए । नेपालमै पनि ६० वर्ष पुगेपछि मारिन्छ, आमा, दिदी र बहिनी भन्दैनन्, मन्दिर-मस्जिद भत्काइन्छ, संस्कार र संस्कृतिलाई समाप्त पारिदिन्छन्, मान्छेले आर्जेको पुँजी लुट्छन् आदि आदि अनेक घृणित आरोप सामन्त तथा पुँजीपतिवर्गका दलालहरूले नलगाएका होइनन् । तर, समयको सङ्केत जसले बुझ्यो, उसले यी तमाम बाधा र व्यवधानलाई रौं बराबर ठानेन । समयको सुगन्ध सुँघ्न सक्ने क्षमता भएर नै यो कालखण्डमा हामीलाई जननेता मदन भण्डारी र उहाँले नेतृत्व गर्नुभएको कम्युनिस्ट पार्टीले जनताको बहुदलीय जनवादको हतियार दिएको हो । तर, ठीक यतिखेर हाम्रो वास्तविकता, हाम्रो सोचाइ, हाम्रो व्यवहार कतातिर चिप्लिँदैछ ? तपाईं अहिले घर बनाउने वा भर्ने फिक्री गरिरहनुभएको छ । सबैलाई थाहा छ, त्यो त्यति नराम्रो कुरा होइन । सन्तानलाई शिक्षादीक्षा दिने चिन्तामा जलिरहनुभएको छ । कहाँ पढाउने ? गाउँका विद्यालयमा कुनै स्तर नै छैन । राजधानीमै पनि आफूले सोचेझैँ उच्चशिक्षाका लागि प्राविधिक विद्या आर्जनका लागि अवस्था अनुकूल देख्नुहुन्न । अब फसाद छ ! पठाउनुपऱ्यो कि अमेरिका कि युरोप । केही नभए कानै मामा सही, जापान वा भारत ! एकातिर पार्टीको जिम्मेवार र अग्रज नेता पनि हुनुहुन्छ, आफूलाई कम्युनिस्ट पनि ठान्नुहुन्छ ।

देश, जनता, एमाले पार्टी, समावेशी लोकतन्त्र, राजतन्त्रको समाप्ति आदि आदि अनेक समयमा सुन्दर सङ्केतहरू प्राप्त भइरहेका छन् । हामीलाई भने चिची पनि चाहिएको छ, पापा पनि । अब कता सोच्ने ! हामीहरूको एउटा खुट्टा निजी स्वार्थ वा निजीत्व (चमडी र दमडी) को दलदलमा भासिँदैछ । घर नहुनेहरूलाई घर कसरी बनाउने भन्ने चिन्ता, गाडी नहुनेहरूलाई कसरी फलानाकै जस्तो सानो गाडी लिने हो भन्ने चिन्ता । अब नेता बनिसकियो । दिनहुँ गाडी कुदाउनुछ, पेट्रोल-डिजेल चाहियो । जोगी बन्न राजनीतिमा लागिएको होइन । राजधानी सहरमा भएन भने पनि हेटौंडा, विराटनगर सही, एउटा सुविधासम्पन्न घर चाहियो । कोट, सुटहरू, सारी, सल र सलवारहरू (पुँजीवादी फेसन, पुँजीवादी प्रतिस्पर्धा), अनेक थोक चाहिएको छ । आयआर्जन गर्ने तहमा हुनुहुन्न, कुनै खेतीपाती, ठकेदारी छैन, राजनीति गरिरहनुभएको छ । निश्चित आम्दानी कतै हुन्न । तपाईं भन्नुहुन्थ्यो, म जनताबाट सियो र सुतरीसमेत लिन्न तर जनताले प्रश्न गरिरहेका छन्, अब लिनचाहिँ के बाँकी छ ? कुन सुविधा र सहुलियत छुट्यो, आफूबाट के कुरा भोग्न बाँकी छ भन्ठान्नुहुन्छ ? लक्ष्य समाजवाद-साम्यवादको, चिन्तन मार्क्सवाद-लेनिनवादको- काशी जाँदै हुनुहुन्छ वा कुती ? ख्याल गरेका छौं हामीले । एउटा डुङ्गामा एउटा खुट्टो, अर्कोमा अर्को खुट्टो राखेर कसरी सागर तर्ने ? भोग र त्याग आफैंमा अन्तरविरोधी भावना हुन्, यसको न आदि छ न त अन्त्य नै । तब तृप्ति कहाँ छन् ? के यस्ता कुराको जोडघटाउ गर्नुभएको छ ? आफूले दिंदा, त्याग गर्दा र खुद आफैंले लिँदाबीचको हिसाब गडबड भयो भने- तर, बिर्सनै नहुने विषय हामीले त्याग र बलिदानको सङ्कल्प गरेका हौं । हामीले जनताको मुक्तिका खातिर यो जीवनको सदुपयोग गर्ने शपथ लिएका हौं । आजकल हामी भयाक्रान्त छौं । पार्टीको इज्जत बचाउने कसरी ? एमालेको साख गिर्न नदिने कसरी ? घर ठूलो भो, परिवार बढे । कसले कति काम गर्ने, लेखाजोखासमेत हरायो । सुत्ने सुतिरहेको छ, खाने खाइरहेको छ, गर्नेचाहिँ गरिरहेको छ, मर्ने मरिरहेको छ । कुन भोगी, कुन रोगी- छुट्याउन गाह्रो छ । छोरा भट्टीतिर गयो, छोरी डिस्कोतिर लागि । पैसावाला र ठेकेदारको काखमा राजनीति पसारिएको छ । हिजो बुर्जुवा डिग्री बहिष्कार भन्नेलाई आज नक्कली भने पनि सर्टिफिकेट चाहिएको छ, पार्टीको सीसीएम वा डीसीएम भएर पुग्दैन, एक साता सही मन्त्रीको पद चाहिएको छ । कस्तो रफुचक्कर हो यो, कसरी समाजवादी नैतिकता र साम्यवादी इमानदारी स्थापित गर्ने हो ? मानव स्वभाव हो, मानिस सुखकै खोजमा, सुविधाकै खोजमा छ तर वास्तविक सुख के हो त ?

सहिदहरू एक मिनेट मौनधारणमा बाँचिरहेका छन् । उनका सन्तान कुन चिसो छिँडी वा सडकपेटीमा रात काटिरहेका छन् । गाउँबस्तीहरू उही हुन्, अशिक्षा र गरिबी उस्तै विकराल छ । विधवा, टुहुरा र अपाङ्गहरूको पीडा किञ्चित कम भएको

देखिँदैन । कम्युनिस्ट पार्टीका संस्थापक कमरेड पुष्पलालले वनारसमै मट्टी बिसाउनु पर्‍यो । मदन भण्डारी र जीवराज आश्रित त्रिशूलीमा फ्याँकिनु भो । अनेक सहयोद्धा मित्रहरू हाम्रै सामु मारिए । हाम्रो जीवनको भोगाइ हो यो । अब भन्नुहोस्, हाम्रो मुक्ति कहाँ छ ?

यो पुँजीवाद कति भयप्रद र घृणास्पद छ, यसलाई यसरी गाली गर्न सक्दछौँ । तर, यससँग भएको ज्ञानविज्ञान, यससँग भएको ऐश्‍वर्य, यससँग भएको कला, यसले गरेका नवीनतम सिर्जनाहरू चमत्कारिक र महान् छन् । यी आफैँमा युगान्तकारी छन् । यससँग के कुरा छैन, सबथोक छ, ठूल्ठूला भव्य सहर र महल छन्, अनेक वेश्यालय र मदिरालय छन्, कोटकचहरी छन्, राज्य र सत्ताहरू छन्, अनेक आविष्कार र हतियार छन् । त्यति भएर पनि यो आफैँ शोषणको साम्राज्य हो, उत्पीडनको किल्ला हो, युद्धहरू र रक्तपातको स्रोत हो । समयका सामु यसभित्र नै यसको अन्त्य छ । यसको अवसान निश्‍चित छ । हरेक युगहरू आफैँ आफ्नो अवसान बोकेर आउने गर्दछन् । युगका अनेकन क्रम र उपक्रमहरू समयको बेगमा निर्माण र ध्वस्त हुने क्रममा छन् । हामी यहाँ पुँजीवादपछिको जनवाद-समाजवादको कुरा गरिरहेका छौँ । त्यसको नेतृत्व गर्ने साम्यवादी पार्टीको कुरा गरिरहेका छौँ । आफैँभित्र भएको भेदभाव र पक्षपातको कुरा उठाइरहेका छौँ । आफ्नै भोगाइ र अनुभवमा सिद्धान्त र व्यवहारबीचको खाडल कति गहिरो भयो भनेर तल इनारतर्फ हेरिरहेका छौँ । हामी भन्छौँ, 'सादा जीवन र कठोर सङ्घर्ष ।' के हो सादा जीवन भनेको ?

हाम्रा बसाइ, उठाइ, हाम्रो जीवनस्तर हेर्दा लाग्छ यो स्लोगन ! अहा कस्तो सादा जीवन ! बिलकुल बेकार लाग्छ । 'मै खाऊँ, मै लाऊँ' को होड नै छ । लाग्ला, उसको छैन अनि द्रोह गर्‍यो, सुखद्रोही, नेगेटिभ अचेतन आदि आदि । तर, जनसाधारण कहाँ छ ? ऊ केका लागि सूर्योदयदेखि सूर्यास्तसम्म कम्मरतोड मिहिनेतमा जोतिएको छ ? उसको चाहना के हो ? उसलाई कुन आवश्यकताले थिचेको छ ? उसका भावनाहरू केके होलान् ? मित्र सादा जीवन र कठोर सङ्घर्षको परिभाषा बुझ्नुभएको छ ? यो बुझ्नैपर्ने छ । हामी फेरि पनि समय सीमामा बाँधिएका छौँ । त्यही कारणले त मार्क्सवाद-लेनिनवादको रक्षा र सम्वर्द्धनको कुरा उठान गरिरहेका छौँ । क्रान्ति र युगान्तकारी परिवर्तनको कुरा उठाइरहेका छौँ । मानिसहरूलाई भनिरहेका छौँ, हामी साम्यवाद-समाजवाद चाहन्छौँ । हामी मानवतावादी अन्तराष्ट्रवाद चाहन्छौँ ।

यसरी हामी हाम्रो आदर्शको व्याख्या बखान गरिरहेका छौँ । तर, खतरा कहाँनेर छ त ? सिद्धान्त र व्यवहारबीचको फासला, भनाइ र गराइबीचको दूरी कति छ त ? इतिहासको अलिकति अध्ययन गर्दा के पाइन्छ भने कुनै पनि सङ्घसंस्था वा समूहमा खतरा बाहिर हुँदैन । खतरा आफैँभित्र हुन्छ । एमालेलाई समाप्त पार्न विरोधी तत्त्वहरू लागेका छन् । त्यो हिजो पनि थियो, आज पनि छ र भोलि पनि रहनेछ । तर पनि यो अघि बढिरहेकै छ । राष्ट्रव्यापी बृहत् सङ्गठन, जनतासँगको जीवन्त सम्बन्ध, शक्तिशाली पार्टी संयन्त्र, चिरपरिचित नेताहरू, जनताको बहुदलीय जनवादको मार्गदर्शन, अनेक सुन्दर प्रसङ्गहरू हामीमा समेटिएकै छन् । तर, जब हामी खतरा कहाँ छ भनेर विचार गर्न लाग्छौँ, खतरा बाहिर छैन, हामीभित्रै छ । भनिन्छ, भयले मानिस गुलाम बन्दछ । भयरहित भएर, मलाई केही होला कि भनेर विचार गर्ने हो भने अब गम्भीर हुने बेला भएको छ । यो समयकै सङ्केत हो र जीवनको अनुभव हो ।

नेकपा (एमाले) र उसले अवलम्बन गरेको सिद्धान्तलाई कसले समाप्त पार्न सक्छ ? कसैलाई लाग्न सक्छ कि यसलाई पुँजीवादी-साम्राज्यवादी तागतले ढाल्न सक्छ । यस्तो हुँदैन, कम्युनिस्ट पार्टी र यसको वैज्ञानिक दर्शनलाई पुँजीवादी साम्राज्यवादी विचार दर्शनले परास्त गर्नु असम्भवप्रायः छ । किनभने, यो विश्‍वकै सबैभन्दा आधुनिक र समुन्नत दर्शन हो । यो त प्रकाशलाई अन्धकारले मार्छ भनेजस्तै हो । अन्धकारले दीपलाई निभाउन सक्दैन, बरु दीपले अन्धकार समाप्त पारिदिन्छ । त्यसकारण समस्या हामीभित्रै छ, खतरा पार्टीभित्रै हुन्छ ।

सोभियत सङ्घ समाप्त हुनुमा जति दोष साम्राज्यवादीहरूको थियो, त्यसभन्दा कैयौँ गुणा दोष सोभियत कम्युनिस्ट पार्टीको थियो । सोभियत सङ्घको पतन हुनुमा मार्क्सवादी-लेनिनवादी दर्शनलाई नै दोष थोपर्ने पनि नभएका होइनन्, त्यो उनीहरूले लगाएको झूटो आक्षेप मात्रै हो । दोष त्यहाँका तथाकथित कम्युनिस्टमा थियो । नक्कली मार्क्सवादीहरूमा थियो । त्यसका पछिल्ला पिँढीका नेताहरू ख्रुस्चेभ, ब्रेजनेभ र गोर्भाचोभहरू इतिहासका सबैभन्दा अपराधी र दोषी थिए । ज-जसले साम्यवादी दर्शनको आवरणमा मुलुक र आमजनसमुदायमाथि क्रूर तानाशाही शासन पद्धति लागू गरे, सोभियत कम्युनिस्ट पार्टी र सोभियत सङ्घ ढल्नुमा तिनीहरू दोषी छन् । खतरा पार्टीभित्रै थियो, यसको मतलब बाहिरी खतरा छँदै थिएन भन्ने होइन तर गौण रूपमा मात्रै थियो ।

सारमा कम्युनिस्ट पार्टी ढल्ने र विसर्जन हुने खतरा तब पैदा हुन्छ, जब पार्टीकै आवरणमा विषयुक्त सर्पहरू पालिने र पोसिने अवस्था सिर्जना हुन्छ । जब पार्टीभित्रै समय र परिस्थितिको स्पन्दनलाई महसुस गर्न सकिँदैन, आफैँभित्र पैदा भएको पुँजीवादको मतिगतिको पहिचान हुँदैन, नोट नक्कली हो वा सक्कली हो छुट्याइँदैन, तब त्यहाँ अवश्य केही न केही दुर्घटना हुनेछ । त्यस कारण समय छँदै समयको माग र सही सङ्केतलाई आत्मसात गरौँ अन्यथा हाम्रो पार्टीमा खतरा त्यहीँ छ र स्वयम् हामीभित्रै छ र त्यसले ढिलो वा चाँडो हाम्रो नै सत्यानाश गर्नेछ । त्यसकारण संसारलाई केही दिने हो भने पहिला आफ्नो आत्मसमीक्षा स्वयम् आफैँले गर्न सक्नुपर्दछ ।

**– २०६३ माघ २७, सर्लाही, जनकपुर**

# साहित्यकार जनकप्रसाद हुमागाइँ

' अमर गिरी

जनपक्षीय साहित्यकार जनकप्रसाद हुमागाइँ अब हाम्रो माझमा हुनुहुन्न । गत माघ २८ गते उहाँले यस संसारलाई सदासदाका निम्ति छोड्नुभयो । अब हाम्रामाझ उहाँका कृति एवम् प्रगतिशील साहित्यको विकासका निम्ति संस्थागत रूपमा उहाँले पुऱ्याउनुभएका योगदानहरू छन् । जीवनभरि विभिन्न समस्या र कठिनाइहरूसँग सङ्घर्ष गर्दै साहित्यका क्षेत्रमा साधनारत रहनुभएका हुमागाइँको जन्म वि.सं. १९९४ असोज २८ गते बल्थली-३, काभ्रेपलाञ्चोकमा भएको थियो । वि.सं. २००८/०९ देखि लेख्न आरम्भ गर्नुभएका हुमागाइँले विभिन्न विधाका गरी दर्जनौँ पुस्तकहरू लेख्नुभएको छ ।

'किसानको गीत' (२०१६, खण्डकाव्य), 'थोरै नारा लाउनु छ अब' (२०१६, लघुकाव्य), 'नेपाल आमाको सत्यवचन' (२०१७, लघुकाव्य), 'पसिना' (२०१९, कवितासङ्ग्रह), 'दुःखी गरिबको रुवाइ' (२०२१, खण्डकाव्य), 'खोलो साँघु' (२०२५, लघुकाव्य), गोरे घर्तीको रुवाई (२०३२, खण्डकाव्य), 'नानी पढ्छ (२०६०, बालकविता) उहाँका काव्य विधामा प्रकाशित कृतिहरू हुन् । यसैगरी लेख-निबन्धतर्फ '००७ सालको परिवर्तन र हाम्रो भविष्य' (२०४२), 'एउटा इन्जिनियरको तालिमे भाषा र त्यसले उत्पन्न गरेको प्रभाव' (२०४९), 'नेपाली बालसाहित्य (२०५६), भाषा र भाषा (२०५८), 'शब्द ज्ञान' (२०६०), 'मानवता र मुक्तिका कवि गोकुल जोशी' (२०६२) जस्ता कृतिहरू प्रकाशित छन् ।

बालसाहित्यसम्बन्धी रचनाहरूको सिर्जनामा उहाँको महत्त्वपूर्ण योगदान रहेको छ । 'गोकुलकी आमा कसरी निको भइन् ? (२०३६), 'गुनिला पाँच बालकथा (२०४१), बा-आमाको माया' (२०४३), 'दिदीभाइको माया' (२०४७), 'चम्पा र मायालु काका' ( २०५०), 'मालतीको यात्रा वर्णन' (२०५१), भाइबहिनीको कथा (२०५३), टाटेपाङ्ग्रे' (२०५७, सहलेखन), 'लहरे पीपलको कथा' ( २०५९), 'अमूल्य उपहार' (२०५८ सहलेखन), 'गल्ती पत्ता लगाउने नाति (२०५९), 'असल मित्र' (२०६०), 'सगुन र सडक' ( २०६२), 'विकृत ढोका' (२०६३) आदि बालसाहित्यका क्षेत्रमा उहाँका प्रकाशित कृतिहरू हुन् । यसका अतिरिक्त एक दर्जनभन्दा बढी उहाँका कृतिहरू अप्रकाशित अवस्थामा रहेका छन् । साहित्यकार जनकप्रसाद हुमागाइँले साहित्यिक पत्रपत्रिकाको सम्पादनका क्षेत्रमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याउनुभएको छ । 'शृङ्खला' (मासिक), 'शृङ्खला' (त्रैमासिक), 'बालपोष', 'प्रलेस', 'संस्कृति', 'रारा', 'अरनिको', 'जुगल हिमाल', 'शिवस्मृति', 'कृति र स्मृतिमा देवीप्रसाद उप्रेती', 'रमला स्मृति पुस्तक' (बालक), 'हजुरबा-हजुरआमा' (बालपुस्तक), 'कृष्णराम श्रेष्ठ : एक बहुआयामिक व्यक्तित्व', 'बालसाहित्य', 'नेबासास' उहाँद्वारा सम्पादित पत्रपत्रिका एवम् पुस्तकहरू हुन् ।

साहित्यकार हुमागाइँ बहुआयामिक व्यक्तित्वका धनी हुनुहुन्थ्यो । उहाँले साहित्य सिर्जना तथा पत्रपत्रिका र पुस्तकहरूको सम्पादनका अतिरिक्त संस्थागत रूपमा साहित्यलगायत विविध क्षेत्रमा योगदान पुऱ्याउनुभएको छ । लङ्केश्वर पुस्तकालय, काभ्रे, वसन्त वाचनालय, बल्थली, काभ्रे, वसन्त वाचनालय, काठमाडौँ, गाउँसेवा क्लब, काभ्रे, राष्ट्रिय जनसांस्कृतिक मञ्च, राष्ट्रिय जनवादी सांस्कृतिक सङ्घ, रेडियो नेपाल, नेपाल टेलिभिजन, नेपाल बाल सङ्गठन, प्रगतिशील लेखक सङ्घ, काभ्रेली परिवार, युद्धप्रसाद मिश्र प्रकाशन तथा पुरस्कार गुठी, युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठान, नेपाल बालसाहित्य समाज, नेपाल पत्रकार सङ्घ, नेपाल राष्ट्रिय विद्यापीठ, चीन अध्ययन केन्द्र, कुलमान सिंह स्मृतिग्रन्थ प्रकाशन समिति, सुनकोशी साहित्य प्रतिष्ठान, हृदयचन्द्रसिंह स्मृति प्रतिष्ठान, साहित्य सदनजस्ता संस्थाहरूसँग विभिन्न रूपमा सम्बन्धित रही संस्थागत रूपमा सक्रिय भूमिका निर्वाह गर्नुभएको थियो ।

साहित्यका क्षेत्रमा पुऱ्याएको गहकिलो योगदानका कारण उहाँ विभिन्न पुरस्कारहरूद्वारा पुरस्कृत हुनुभएको पाइन्छ । विभिन्न सङ्घसंस्थाहरूले उहाँलाई विभिन्न सम्मानहरूद्वारा सम्मानित गरेका छन् । क्यान्सर रोगले थलिएकै बेला उहाँको साहित्यिक योगदानको उच्च मूल्याङ्कन गर्दै विभिन्न साहित्यिक सङ्घसंस्थाहरूले उहाँको सार्वजनिक अभिनन्दन गरेका थिए । साझा बालसाहित्य पुरस्कार, राष्ट्रिय प्रतिभा पुरस्कार, दानमाया प्रतिभा पुरस्कार, व्यथित, सिन्धु प्रतिभा पुरस्कार, सरस्वती सम्मान, बगर सम्मान, दीपशिखा सम्मान, राष्ट्रिय बालसाहित्य पुरस्कार, वरिष्ठ साहित्यकार सम्मान, कविताराम बालसाहित्य प्रवर्धन सम्मान, साहित्यकार सम्मान, जूनकीरी साहित्यिक सम्मान, बालहितकारी पुरस्कार आदि उहाँले प्राप्त गरेका पुरस्कार तथा सम्मानहरू हुन् ।

साहित्यकार हुमागाइँ सरल र सहज व्यक्तित्वका धनी हुनुहुन्थ्यो । सरल भाषामा सबैले बुझ्न सक्ने गरी रचना सिर्जना गर्नु उहाँको महत्त्वपूर्ण विशेषता थियो । उहाँले आफ्ना रचनाहरूमा शोषित-उत्पीडित जनताका मार्मिक चित्र प्रस्तुत गर्दै अधिकारको प्राप्ति र सुन्दर संसार निर्माणका निम्ति सङ्घर्ष गर्न आह्वान गर्नुभएको छ । धेरैको हितमा सघाउ पुग्ने साहित्यको

सिर्जना गर्नुपर्छ भन्ने उहाँको मान्यता थियो । यही मान्यता अनुरूप उहाँ जीवनभर साधनारत रहनुभयो । उहाँ खरो र नदब्ने स्वभावको हुनुहुन्थ्यो । लागेको कुरा कत्ति नचपाईकन भन्ने उहाँको स्वभाव थियो । उहाँ धेरैका निम्ति प्रेरणाका स्रोत हुनुहुन्थ्यो । सधैँ सामान्य परिधानमा रहने हुमागाइँ बालसाहित्य क्षेत्रका अविस्मरणीय व्यक्तित्व हुनुहुन्छ । बालबालिकामा सिर्जनात्मक एवम् वैज्ञानिक सोचाइको विकास गर्ने गरी उहाँले धेरै सुन्दर कृतिहरूको रचना गर्नुभएको छ । भाषा र अनुसन्धानका क्षेत्रमा पनि उहाँले उल्लेख्य योगदान पुऱ्याउनुभएको छ । प्रगतिशील साहित्यका क्षेत्रमा उहाँले पुऱ्याउनुभएको योगदानका निम्ति नेपाली समाज चिरकालसम्म उहाँको ऋणी रहनेछ । वास्तवमा हुमागाइँ आस्था, आदर्श र प्रतिबद्धताका साहित्यकार हुनुहुन्थ्यो । हामीले उहाँबाट सिक्नुपर्ने धेरै कुराहरू छन् । उहाँको योगदानको उचित सम्मान गर्दा र उहाँबाट प्रेरणा एवम् शिक्षाका रूपमा ग्रहण गर्नुपर्ने कुराहरू ग्रहण गर्दा नै उहाँप्रति साँचो सम्मान हुनेछ । ■

# राज्यको पुनःसंरचना सम्बन्धमा अत्यन्त उपयोगी पुस्तक

हाम्रो देश नेपाल अहिले सङ्क्रमणकालीन अवस्थाबाट अघि बढ्दैछ । यस्तो अवस्थामा मुलुकमा विभिन्न सवालमा अनेकौं बहस-विवाद हुनु, विभिन्न राजनीतिक शक्ति, सङ्घसंस्था, समुदाय र व्यक्तिहरूद्वारा विभिन्न विषयमा आ-आफ्ना मत, तर्क र दृष्टिकोणहरू प्रस्तुत गर्नु अत्यन्त स्वाभाविक छ । सङ्क्रमणको यो अवधिमा मुलुकको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक एवम् प्रशासनिकलगायत विभिन्न क्षेत्रको पुनःसंरचना कसरी गर्ने भन्ने सम्बन्धमा विभिन्न राजनीतिक पार्टी, सङ्घसंस्था र बुद्धिजीवी समुदायबाट विभिन्न तर्कहरू प्रस्तुत हुँदै आएका छन् ।

नेपालको दुई सय ३८ वर्षको इतिहासमा केन्द्रीकृत सामन्ती राजतन्त्रात्मक व्यवस्था नेपाली समाजको अग्रगतिको प्रमुख बाधकका रूपमा देखापर्दै आयो । ००७ सालदेखियता राजनीतिक क्षेत्रमा केही परिवर्तन र सुधार देखिएको भए पनि राज्य व्यवस्थाको सारमा आमूल परिवर्तन हुनसकेन । गत चैत-वैशाखको जनक्रान्तिको समयमा नेपाली जनताको मुलुकको आमूल परिवर्तनको लोकतान्त्रिक गणतन्त्रको विषयमाथि प्रमुख जोड दिएका थिए । अहिले आन्दोलनको स्वरूप फेरिएको भए पनि जनक्रान्तिको भावनालाई संस्थागत गर्ने र वर्तमान उपचरणको क्रान्तिको प्रक्रियालाई पूरा गर्ने क्रम जारी छ । लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि उक्त क्रान्तिको एउटा उपचरण पूरा हुनेछ । अहिले राज्यको पुनःसंरचनासम्बन्धी विषयमा छलफल गर्दा हामीले उक्त जनक्रान्तिको भावनामाथि प्रमुख ध्यान दिनु जरुरी छ । राज्यको पुनःसंरचनाको कुरा गर्दा कतिपय व्यक्तिहरूले यसलाई मूलतः भौगोलिक जातीय र प्रशासनिक विभाजनको विषयमा मात्र जोड दिने गरेको पाइन्छ । समाजमा रहेका विभिन्न पक्षले आ-आफ्नै स्वार्थ अनुरूप पनि राज्यको पुनःसंरचनाको विषयलाई उठाउँदै आएका छन् ।

नेपाली समाजमा अनेक किसिमका अन्तरविरोधहरू विद्यमान छन् । त्यस्तै जनताका सामु अनगिन्ती समस्याहरू छन् । ती अन्तरविरोध र समस्याहरूमध्ये अहिलेको सबैभन्दा प्रमुख अन्तरविरोध र मूल समस्या के हो ? त्यसको सही पहिचान गरेर मात्र अन्य धेरै समस्याको समाधान पहिल्याउन सकिन्छ । मूल समस्यालाई एकातिर पन्छाएर गौण विषयमा ध्यान केन्द्रित गर्ने हो भने त्यही मूल समस्याले निरन्तर अनेकौं जटिलताहरू उत्पन्न गर्छ र मुलुकको स्थिति जस्ताको तस्तै रहन्छ । त्यति मात्र होइन, मूल अन्तरविरोध हल गर्ने दिशातर्फ ध्यान नदिई गौण विषयमा अल्झिने हो भने मुलुक प्रतिगमनतर्फ फर्कन्छ । त्यसैले राज्यको पुनःसंरचनाको सवाललाई मुलुकमा विद्यमान विभिन्न अन्तरविरोधको अग्रगामी समाधान गर्ने महत्त्वपूर्ण विषयका रूपमा हेरिनुपर्छ ।

मुलुकमा विद्यमान, वर्गीय, जातीय, भाषिक, सांस्कृतिक, क्षेत्रीय र सामुदायिकलगायतका अन्तरविरोधमध्ये वर्गीय अन्तरविरोध प्रमुख हो भने वर्गीय अन्तरविरोधमा पनि सामन्त वर्ग र दलाल तथा नोकरशाही पुँजीपति वर्गसँग आमनेपाली जनताको अन्तरविरोध मूल अन्तरविरोध हो । राजनीतिक रूपमा भन्ने हो भने शाही राजतन्त्र र नेपाली जनताको अन्तरविरोध अहिलेको विशिष्ट पक्ष हो । त्यसपछि जातीय, सांस्कृतिक, भाषिक र क्षेत्रीय अन्तरविरोधहरू पनि त्यसैसँग जोडिएर आएका छन् । तसर्थ, मुलुकको राज्यको पुनःसंरचना गर्दा मूलतः वर्गीय समस्याको समाधान खोज्ने विषयमा ध्यान जानुका साथै राजाबिनाको प्रजातन्त्र स्थापना गर्नुपर्ने कुरामा प्रमुख जोड दिनुपर्छ । राज्यको पुनःसंरचनापछि पनि मुलुकमा राजतन्त्र कायमै रहने र त्यसको सामन्तवादी वर्ग आधार पनि सारभूत रूपमा यथावत् रहने हो भने त्यस किसिमको पुनःसंरचना अर्थहीन हुनेछ ।

वर्तमान नेपाली राजनीतिमा राज्यको पुनःसंरचनाका बारेमा ठूलो बहस चलेको छ र त्यससम्बन्धी दर्जनौं पुस्तक एवम् हजारौं लेख-रचनाहरू प्रकाशित भएका छन् । त्यसमा केही थोरैलाई छाडेर अधिकांशले आर्थिक पुनःसंरचनाको सवालमाथि

खासै ध्यान दिन नसकेको र यो मूल पक्षलाई ओझेलमा पार्ने गरी जातीय र क्षेत्रीय सवाललाई अतिरञ्जित तरिकाले उठाउने गरेको पाइन्छ । बुर्जुवा वर्गको पङ्क्तिबाट यस्तो कुरा आउनु स्वाभाविक भए पनि दुःखको कुरा कतिपय वामपन्थी समूह र व्यक्तिले समेत जातीय, भाषिक र क्षेत्रीय सवाललाई मूल मुद्दाका रूपमा उठाउने गरेको पाइन्छ । त्यसैले राज्य एकात्मक हुने कि सङ्घात्मक हुने भन्नुभन्दा पनि राज्य बहुसङ्ख्यक श्रमजीवी जनताको हातमा हुने कि मुट्ठीभरका सामन्त र प्रतिक्रियावादी शोषक वर्गको हातमा रहने ?

राज्यको पुनःसंरचना गर्दा ध्यान दिनुपर्ने यो नै सबभन्दा मुख्य विषय हो । अर्थात्, अहिलेसम्म राज्य मूलतः सामन्त वर्ग र दलाल तथा नोकरशाही पुँजीपति वर्गको हातमा रह्यो र त्यसले नै अनेकौँ समस्याहरू जन्मायो, त्यसैले अब मुलुकको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालगायतका राज्यका तमाम अङ्गहरूको पुनःसंरचना गर्दा मुलुकको अत्यधिक ठूलो सङ्ख्यामा रहेका जनताको हित एवम् मुलुकको उन्नति, प्रगति र समृद्धिलाई ध्यानमा राखेर गर्नुपर्छ ।

नेपाल दुई विशाल मुलुकको बीचमा अवस्थित सानो, गरिब र पछाडि परेको मुलुक हो । भारतको तीनतिरको खुला सिमानाले घेरिएको, नेपाली सिमानाका अनेकौँ ठाउँमा विभिन्न समयमा भारतीय अतिक्रमण हुँदै आएको र नेपाललाई आफ्नो नियन्त्रणमा चलाउने प्रभुत्ववादी चरित्र भारतीय शासन वर्गहरूमा रहँदै आएको परिप्रेक्ष्यलाई पनि ध्यानमा राखेर राज्यको पुनःसंरचनाबारे ध्यान पुऱ्याउनु आवश्यक छ । राज्यको पुनःसंरचना गर्दा नेपाली जनताबीचको एकतालाई अझ बढी सुदृढ राख्न कसरी सकिन्छ ? कसरी नेपाललाई एकीकृत, सशक्त र समृद्ध बनाउन सकिन्छ भन्ने कुरामा उत्तिकै ध्यान पुऱ्याउनु जरुरी छ । जबसम्म मुट्ठीभरका शोषक वर्गको शोषण र दमन कायमै रहन्छ, जबसम्म निश्चित जातिको हैकम कायमै रहन्छ, तबसम्म हामीले चाहेको एकता र समृद्धि सम्भव हुँदैन । त्यसैले उपर्युक्त तमाम कुराहरूका सन्दर्भमा नै राज्यको पुनःसंरचनाबारे निष्कर्षमा पुग्नुपर्छ ।

राज्यको पुनःसंरचना सम्बन्धमा बजारमा देखापरेका अनेकौँ पुस्तक र लेख-रचनाहरूमध्ये डा. पुष्पराज कँडेलद्वारा लिखित ‘राज्यको पुनःसंरचना अर्थराजनीतिक सन्दर्भ र सङ्घीयताको प्रश्न’ नामक किताब सबैभन्दा गहन र उपयोगी लाग्यो । डा. पुष्प कँडेलले यसभन्दा अघि पनि विभिन्न विषयमा करिब छ-सातवटा किताबहरू लेखिसक्नुभएको छ । उहाँ अर्थशास्त्रको ज्ञाता र ट्याक्स सिस्टमका बारेमा विद्यावारिधि गर्नुभएकाले अधिकांश रचनाहरू त्यससैँग सम्बन्धित भए पनि सङ्घीयताको सवालमा उहाँले तयार पार्नुभएको यो किताब पढ्दा उहाँको ज्ञानको दायरा निकै फराकिलो भएको कुरा प्रस्ट रूपमा देख्न सकिन्छ । किताब तयार पर्दा उहाँले निकै धेरै नेता, विद्वान् र लेखकहरूका रचनाको गहन अध्ययन गरी मनोगत रूपमा नभई तथ्य-तथ्याङ्कका आधारमा आफ्ना तर्कहरूलाई बेजोड रूपमा प्रस्तुत गर्नुभएको छ । किताब पढ्न थालेपछि छोड्नै मन नलाग्ने किसिमले विषयवस्तु प्रस्तुत गर्नु पनि उहाँको अर्को विशेषता देखियो ।

समग्रमा जम्मा तीन सय ३० पृष्ठ मोटो यो किताबमा १४ परिच्छेद, विभिन्न तालिका, सूची, बक्स सूची, चित्र सूची र विभिन्न अनुसूचीहरू राखिएका छन् । किताब तयार गर्दा कस्ता-कस्ता नेता, विद्वान् र लेखकका रचनाहरूलाई आधार मानिएको छ भन्नेबारे सन्दर्भ ग्रन्थहरूको लामो सूची पनि सामेल गरिएको छ । उक्त किताबमा लेखकले राज्यको पुनःसंरचना सम्बन्धमा अध्ययनको सन्दर्भ र आवश्यकता, यस सम्बन्धमा विभिन्न पार्टी, सङ्घसंस्था र व्यक्तिहरूका धारणाहरू, राज्य पुनःसंरचनाको अर्थ राजनीति र नेपालको आर्थिक स्थिति, यस सन्दर्भमा ध्यान दिनुपर्ने अर्थतन्त्रसम्बन्धी पक्षहरू, एकात्मक र सङ्घात्मक व्यवस्थाको सामान्य परिचय, सङ्घीय शासन व्यवस्थामा विभिन्न देशका अनुभवहरू, पुनःसंरचनासँग सम्बन्धित केही अन्य विषयहरू, विकेन्द्रीकरण र सङ्घात्मक संरचनासम्बन्धी केही पक्षहरू, राज्यको पुनःसंरचनाका सम्बन्धमा उठेका केही भ्रमहरूको खण्डन, राज्य पुनःसंरचना, सङ्घीय व्यवस्था र आर्थिक पक्षहरू, यससम्बन्धी राजनीतिक-सामाजिक पक्षहरू, सङ्घात्मक संरचनाको अनुपयुक्तता : केही निष्कर्षहरू, राज्य पुनःसंरचनाको भावी ढाँचाका साथै देश निर्माणको बाटो के हो ? भन्ने सन्दर्भमा सटीक तर्क र गहन विश्लेषण प्रस्तुत गर्नुभएको छ ।

लेखकका कतिपय धारणासँग सहमत हुन नसकिएला तर वर्तमान सन्दर्भमा राज्यको पुनःसंरचनासम्बन्धी एउटा महत्त्वपूर्ण प्राज्ञिक रचनाका रूपमा यसलाई लिनुपर्ने देखिन्छ । अहिले मुलुकमा सङ्घीयताका पक्षमा व्यापक लहर चलेका बेला लेखक, राज्यको पुनःसंरचना र मुलुकको क्रान्तिकारी परिवर्तनको दृढ पक्षपाती हुँदाहुँदै पनि सङ्घात्मक संरचनाका बारेमा भने उहाँ आलोचक देखिनुहुन्छ । मुलुक सङ्घीय राज्य हुने कि एकात्मक हुने भन्ने कुरामा वर्गीय दृष्टिकोणसँग बढी त्यो देशको ऐतिहासिक पृष्ठभूमि, भौगोलिक अवस्थिति, जातीय, धार्मिक, भाषिक, सांस्कृतिक एवम् क्षेत्रीय स्थितिका आधारमा निर्धारित गर्ने विषय हो । राज्यको पुनःसंरचना गर्ने विषयलाई सङ्घीय कि एकात्मक भन्ने सवालमा सीमित गर्नु गम्भीर भूल हो । त्यसभन्दा मूल कुरा त आर्थिक र राजनीतिक पुनःसंरचना हो । त्यसैसँग गाँसेर सङ्घात्मक कि एकात्मक भन्ने निष्कर्षमा पुग्नुपर्छ ।

हाम्रो पार्टी नेकपा (एमाले) ले लोकतान्त्रिक गणतन्त्रको राजनीतिक विचारसँग गाँसेर मुलुकलाई संस्थागत रूपले पुनःसंरचना गर्नुपर्ने ठहर गरेको छ । संसारमा सङ्घात्मक व्यवस्थाका पनि अनेकौँ रूपहरू छन् । त्यसमध्ये हामीले कसैको पनि नक्कल गरेर अघि बढ्न सकिँदैन । नेपालको ऐतिहासिकता र वर्तमान परिस्थितिको विशिष्टताका आधारमा नै बेग्लै किसिमको सङ्घीय ढाँचामा जान सकिन्छ । डा. पुष्प कँडेलले प्रस्तुत गर्नुभए अनुसार संसारका विभिन्न मुलुकका सङ्घात्मक र एकात्मक ढाँचाका आफ्नै सकारात्मक र नकारात्मक अनुभवहरू छन् । कति सङ्घात्मकताबाट क्रमशः

एकात्मक ढाँचामा फर्कँदै गरेका र कतै सङ्घात्मक ढाँचाबाट समस्याको समाधान भएका अनि कतै सङ्घात्मकताको कारणले मुलुक विखण्डन भएका उदाहरणहरू छन् ।

नेपाल एउटा बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र भौगोलिक विविधता भएको मुलुकमा मूलतः आर्थिक र राजनीतिक पुनःसंरचनामा जोड दिँदै मुलुकको आर्थिक सम्बन्ध एवम् जातीय, क्षेत्रीय स्थितिका आधारमा प्रादेशिक सङ्घहरूको स्थापना गर्न सकिन्छ । यस सम्बन्धमा लेखकद्वारा प्रस्तुत विभिन्न तथ्य, तर्क र उदाहरणहरूलाई महत्त्वपूर्ण सन्दर्भका रूपमा ग्रहण गर्न सकिन्छ । नेपाललाई सङ्घात्मक ढाँचामा परिणत गर्दा त्यसबाट आउनसक्ने नकारात्मक परिणामहरूका बारेमा सतर्कता अपनाउँदै मुलुकलाई एकीकृत, अविभाज्य र अखण्डित राज्यका रूपमा अघि बढाउनका लागि यो रचनाले ठूलो सघाउ पुऱ्याउन सक्छ । राज्यको पुनःसंरचनासम्बन्धी जिज्ञासु हरेक नेपालीले यो किताबलाई राम्रोसँग पढ्नुपर्ने आवश्यकता छ ।

**– युवराज ज्ञवाली**